दार्मा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

फारुलाचौर, सल्यान, कर्णाली प्रदेश, नेपाल

# आर्थिक सर्वेक्षण

## २०८०/८१

## अन्तिम प्रतिवेदन

# विषय सूची


खण्ड - १: कार्यकारी सारांश १
खण्ड - २: समग्र आर्थिक स्थिति ४
२.१ नेपालको आर्थिक स्थिति ४
खण्ड - ३: स्थानीय वित्त (गत आर्थिक वर्ष र चालु आ.व.को चैत मसान्तसम्मको विवरण) ६
३.१ स्थानीय आय ६
३.२ अन्तर सरकारी वित्तीय हस्तान्तरण ८
३.३ स्थानीय ऋणको अवस्था १०
३.४ स्थानीय खर्च १०
खण्ड - ४: आर्थिक विकास १२
४.१ चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा आर्थिक विकासका क्षेत्रमा भएको प्रगति १२
४.२ स्थानीय सडक निर्माणको अवस्था १४
४.३ सिँचाईको अवस्था १८
४.४ वित्तीय श्वेत्र (बैंक तथा वित्तीय संस्थाहरू) १९
४.५ लघु घरेलु साना उद्योगको संख्या (प्राइवेट फर्म) २०
४.६ औद्योगिक ग्राम २०
४.७ सीप विकास सम्बन्धी विवरण २०
४.८ श्रम तथा रोजगारी सम्बन्धी विवरण : २१
४.९ व्यवसाय दर्ता विवरण २६
४.१० वाणिज्य र बजार अनुगमन २६
४.११ बजार केन्द्रहरू तथा मूख्य वस्ती क्षेत्रहरु २६
४.१२ पर्यटन सम्बन्धी २७
४.१३ ऊर्जा र विद्युतीकरण २९
४.१४ उत्पादनमूलक सहकारी ३१
४.१५ व्यापार सम्बन्धी ३२
४.१६ आर्थिक क्षेत्रका चुनौतीहरू ३२
खण्ड - ५: सामाजिक विकास (गत आ.व. २०७९/८० र चालु आ.व. २०८०/८१ को चैत मसान्तसम्मको विवरण) ३४
५.१ चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा सामाजिक विकासका क्षेत्रमा भएको प्रगति ३४
५.२ स्वास्थ्य ३५
५.३ खानेपानी र सरसफाई ४६
५.४ युवा तथा खेलकुद ५०
५.५ महिला, बालबालिका र जेष्ठ नागरिक ५१
५.६ व्यक्तिगत घटनादर्ता ५८
५.७ राष्ट्रिय परिचयपत्र ६०
५.८ सामाजिक सुरक्षा ६०
५.९ बालमैत्री स्थानीय शासन ६१
५.१० टोल विकास संस्था सम्बन्धी विवरण ६२
५.११ शिक्षा ६२
खण्ड - ६: पूर्वाधार विकास ६८
६.१ चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा स्थानीय पूर्वाधारमा भएको प्रगति ६८
६.२ पूर्वाधार विकास ६९

**खण्ड - ७: वातावरण तथा विपद् व्यवस्थापन** ७२

७.१ चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा वातावरण तथा जलवायु क्षेत्रमा भएको प्रगति ७२

७.२ वातावरणमैत्री स्थानीय शासन ७२

७.३ विपद् व्यवस्थापन ७८

७.४ हरियाली संरक्षण ८०

७.५ वातावरण संरक्षण ८१

७.६ अग्नि नियन्त्रण ८३

**खण्ड - ८: सुशासन तथा संस्थागत विकास** ८५

८.१ चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा भएको प्रगति ८५

८.२ चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा भएको प्रगति ८७

८.३ वडा कार्यालय ८८

८.४ गाउँपालिकाका पदाधिकारी र कर्मचारीको विवरण ८८

८.५ गाउँपालिकाको संस्थागत स्वमूल्याङ्कन ९२

८.६ वित्तीय सुशासन ९३

८.७ सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, जाँचपास तथा फरफारक ९५

८.८ न्यायिक समिति ९६

८.९ संस्था दर्ता तथा सूचीकरण ९७

८.१० स्थानीय ऐन तथा कानूनहरूको विवरण ९७

**खण्ड - ९: अनुसूचीहरू** ९८

अनुसूची - १: गाउँपालिकाको आन्तरिक आय र खर्च विवरण ९८

अनुसूची - २: गाउँपालिकाको वित्तीय हस्तान्तरण विवरण ९९

अनुसूची - ३: व्यक्तिगत घटना दर्ताको विवरण विवरण १००

अनुसूची - ४: कर्मचारी तलब सेवा सुविधा खर्च विवरण १०३

अनुसूची - ५: जनप्रतिनिधि सेवा सुविधा खर्च विवरण १०३

# खण्ड - १: कार्यकारी सारांश

विशेष गरी कोरोना महामारी पश्चात विश्व अर्थतन्त्रमा आएको शिथिलता क्रमश कम हुँदै गैरहेको छ। नेपालको आर्थिक सर्वेक्षण २०८०/८१ बमोजिम सन् २०२२ को मध्यबाट अधिकांश राष्ट्रहरुको मुद्रास्फीति कम हुँदै गएपछि विश्व आर्थिक क्रियाकलापमा क्रमश विस्तार र सुधार हुँदै गएको हो। सन् २०२४ मा अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण अनुसार विश्व अर्थतन्त्र ३.२ प्रतिशतले विस्तार हुने उल्लेख छ जुन २०२३ को बराबर नै हो।

विश्व अर्थतन्त्रमा आएको सुधार जस्तै नेपालको राष्ट्रिय अर्थतन्त्रमा समेत केहि सुधार हुने अनुमान आर्थिक सर्वेक्षण २०८०/८१ ले गरेको छ। जस अनुसार गत आर्थिक वर्षमा १.९५ प्रतिशतमा सिमित भएको आर्थिक वृद्धि चालु आर्थिक वर्षमा ३.८७ पुग्ने अनुमान गरिएको छ। यसरी वृद्धि हुने अनुमान हिउँदेबाली र नगदेबाली तथा पशुपन्छीजन्य उत्पादनमा भएको आर्थिक वृद्धिको फलस्वरुप कृषि उत्पादनमा हुने वृद्धि साथै गैर कृषि क्षेत्रमा उत्पादनमुलक उद्योग र निर्माण बाहेक अन्य क्षेत्रमा हुने वृद्धिका आधारमा गरिएको छ। चालु आर्थिक वर्षको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको २४.०९ प्रतिशत उद्योग क्षेत्रको १३.० प्रतिशत र सबैभन्दा बढी सेवा क्षेत्रको ६२.९ प्रतिशत योगदान रहने अनुमान रहेको छ जुन गत आर्थिक वर्षमा क्रमश २३.९२ प्रतिशत, १३.६० प्रतिशत र ६२.४८ प्रतिशत रहेको थियो। हाल कृषि क्षेत्रमा संलग्न घरपरिवार ६२.० प्रतिशत रहेका छन्।

नेपालको कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लामा अवस्थित दार्मा गाउँपालिका साबिकका ढाकाडाम, भल्चौर र दर्माकोट गाउँ विकास समितिलाई समेटेर दार्मा गाउँपालिका स्थापना भएको हो। यसरी समायोजन गरी बनाइएको यस गाउँपालिकामा ६ वटा वडाहरु रहेका छन्। गाउँपालिका समुन्द्र सतह देखि १०९७ मिटर देखी २४८७ मिटर सम्मको उचाईमा रहेको छ भने भौगोलिक रुपमा २८°३०' देखि २८°५०' उत्तरी अक्षांश र ८२°३३' देखि ८२°५५' पूर्वी देशान्तरमा फैलिएको छ। गाउँपालिकामा रहेको कुल जनसंख्यामध्ये आर्थिकरूपले सक्रिय पुरुषको जनसंख्या ५,५४७ र महिलाको जनसंख्या ६,१६२ जना गरी जम्मा ११,७०९ रहेका छन्। उर्वर कृषि भूमिले पूर्ण यस गाउँपालिकामा अर्थतन्त्रको मूल स्तम्भको रुपमा कृषि रहेको छ।

गाउँपालिकाको आ.व ०७९/८० को कूल प्रस्तावित बजेट रु. ५०,४९,६२,६०० मध्ये ४१,३३,६७,४२३ अर्थात ८१.८६ प्रतिशत रकम खर्च भएको मध्ये चालुतर्फ २६,४४,९१,५१९ अर्थात प्रस्तावित रकमको ९१.५३ प्रतिशत र पुँजीगततर्फ १४,८८,७५,९०४ अर्थात प्रस्तावित रकमको ६८.९२ प्रतिशत खर्च भएको छ। त्यसैगरी चालु आ.व. २०८०/८१ को चैत्र मसान्तसम्म कूल प्रस्तावित बजेट ४४,६७,४५,३५८ को ३५.३१ प्रतिशत अर्थात १५,७७,४६,६६४ रकम मध्ये चालुतर्फ १३,०७,६१,६१८.३३ अर्थात ४५.९९ प्रतिशत र पुँजीगत तर्फ २,६९,८५,०४६ अर्थात १६.६१ प्रतिशत रकम खर्च भएको छ।

त्यसैगरी गाउँपालिकाको आन्तरिक आयतर्फ आ.व. २०७९/०८० प्रस्तावित रकमको ४८.४१ प्रतिशत अर्थात कूल वास्तविक रु. २७,६६,३५४ र आ.व. २०८०/८१ को चैत्र मसान्तसम्म प्रस्तावित रकमको २३.०६ प्रतिशत अर्थात कूल वास्तविक रु. ४८,९४,८१९.७० रकम उठेको छ।

अर्कोतर्फ वित्तीय हस्तान्तरण तर्फ आ.व. २०७९/०८० मा संघबाट कूल प्रस्तावित रु. ३२,६४,३२,००० मध्ये ९२.५६ प्रतिशत अर्थात रु. ३०,२१,६०,९२३ र प्रदेशबाट कूल प्रस्तावित रु. ४,४६,८१,००० मध्ये ७२.४७ प्रतिशत अर्थात रु. ३,२३,७९,७५९ प्राप्त भएकोमा सो रकम घटेर चालु आ.व. २०८०/८१ को चैत्र

मसान्तसम्म संघबाट कूल प्रस्तावित रु. ३०,०२,१५,००० मध्ये ६४.८३ प्रतिशत अर्थात रु. १९,४६,४०,५०० र प्रदेशबाट कूल प्रस्तावित रु. ४,४२,०४,००० मध्ये १८.९१ प्रतिशत अर्थात रु. ८३,५८,००० प्राप्त भएको छ । यसरी वित्तीय हस्तान्तरण अन्तर्गतको रकम बढोत्तरी हुनुको साटो खुम्चदै गैरहेकाले स्थानीय अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ ।

आर्थिक क्षेत्रको सुधार गर्ने हेतुले, गाउँपालिकाले आ. व २०७९/०८० मा विभिन्न कार्यक्रमहरु अगाडी सारेको थियो जसमध्ये कृषि तथा पशु विकास क्षेत्रमा प्रतिफलमा आधारित प्रोत्साहन प्रदान गरिएको छ । कृषकलाई कृषि औजार, बीउबिजन र मल वितरणमा अनुदान दिने नितीलाई निरन्तरता दिएको छ भने गाई भैंसीमा देश भरीमा फैलिएको महामारीजन्य लम्पी स्कीन रोगको पालिका भित्रका २५५८ गोरु, ४४ गाई, २३ बाच्छा/बाच्छी र ११ भैंसी गरी जम्मा संक्रमित २६३६ पशुहरूको उपचार गरिएको छ । २०३ पशुहरुमा माइनर सर्जिकल उपचार/बन्ध्याकरण सेवा प्रदान गरिएकाले मासु उत्पादनमा वृद्धि भएको छ भने भैंसीपालक कृषक समुहहरुमा दुध उत्पादन सम्बन्धी तथा बाख्रा पालन कृषक समुहहरुमा मासु उत्पादन सम्बन्धी प्राविधिक तालिम सम्पन्न भएको छ ।

सामाजिक क्षेत्र तर्फ आ.व २०७९/८० को अन्त्य सम्ममा गाउँपालिकाले प्रविधिमा आधारित शैक्षिक संस्था स्वचालन प्रणाली विकासका साथै आवधिक परिक्षा संचालन र शैक्षिक सामग्री छपाई तथा वितरण गरिएको छ । त्यसैगरी Room To Read सँग साझेदारी कार्यक्रम संचालन गरिएको छ भने सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन गरिएको छ । यसका साथै आर्थिक रुपमा विपन्न नागरिकलाई विपन्न नागरिक उपचार कोष मार्फत निशुल्क स्वास्थ्य सेवा प्रदान गरिएको छ । गाउँपालिकामा रहेका ४ वटा स्वास्थ्य संस्थामा प्रत्येक महिनाको २२, २४, २६ र २८ गते गर्भवती महिलाहरुको नियमित निशुल्क अल्ट्रासाउण्ड गर्ने व्यवस्था भएको छ । गाउँपालिकामा मौलिक कला संस्कृतिको संरक्षण र सम्बर्द्धन गरिने तथा सिंगारु, पैसरी र मयुर जस्ता पुराना र लोप हुन लागेका नाचहरुको प्रवर्द्धन गरिने नीति अङ्गिकार गरिएको छ ।

भौतिक पूर्वाधार तर्फ गाउँपालिकाले विद्युत लाईन विस्तार, १५ शैया हस्पिटल निर्माण, बाघखोर भ्यारिबाङ्ग फारुला सडक निमार्ण लगायतका कार्यक्रम सम्पन्न भएको छ । यसका साथै सिमाखोली गोठिवन भूर्तिबाङ लिगाचौर प्रसुति गृह सडक विस्तारको कार्य भएको छ भने दार्माखोला र मासुगारखोलाको वातावरणीय अध्ययन प्रतिवेदनको डि.पि.आर तयार भएको छ । ६५ किलोमिटर ए.टि लाईन विस्तार, ११५ किलोमिटर एल.टि. लाईन विस्तार तथा ७ वटा बैकल्पिक उर्जा कार्यक्रम जडान भएका छन् । भवन निर्माण तर्फ दार्मा गाउँपालिका प्रशासनिक भवन निर्माण अन्तिम चरणमा पुगेको छ भने विद्यालय ट्रष्ट भवन ७ वटा, आरसिसि भवन ३४ वटा, क्याम्पस भवन ३ वटा, विद्यालय भवन मर्मत १०५ वटा, १८ वटा आवास सुविधा सहितको शौचालय, प्रशासकीय भवन ३ वटा, वडा कार्यालय भवन ५ वटा र गाउँघर क्लिनिक भवन १ वटा तथा अन्य सामुदायिक भवन निर्माण कार्य सम्पन्न भएको छ ।

गाउँपालिकामा आ. व २०७९/८० को अवधीमा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत मानिका ढुंगा सिँचाई कुलो निर्माण, चैतेखोला सोता खेत भातमारे सिँचाई कुलो निर्माण योजना, राँगा जुधाउने चौर सिँचाई कुलो निर्माण, त्रिवेणी सल्लेरी चौर सिँचाई कुलो निर्माण र रुपस्याथान सिँचाई कुलो निर्माणका कार्य अगाडी बढाईएको छ । एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ पालिकामा वन जंगलको उचित संरक्षण र सम्बर्द्धन गर्ने गरी विकास निर्माणको काम गर्दा हरीत विकासको नीति अवलम्बन गरीएको छ । विपद्को समयमा मानिसको जीवनलाई पहिलो प्राथमिकता राखी उद्धार तथा राहतको कार्यक्रम कार्यान्वयन गरिने नीति लिईएको छ ।

सेवा प्रवाह तथा सुशासन तर्फ गाउँपालिकाले कार्यालय हेल्प डेक्स, वडापत्र, गुनासो सुनुवाई, सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत सुशासन प्रवर्द्धन गर्दै **समृद्ध दार्मा निर्माणमा टेवाःमुस्कान सहितको सेवा** कार्यक्रम संचालन गरिएको छ ।

सेवा प्रवाहलाई चुस्त र दुरुस्त तुल्याउनका लागि आवश्यक दस्तावेजहरु जस्तैः आवधिक योजना, मध्यमकालिन खर्च संरचना, कर्मचारी संगठन तथा व्यवस्थापन सर्वेक्षण, प्रथम पञ्चवर्षीय योजना, स्वास्थ्य तथा सरसफाई नीति २०७६, दार्मा गाउँपालिका जस्ता दस्तावेजहरु तयार गर्नुका साथै स्थानीय कानूनको रुपमा ५२ वटा कार्यविधि, १७ वटा ऐन, ५ वटा निर्देशिका, ४ वटा मापदण्ड, २ वटा नीति, २ वटा विधेयक, १ वटा नियमावली, १ वटा कार्ययोजना र १ वटा आचारसंहिता तयार गरी जारी गरेको छ ।

परम्परागत रुपमा नेपाली अर्थतन्त्रले भोगेका मुख्य चुनौतीहरु जस्तैः सार्वजनिक खर्च व्यवस्थापन कुशलता अभिवृद्धि गरी विनियोजन कुशलता कायम गर्नु, चालु खर्चलाई बाञ्छित सिमामा राखी पूँजीगत खर्च वृद्धि गर्दै लैजाने, तोकिएका सूचक, लक्ष्य र मापदण्डलाई मध्यनजर गरी सार्वजनिक खर्च व्यवस्थापन गर्नु, आन्तरिक आयका श्रोतहरुलाई वृद्धि गर्नु, आर्थिक प्रशासन प्रणालीलाई वैज्ञानिक र चुस्त तुल्याउनु, अनुदान तथा सहायता रकमलाई यथासक्य कम र व्यवहारिक तुल्याउनु, सार्वजनिक खरिद प्रणालीलाई वैज्ञानिक र व्यवस्थित गर्दै बढ्दो रकमान्तरलाई न्युनिकरण गर्ने जस्ता चुनौतीहरु यस गाउँपालिकामा समेत विद्यमान रहेकाले माथि उल्लेखित चालु र पूँजीगत खर्चका प्रवृतिहरुमा पूँजीगत परिस्थितिजन्य अवस्था रहेको छ ।

संघीय, प्रादेशिक तथा स्थानीय अर्थतन्त्रलाई चलायमान र सबल तुल्याउन नेपाल सरकारले तीन खम्बे अर्थनीति लागू गरेको परिप्रेक्ष्यमा यस गाउँपालिकाको समग्र अर्थतन्त्रको विकासमा नीजि क्षेत्र र सहकारी क्षेत्रको योगदानको महत्वपूर्ण भूमिका रहने गर्छ । यद्यपी यस गाउँपालिकाको नीजि क्षेत्रको हिस्सा हाल सानो आकारको रहेको छ । विशेष गरी नीजि क्षेत्रले पर्यटन तथा सेवा क्षेत्र लगायत उद्योग तथा वाणिज्यको क्षेत्रमा योगदान गरिरहेको छ भने भविष्यमा यि क्षेत्रहरुमा नीजि क्षेत्रको भूमिका बढ्दै जाने निश्चित रहेकाले स्थानीय अर्थतन्त्रको सुदृढिकरणमा नीजि क्षेत्रलाई समेट्नु आवश्यक छ । त्यसैगरी विविध चुनौती र अनियमितताका दृष्टान्तहरु भएतापनि सहकारी क्षेत्रले स्थानीय अर्थतन्त्रमा पार्ने प्रभाव समेत सकारात्मक र महत्वपूर्ण रहेको छ । हाल यस गाउँपालिकामा क्रियाशिल सहकारी मार्फत ग्रामिण अर्थतन्त्रको सवलीकरणसँगै विपन्न र साना उद्यमीहरुलाई व्यवसाय सञ्चालन गर्न पूँजी, प्रविधि र सिप हस्तान्तरणमा उल्लेख्य योगदान पुगिरहेको छ ।

# खण्ड - २: समग्र आर्थिक स्थिति

## २.१ नेपालको आर्थिक स्थिति

नेपाल राष्ट्र बैंक, केन्द्रीय तथ्याङ्क विभागका प्रकाशन र नेपाल सरकारको आर्थिक सर्वेक्षणको आधारमा राष्ट्रिय अर्थतन्त्रको चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षको तथ्याङ्कलाई आधार मानी देहायका पक्षमा विवरणहरू समावेश गरि यो खण्ड तयार गरिएको छ ।

### (क) आर्थिक वृद्धि

आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार गत आर्थिक वर्षमा १.९५ प्रतिशतमा सिमित भएको नेपालको आर्थिक वृद्धि चालु आर्थिक वर्षमा ३.८७ पुग्ने अनुमान गरिएको छ। उत्पादनमुलक उद्योग र निर्माण क्षेत्रमा संकुचन भएतापनि विशेषगरी कृषि र सेवा क्षेत्रमा भएको विस्तारको कारण समग्र अर्थतन्त्र सकारात्मक दिशातर्फ जाने अनुमान गरिएको छ । साथै अन्तर्राष्ट्रिय बजारमा उच्च रहेको इन्धनको मूल्य क्रमश घट्दै जानु र विश्व आपूर्ति श्रृंखलामा रुस र युक्रेन यद्धका कारण आएको शिथिलता क्रमश सुधार हुँदै गएकाले चालु आर्थिक वर्षमा उपभोक्ता मुद्रास्फिती लक्षित सिमाभित्र रही मूल्य स्थायित्व कायम हुँदा आर्थिक वृद्धिदर अपेक्षित सिमामा प्राप्त हुने अनुमान गरिएको छ ।

### (ख) उपभोग

आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार कूल गार्हस्थ कूल उपभोगको प्रतिशत विगतका वर्षहरुमा जस्तै उच्च अर्थात ९१.२ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षमा यो अंक ९२.४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा ६.५ प्रतिशतले वृद्धि भएको कूल उपभोग चालु आ.व. मा ६.४ प्रतिशतले बढ्ने अनुमान छ । कूल उपभोगमा सरकारी क्षेत्रको हिस्सा घट्दै गैरहेको छ। गत आर्थिक वर्षमा सरकारी क्षेत्रको ६.६ प्रतिशत हुँदा नीजि क्षेत्रको ८४.१ प्रतिशत रहेको थियो । कूल नीजि उपभोगमा खाद्य वस्तुको उपभोग उच्च अर्थात गत आ.व. मा ४८.४ प्रतिशत रहेको थियो त्यसपछि गैर खाद्य क्षेत्र र सेवा रहेका छन् ।

### (ग) लगानी

विशेषगरी महामारी लगायतका कारणले पूँजीगत खर्च र कर्जा लगानीमा आएको कमीले कूल लगानीमा त्यसको प्रत्यक्ष प्रभाव परी न्यून भैरहेको छ। आर्थिक वर्ष २०७६/०७७ मा उच्च दरले घटेको कूल लगानी त्यस पछाडीका वर्षहरुमा क्रमश सुधार हुँदै गएतापनि गत आर्थिक वर्षमा पुन: घटेको छ । यद्यपी चालु आर्थिक वर्षमा लगानीको वातावरणमा आएको सकारात्मक वातावरणका कारण २.८ प्रतिशतले वृद्धि भई रु. १७ खर्ब ४१ अर्ब ४८ करोड पुग्ने अनुमान छ । पछिल्लो दशकमा यस प्रकारको लगानी कुल गार्हस्थ उत्पादनको औषत ३४.३ प्रतिशत रहेको थियो ।

### (घ) प्रतिव्यक्ति आय

गत आर्थिक वर्ष प्रति व्यक्ति कूल गार्हस्थ उत्पादन (प्रचलित मूल्यमा) रु. १ लाख ८१ हजार ५ सय ६९ रहेकोमा चालु आर्थिक वर्ष रु. १ लाख ९१ हजार ८ सय ८८ पुग्ने अनुमान छ। चालु आर्थिक वर्षमा कूल ग्रार्हस्थ उत्पादन ५.७ प्रतिशतले बढ्ने अनुमान छ। गत आ.व. मा प्रतिव्यक्ति राष्ट्रिय आय १४०५ अमेरिकी डलर रहेकोमा चालु आ.व. मा बढेर १४५६ अमेरिकी डलर पुग्ने अनुमान छ।

### (ङ) सार्वजनिक वित्त

गत आर्थिक वर्षमा संकुचनमा रहेको राजश्व परिचालन चालु आ.व. मा सुधारोन्मुख रहेको छ। वस्तु पैठारीमा लगाएको बन्देज फुकुवासँगै यो सुधारतर्फ उन्मुख भएको हो। पछिल्ला वर्ष कूल सार्वजनिक ऋणमा आन्तरिक ऋणको हिस्सा क्रमश बढ्दै गैरहेको छ। प्रदेश र स्थानीय तहको आन्तरिक स्रोत परिचालन प्रभावकारी हुन नसक्दा केन्द्रिय सरकार माथिको निर्भरतामा कमी आएको छैन्। तीन तहमा कार्यान्वयन हुने आयोजनाको दोहोरोपन हटाउन आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० कार्यान्वयनमा आएको छ। भूक्तानी प्रणाली विद्युतीय माध्यमबाट गर्ने विधि लागू गरी सार्वजनिक वित्त व्यवस्थापनलाई सबल, सुदृढ र प्रविधिमैत्री बनाउँदै लगिएको छ।

# खण्ड - ३: स्थानीय वित्त (गत आर्थिक वर्ष र चालु आ.व.को चैत मसान्तसम्मको विवरण)

## ३.१ स्थानीय आय

दार्मा गाउँपालिकाको चालु आ.व. को चैत्र मसान्त सम्मको स्थानीय आयको यथार्थ अवस्था हेर्दा अनुमान गरिएभन्दा कम हासिल भएको देखिन्छ। आ.व. २०७९/०८० मा प्राप्त गरिएको स्थानीय आय कुल रु. २७ लाख ६६ हजार ३ सय ५४ रहेकोमा यस चालु आ.व. २०८०/०८१ को चैत्र मसान्त सम्ममा कुल रु. ४८ लाख ९४ हजार ८ सय १९ प्राप्त भएको छ। यस सम्बन्धी विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

### ३.१.१ चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षको आन्तरिक आय :

| क्र.सं. | गत आ.व. २०७९/०८० को आय रकम रू. | चालु आ.व. २०८०/८१ चैत मसान्सम्मको आय रकम रू. |
|---|---|---|
| १. | प्रस्तावित : ५७,१३,६०० | प्रस्तावित : २,१२,२३,१५८.०० |
| २. | वास्तविक :२७,६६,३५४ | वास्तविक : ४८,९४,८१९.७० |
| | ४८.४२ प्रतिशत | २३.०६ प्रतिशत |

***स्रोत:** आर्थिक प्रशासन शाखा, २०८१*




### ३.१.२ गत आ.व. र चालु आ.व.को चैत मसान्तसम्मको आय विवरण :

| सि.नं. | आय शीर्षक | आ.व. २०७९/८० (हजारमा) | आ.व. २०८०/८१ चैतसम्म (हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १. | एकीकृत सम्पत्ती कर | ४९८५० | २९९०० | |
| २. | भुमिकर/मालपोत आय | २३५९०७ | २२०६९७ | |
| ३. | बहाल कर | २६२०७९.२० | २९३६६ | |
| ४. | बहाल विटौरी कर | ० | ० | |

| सि.नं. | आय शीर्षक | आ.व. २०७९/८० (हजारमा) | आ.व. २०८०/८१ चैतसम्म (हजारमा) | कैफियत |
|---|---|---|---|---|
| ५. | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १०००० | ० | |
| ६. | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रीबाट प्राप्त हुने आय | ० | ० | |
| ७. | न्यायिक दस्तूर | ३६५०० | ११२०० | |
| ८. | शिक्षा क्षेत्रको आम्दानी | १२००० | ५८००० | |
| ९. | अन्य प्रशासनिक सेवा शुल्क | ६९००८५ | १०६२५० | |
| १०. | नक्सापास दस्तुर | १०५४३ | | |
| ११. | सिफारिश दस्तूर | १०१२५१० | ५४४०४९ | |
| १२. | व्यक्तिगत घटना दर्ता दस्तुर | १९२१०० | ७५५०० | |
| १३. | व्यावसाय रजिष्ट्रेशन दस्तूर | ५८६०० | ११९५५० | |
| १४. | धरौटी सदरस्याहा | १०२५ | १४५००० | |
| १५. | व्यवसाय कर | | ३९०० | |
| १६. | मनोरञ्जन कर | | १०० | |
| १७. | अन्य राजस्व | १९५१५५ | २९१८५० | |
| १८. | बेरुजु | ० | ० | |

***स्रोत:*** *आर्थिक प्रशासन शाखा, २०८१*



## ३.२ अन्तर सरकारी वित्तीय हस्तान्तरण

### ३.२.१ चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षको वित्तीय हस्तान्तरण

| वित्तीय हस्तान्तरणको किसिम | गत आ.व. २०७९/०८० को वित्तीय हस्तान्तरण रकम रू. (हजारमा) | | | | चालु आ.व. २०८०/८१ चैत मसान्तसम्मको वित्तीय हस्तान्तरण रकम रू. (हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | संघ | | प्रदेश | | संघ | | प्रदेश | |
| | प्रस्तावित | वास्तविक | प्रस्तावित | वास्तविक | प्रस्तावित | वास्तविक | प्रस्तावित | वास्तविक |
| **क) अनुदानहरू** | | | | | | | | |
| वित्तीय समानीकरण अनुदान | ९४८००००० | ८७६९०००० | ९२३१००० | ९२३१००० | ८४२००००० | ६३१५०००० | ९२३१००० | ४६१५५०० |
| शसर्त अनुदान (चालु) | १६४३८२००० | १६३६८७५०० | १९४५०००० | १३४५२६४९ | १५८८२९००० | ११६५६५००० | ४९७३००० | ४००००० |
| शसर्त अनुदान (पुँजिगत) | ११५०००० | २११५०००० | - | - | ४२१८६००० | १४९२५५०० | ११०००००० | ० |
| समपूरक अनुदान (चालु) | - | - | १०००००००० | ५८१४०४८ | - | - | - | - |
| समपूरक अनुदान (पुँजिगत) | २०००००००० | ११६७६३१० | - | - | ५०००००० | ० | १५०००००० | १५४२५०० |
| विशेष अनुदान (चालु) | - | - | ६०००००० | ३८८२०६२ | - | - | ४०००००० | १८००००० |
| विशेष अनुदान (पुँजिगत) | २६०००००० | १७९५७११३ | - | - | १०००००००० | ० | - | - |
| **जम्मा** | ६७१५०००० | ५०७८३४२३ | १६०००००० | ९६९६११० | ५७१८६००० | १४९२५५०० | ३०००००००० | ३३४२५०० |
| **ख) राजस्व बाँडफाँड** | | | | | | | | |
| मू.अ.क. बाँडफाँड | ८१०८६००० | | | | ७९४५३२०० | २३०१०१७५.६९ | | |
| अन्तःशुल्क बाँडफाँड | | | | | | | | |
| घरजग्गा रजिष्ट्रेशन | १४००००० | | | | ९५०००० | १४५२०० | | |
| सवारी साधन कर | ३५०००० | | | | ५००००० | ८७७६६१ | | |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रीबाट प्राप्त हुने आय | ३००००० | | | | २००००० | ० | | |
| **जम्मा** | | | | | | | | |

*स्रोत : आर्थिक प्रशासन शाखा, २०८१*













नेपाल सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण अर्न्तगत समानीकरण अनुदान, शसर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान शीर्षकमा हासिल हुने गरेको छ। गत आ.व. २०७९/८० मा दार्मा गाउँपालिकामा प्रदेश र संघबाट वित्तीय समानीकरण, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान गरी कुल रु. ३३ करोड ४५ लाख ४० हजार ६ सय ८२ हस्तान्तरण भएको थियो । त्यसैगरी चालु आ.व. २०८०/८१ को चैत मसान्तसम्ममा प्रस्तावित गरिएको कुल वित्तिय हस्तान्तरणमध्ये रु. २० करोड २९ लाख ९८ हजार ५ सय मात्र हस्तान्तरण गरिएको देखिन्छ ।

## ३.३ स्थानीय ऋणको अवस्था

नेपालको संविधानको भाग ११, स्थानीय आर्थिक कार्यप्रणाली अन्तर्गत धारा २२८ र २२९ को व्यवस्था, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ र १५ मा क्रमशः स्थानीय सरकारले आन्तरिक ऋण लिन सक्ने र नेपाल सरकारले ऋण दिन सक्ने व्यवस्था रहेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ मा गाउँपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही गाउँसभाबाट स्वीकृत गराई उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यको लागि आन्तरिक ऋण लिन सकिने व्यवस्था गरेको छ ।

हालसम्म दार्मा गाउँपालिकाले आन्तरिक ऋण लिएको अवस्था छैन् । आन्तरिक ऋण सावाँ र ब्याज सहित फिर्ता गर्नुपर्ने दायित्वको रकम हो । ऋण लिन सक्ने कानूनी व्यवस्था, वास्तविक आवश्यकता, स्रोतको चाप, असल अभ्यासहरू आदिको सतर्कतापूर्वक अध्ययन तथा विश्लेषण गरी आन्तरिक ऋण लिनु उपयुक्त हुन्छ ।

## ३.४ स्थानीय खर्च

### ३.४.१ चालु तथा पूँजीगत खर्च :

| क्र.सं. | गत आ.व. २०७९/०८० को खर्च रकम रू. | चालु आ.व. २०८०/८१ चैत मसान्तसम्मको खर्च रकम रू. |
|---|---|---|
| | **क) चालु खर्च** | |
| १. | प्रस्तावित : २८८९५६९९४ | प्रस्तावित : २८,४२,९५,५९८ |
| २. | वास्तविकः २६४४९१५१९ | वास्तविकः १३,०७,६१,६१८.३३ |
| | **९१.५३ प्रतिशत** | **४५.९९ प्रतिशत** |
| | **ख) पूँजीगत खर्च** | |
| १. | प्रस्तावित : २१६००५६०६ | प्रस्तावित : १६,२४,४९,७६० |
| २. | वास्तविक : १४८८७५९०४ | वास्तविक : २,६९,८५,०४६ |
| | ६८.९२ प्रतिशत | १६.६१ प्रतिशत |
| | **कुल प्रस्तावित : ५०४९६२६००** | **कुल प्रस्तावित : ४४६७४५३५८** |
| | **कुल वास्तविक : ४१३३६७४२३** | **कुल वास्तविक : १५७७४६६६४.३३** |
| | **८१.८६ प्रतिशत** | **३५.३१ प्रतिशत** |






गाउँपालिकाले चालु खर्च अन्तर्गत गत आ.व. २०७९/०८० मा रु. ५० करोड ४९ लाख ६२ हजार ६ सय अनुमान गरिएकोमा ८१.८६ प्रतिशत अथवा रु. ४१ करोड ३३ लाख ६७ हजार ४ सय २३ मात्र खर्च भएको थियो । चालु आ.व. मा खर्च हुने अनुमान गरिएको कुल रकम रु. ४४ करोड ६७ लाख ४५ हजार ३ सय ५८ मध्ये चालु आ.व. को चैत्र मसान्त सम्ममा रु. १५ करोड ७७ लाख ४६ हजार ६ सय ६४ अथवा ३५.३१ प्रतिशत खर्च भएको देखिन्छ। चालु खर्च शिर्षकको गत आ.व. र चालु आ.व. को विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### ३.४.२ स्थानीय खर्चका चुनौतीहरू

स्थानीय तह आधारभूत सेवा र विकास व्यवस्थापनको आधार केन्द्रको रूपमा रहेको हुन्छ। यसले जनताको घरदैलोमा प्रभावकारी सेवा प्रवाह र विकास पुऱ्याई जनताको हक अधिकारको सम्मान र सम्बोधन गर्दछ भने जनविश्वासलाई प्रवर्द्धन गर्दछ। जनताका आवश्यकता, राजश्व स्रोतका सीमितता, विनियोजन कुशलता, कार्यान्वयन दक्षता, अनुगमन तथा मूल्याङ्कन प्रभाकारिता जस्ता विषयहरू स्थानीय तहको स्रोतसाधन परिचालनका सन्दर्भमा महत्वपूर्ण हुने गर्दछन् ।

सार्वजनिक स्रोत नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभाकारीता र औचित्यताका आधारलाई पुष्टी हुने गरी खर्च हुनुपर्दछ। यसै सन्दर्भमा यस गाउँपालिकामा देखिने गरेका खर्चका चुनौतीहरू निम्न रहेका छन्:-

- ✓ नेपालको दीर्घकालीन सोच, दीगो विकास लक्ष्यको मार्गचित्र र संघ, प्रदेश र गाउँपालिकाका आवधिक योजना, क्षेत्रगत योजनाहरूका लक्ष्य हासिल हुने गरी सार्वजनिक खर्च व्यवस्थापन गर्नु,
- ✓ जनताको माग, आवश्यकता बमोजिम सार्वजनिक खर्चलाई कुशलतापूर्वक व्यवस्थापन गर्नु,
- ✓ वस्तुगत आधारमा सीमित स्रोत साधनको विनियोजन कुशलता र खर्च गर्ने दक्षता अभिवृद्धि गर्नु,
- ✓ चालु खर्चलाई वाञ्छित सीमामा राखी पूँजीगत खर्चमा अभिवृद्धि गर्नु,
- ✓ तोकिएका मापदण्ड र सूचकहरू प्राप्त हुने गरी खर्च गर्नु,
- ✓ पूँजीगत खर्चभित्र वास्तविक पूँजी निर्माण हुने अवस्था सिर्जना गर्नु,
- ✓ विभिन्न दल, व्यक्ति, संघ संस्थाको इन्धन, अनुदान, सहायताका लागि हुने दबाव व्यवस्थापन गर्नु,
- ✓ ठेक्का पट्टा व्यवस्थापनलाई प्रभावकारी बनाई समयमै काम सम्पन्न गर्नु,
- ✓ बढ्दो रकमान्तरको अवस्थालाई न्यूनीकरण गर्नु आदि ।

# खण्ड - ४: आर्थिक विकास

अर्थतन्त्रका समग्र क्षेत्रमा भएको गुणात्मक दिगो परिवर्तन नै आर्थिक विकास हो । उपलब्ध स्रोत साधन र अवसरको समुचित उपयोग र न्यायोचित वितरण मार्फत आर्थिक वृद्धि उच्च दिगो, समावेशी र रोजगारमूलक बनाउन सके आर्थिक विकास सम्भव हुन्छ । गाउँपालिकामा आर्थिक विकासका लागि प्रत्येक वर्ष विभिन्न नीतिहरु लिई बजेट विनियोजन गरेको हुन्छ ।

## ४.१ चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा आर्थिक विकासका क्षेत्रमा भएको प्रगति

### ४.१.१ आ.व. २०७९/८० को प्रगति विवरण

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन रू. | खर्च रकम रू. | खर्च प्रतिशत | मौज्दात |
|---|---|---|---|---|---|
| | **आर्थिक विकास** | ४,९८,३४,०००.०० | ३,६५,९७,८६१.०० | ७३.४४ | १,३२,३६,१३९.०० |
| १. | कृषि | ८१,३४,५१०.०० | ६२,५८,८६६.०० | ७६.९४ | १८,७५,६४४.०० |
| २. | उद्योग | ५२,५०,०००.०० | २९,२८,५५३.०० | ५५.७८ | २३,२१,४४७.०० |
| ३. | पर्यटन | ०.०० | ०.०० | ० | ०.०० |
| ४. | सहकारी | ८,०८,४९०.०० | ७,९१,०००.०० | ९७.८४ | १७,४९०.०० |
| ५. | जलश्रोत तथा सिँचाई | ३,१७,३१,०००.०० | २,३७,१०,९०७.०० | ७४.७२ | ८०,२०,०९३.०० |
| ६. | पशुपन्छी विकास | ३९,१०,०००.०० | २९,०८,५३५.०० | ७४.३९ | १०,०१,४६५.०० |

**स्रोत:** *आर्थिक प्रशासन शाखा, २०८१*



### ४.१.२आ.व. २०८०/८१ को चैत मसान्तसम्म

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन रू. | खर्च रकम रू. | खर्च प्रतिशत | मौज्दात |
|---|---|---|---|---|---|
| | **आर्थिक विकास** | **२,१२,४३,२८६.००** | **६१,६८,७७२.३०** | **२९.०४** | **१,५०,७४,५१३.७०** |
| १ | कृषि | ७७,२०,०००.०० | १४,८५,४२१.०० | १९.२३ | ६२,३४,५७९.०० |
| २ | उद्योग | १८,००,०००.०० | ५,२०,९८८.३० | २८.९४ | १२,७९,०११.७० |
| ३ | पर्यटन | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| ४ | सहकारी | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| ५ | जलस्रोत तथा सिंचाई | ६६,७७,०००.०० | ३०,४२,६८९.०० | ४५.५७ | ३६,३४,३११.०० |
| ६ | पशुपन्छी विकास | २७,००,०००.०० | ११,१९,६७४.०० | ४१.४७ | १५,८०,३२६.०० |
| ७ | भूमि व्यवस्था | ३,४६,२८६.०० | ०.०० | ० | ३,४६,२८६.०० |

***स्रोत :*** *आर्थिक प्रशासन शाखा, २०८१*




**तालिका नं. १ :** उत्पादन पकेट क्षेत्रको विवरण

| क्र.स. | स्थान | उत्पादनको नाम |
|---|---|---|
| १. | दार्मा १, ५ र ६ | दुग्ध पकेट |
| २. | दार्मा ५ जलेखर्क वछेला, लिरेडाँडा, भालुखोला | आलु पकेट |
| ३. | दार्मा-१ काफलगैरा र दार्मा-५, वादने | अदुवा/बेसार |

### ४.२ स्थानीय सडक निर्माणको अवस्था

गाउँपालिकामा रहेका सडकहरुको विस्तृत विवरण तलको तालिकामा समावेश गरिएको छ ।

सडकहरु सम्बन्धी विवरण

| वडा | सडकको विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | कालोपत्रे/पक्की (मि) | | ग्राभेल(कि.मि) | | कच्ची(कि.मि) | |
| | २०७९।८० | २०८०।८१ | २०७९।८० | २०८०।८१ | २०७९।८० | २०८०।८१ |
| १ | - | - | -- | - | १५ | २० |
| २ | - | - | - | - | ५ | १० |
| ३ | ८० | १५० | - | - | ८ | १२ |
| ४ | - | - | ४ | - | ७ | १४ |
| ५ | - | - | - | - | २० | १५ |
| ६ | - | - | - | - | ९ | १६ |
| **जम्मा** | ८० | १५० | ४ | | ६४ | ८७ |

*स्रोतः पूर्वाधार विकास शाखा, २०८१*

| सडकको विवरण | सडकको लम्बाई | एकाई |
|---|---|---|
| कालोपत्रे/पक्की | २३० | मि. |
| ग्राभेल | ४ | कि.मि. |
| कच्ची | १५१ | कि.मि. |

सडक तथा यातायातको क्षेत्रमा अन्तर-सरकार साझेदारी र सहकार्य रहेको छ। गाउँपालिकाको सबै वडामा यातायातको पहुँच पुग्ने गरी बाह्मासे सडक निर्माणको अवस्था सन्तोषजनक छ । पालिका क्षेत्रभित्र कालोपत्रे/पक्की सडक निर्माण भइरहेका छन् । संघीय राजधानी काठमाडौं, प्रदेश राजधानी सुर्खेत र अन्य जिल्ला, मित्रराष्ट्र भारत र जिल्ला भित्रका अन्य गाउँ/गाउँपालिका सम्मका लागि यातायात सुविधा भने राम्रो रहेको छ। गाउँपालिकाको केन्द्र फारुलाचौर सम्म सहज रुपमा सवारी साधन चल्ने गरी सडकको स्तरोन्नति भएको छ भने बाङ्गेलाखुरी फारुलाचौर खण्डको दार्मा खोलामा मोटरेवल पुल निर्माण भई संचालनमा आएको छ। ६ वटै वडाका वडाकेन्द्र देखि पालिका केन्द्र जोड्ने सडकहरु स्तरोन्नति भएका छन् भने गाउँपालिकामा प्रायजसो बाक्लो बस्तीहरुलाई कृषि सडकले जोड्न सफल भएको छ ।

गाउँपालिकामा रहेको सडक आयोजनाको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :-

| क्र.सं. | सडक आयोजनाको नाम | आयोजना स्थल | वडा नं. | लाभान्वित घरधुरी | आयोजनाको अवस्था |
|---|---|---|---|---|---|
| १. | फारुला दार्माकोट स्याउलागाउँ नुवाकोट रुकुम सडक | दार्मा १ | १ | ८०० | निर्माणाधिन |

| क्र.सं. | सडक आयोजनाको नाम | आयोजना स्थल | वडा नं. | लाभान्वित घरधुरी | आयोजनाको अवस्था |
|---|---|---|---|---|---|
| २. | सिलिङगी दार्माकोट विष्टगाउँ काफलगैरा चौरवाटा सडक | | १ | | निर्माणाधिन |
| ३. | भुवनटाकुरी ओजावाङ दाकीवारा गोडवाङ पैयाडाडा भदालेखोला सडक | | १ | | निर्माणाधिन |
| ४. | दैटाकुटा, कारागाउँ किमुयकुटा मोविल्क्षे पोखरा गहते बाध्ने खोला सडक | | १ | | निर्माणाधिन |
| ५. | कारगाउँ, दाकीवारा, गोड्वाङ साम्याखोला सडक | | १ | | निर्माणाधिन |
| ६. | खारा, वोरपोले, साज्याखोला कृषि सडक | | १ | | निर्माणाधिन |
| ७. | लपाटा विष्टगाउँ लाइटीवोट सडक | | १ | | निर्माणाधिन |
| ८. | खारा मेलटामुरी सडक | | १ | | निर्माणाधिन |
| ९. | सिलिङ्गी भातमारे | दार्मा २ | १ | १५० दुवैतिर | नयाँ |
| १०. | गोरापानी स्यालाखेत | दार्मा १ | १ | ३५ | |
| ११. | वाङ्गेलाखुरी फारुला सिलिङ्गे ३० कि.मी. | दार्मा गा.पा. | २ | ५०० | निर्माणाधिन |
| १२. | फारुला मौलखोली नुवाकोट २० कि.मी. | दार्मा गा.पा. | २ | ६०० | निर्माणाधिन |
| १३. | सिलिङ्गी मैदान १० कि.मी. | | २ | ४०० | नयाँ |
| १४. | झुल्नेटा ढाकाडाम फारुला तिमीलगाडा ३५ कि.मी. | | २ | ६०० | निर्माणाधिन |
| १५. | कारागौर, किमुटाकुरा काफलगौरा बाध्ने १० कि.मी. | | २ | ३०० | नयाँ |
| १६. | भुवनटाकुरी रावागाउँ साक्चाखोला १५ कि.मी. | | २ | २०० | नयाँ |
| १७. | साङ्टा, पाजाखोला, काफलगौरा १० कि.मी. | दार्मा २ | २ | १५० | निर्माणाधिन |
| १८. | फारुला चैतेखोला सिलिङ्गी १० कि.मी. | दार्मा २ | २ | १०० | |
| १९. | वचखोला चैतेखोला ५ कि.मी. | दार्मा २ | २ | १०० | नयाँ |
| २०. | मौलिखोला सिमलपुर भ्यारीङ डल्सिङ ७ कि.मी. | दार्मा २ | २ | १५० | नयाँ |
| २१. | भाटमारे भुरुङ्गखोला ७ कि.मी. | दार्मा २ | २ | १०० | नयाँ |
| २२. | मौतरिवाली घुसखोला ५ कि.मी. | दार्मा २ | २ | १०० | नयाँ |
| २३. | ठानागाउँ विसाउन सिउदसी ७ कि.मी. | दार्मा २ | २ | १०० | नयाँ |
| २४. | साङटा, पाजाकोट दार्माकोट १५ कि.मी. | दार्मा २ | २ | २०० | नयाँ |

| क्र.सं. | सडक आयोजनाको नाम | आयोजना स्थल | वडा नं. | लाभान्वित घरधुरी | आयोजनाको अवस्था |
|---|---|---|---|---|---|
| २५. | भवुनटाकुरी ओजावाङ वोहोरागाउँ १० कि.मी. | दार्मा २ | २ | ६०० | नयाँ |
| २६. | भुवनटाकुरी विसाउन छाप मौलखोला १० कि.मी. | दार्मा २ | २ | १५० | नयाँ |
| २७. | मौलीहलि देखि फारुला ११ कि.मी. | | ३ | | निर्माणाधिन |
| २८. | गा.पा. केन्द्रबाट फारुला, मौलेखाली दार्माकोट, नुवाकोट ११ कि.मी. | | ३ | | निर्माणाधिन |
| २९. | फारुला वुढाकाफल तिमिलकोडा ८ कि.मी. | | ३ | | निर्माणाधिन |
| ३०. | फारुला लेखागाउँ, चम्फुटाकुरा मालिका ४ कि.मी. पर्यटकिय क्षेत्र | | ३ | | निर्माणाधिन |
| ३१. | फारुला लेखागाउँ, कुमाख ७ कि.मी. | | ३ | | निर्माणाधिन |
| ३२. | फारुला सिलिङ्गी ५ कि.मी. | | ३ | | |
| ३३. | फारुला वुढाकाफल भुरुङ खोला ८ कि.मी. | | ३ | | |
| ३४. | फारुला मलिबाङ बाङ्गलामुखी १४ कि.मी. | | ३ | | |
| ३५. | फारुला मलेअम्रै मैनेरी डौरीखोला सिलिङ्गी | | ३ | | |
| ३६. | फारुला झयारीवाङ ८ कि.मी. झुल्नेटा १३ कि.मी. | | ३ | | |
| ३७. | फारुला दुवाङ बाग्खोर (नयाँ ट्र्याक ५ कि.मी.) | | ३ | | |
| ३८. | मौलीहलि मालिका धुलखर्क १० कि.मी. | | ३ | २०० | निर्माणाधिन |
| ३९. | मौलाहाले फारुलाचौर सडक खण्ड १४ कि.मी. | मौलाहाले फारुलाचौर | ४ | | निर्माणाधिन |
| ४०. | फारुला बाँगलाखुरी सडक खण्ड १४ कि.मी. | फारुला वाङगे | ४ | | निर्माणाधिन |
| ४१. | फारुला लामाडाँडा वाग्चौर सडक खण्ड २१ कि.मी. | फारुला वाग्चौर | ४ | | |
| ४२. | मौलाहाले पदेरीखोला फारुला सडक खण्ड ९ कि.मी. | मौलाहाले पेदरीखोला फारुला | ४ | | |
| ४३. | मौलाहाले चम्पुटाकुरा नेटा सडक खण्ड सुर्खेत राजमार्ग | मौलाहाले नेटा | ४ | | |
| ४४. | ढुलागैरा खागल गलाँव रातामाटा वडा कार्यालय सडक खण्ड ९ कि.मी. | रातामाटा खागल | ४ | | |
| ४५. | लाखुरी डाँडा गलाँव डाँडागाउँ भातमरी सडक खण्ड ३० कि.मी. | लाखुरी डाँडा देखि भातमारे | ४ | | नयाँ + पुरानो |

| क्र.सं. | सडक आयोजनाको नाम | आयोजना स्थल | वडा नं. | लाभान्वित घरधुरी | आयोजनाको अवस्था |
|---|---|---|---|---|---|
| ४६. | पुरवाव जोडीपिपल वडा कार्यालय -कच्ची) | | ४ | | |
| ४७. | बाघखोर नकालगाउँ रातामाटा सडक खण्ड ६ कि.मी. | | ४ | | |
| ४८. | पाचकिल्ला मसिना बिचगाउँ भल्चौर गलाँव रातामाटा सडक खण्ड | | ४ | | |
| ४९. | कमलपोखरी सौरखाली पेदीखोला सडक खण्ड | | ४ | | |
| ५०. | मसिना भलचौर सडक खण्ड (कच्ची) | | ४ | | |
| ५१. | बाघखोर ढाकाडामकोट साँक्ट फारुलाचौर सडक (मुलबाटो) | फारुलादेखि बाघखोर | ५ | | निर्माणाधिन |
| ५२. | गोढीवन त्रिवेणी लयँटा विष्टगाउँ सडक | गोढीवन देखि विष्टगाउँ | ५ | | निर्माणाधिन |
| ५३. | तिनपोखरे अँधेरीखोला लयँटा साङ्ट सडक | तिनपोखरे देखि साङ्ट सम्म | ५ | | निर्माणाधिन |
| ५४. | निगालपानी देखि बाघखोर सडक | निगालपानी देखि बाघखोरसम्म | ५ | | |
| ५५. | जलेखर्क बछेला ढाकाडामकोट अधेरीखोला बाद्ने सडक | जलेखर्कदेखि बाद्नेसम्म | ५ | | |
| ५६. | बाद्नेदेखि विष्टगाउँ सडक | बाद्नेदेखि विष्टगाउँ | ५ | | |
| ५७. | उम्पाढुङ्गा देखि लम्पाखा, त्रिवेणी सडक | उम्पाढुङ्गा देखि त्रिवेणीसम्म | ५ | | |
| ५८. | जलेखर्क काउलावोट त्रिवेणी सडक | जलेखर्क देखि त्रिवेणीसम्म | ५ | | |
| ५९. | जलेखर्क भालुमारे भालुखोला भैयराधान सम्म सडक | जलेखर्कदेखि भैयराधान | ५ | | नयाँ |
| ६०. | छेरना, उतिसेनी रातामाटा सडक | छेरनादेखि रातामाटा सम्म | ५ | | निर्माणाधिन |
| ६१. | सिमखोली, अखारे गोठिवन, भूर्तिवाङ्ग फारुला सडक | सिमखोली देखि फारुला | | | पुरानो निर्माणाधिन |
| ६२. | वाङ्गे, चिप्ले किमुटाकुरा ज्यामिरेचौर, फारुला | | | | पुरानो निर्माणाधिन |
| ६३. | बाघखोर, किमुटाकुरा बडाचौर | बाघखोर बडाचौर किमुटाकुरा | | | पुरानो निर्माणाधिन |
| ६४. | अरबारे, जलेखर्क मोटर बाटो | | | | पुरानो निर्माणाधिन |

| क्र.सं. | सडक आयोजनाको नाम | आयोजना स्थल | वडा नं. | लाभान्वित घरधुरी | आयोजनाको अवस्था |
|---|---|---|---|---|---|
| ६५. | बाघखोर, मलिक्चा, ज्यामिरेचौर सडक बाटो | | | | पुरानो निर्माणाधिन |
| ६६. | गोठिबन, सचेतना बडाचौर, मोटरबाटो | | | | पुरानो निर्माणाधिन |

## ४.३ सिँचाईको अवस्था

जमिन खेतीयोग्य भएर मात्र हुँदैन त्यसमा सिँचाईको सुविधा अनिवार्य पुगेको हुनुपर्दछ। खेतीयोग्य जमिनमा खेतीपाती गरी पूर्ण सदुपयोग गर्न त्यसमा सिँचाईको सुविधा पुऱ्याउनु अनिवार्य हुन्छ । तसर्थ स्थानीय तहहरूले आफ्नो क्षेत्रमा रहेको खेतीयोग्य जमिनको यथार्थ विवरण तयार पारी त्यसमध्ये सिँचाई पुगेको र नपुगेको जमिनको समेत सही तथ्याङ्क अध्यावधिक गर्नुपर्दछ। यसपश्चात् सिँचाई नपुगेको जमिनमा एक वा अर्को प्रकारले सिँचाई पुऱ्याउन प्राथमिकता केन्द्रीत गर्नु आवश्यक हुन्छ। यस गाउँपालिकामा ६,०७७ हेक्टर क्षेत्रमा कृषि गरिएको छ जुन कूल क्षेत्रफलको ४८.५ प्रतिशत भूभाग हुन आउँछ। गाउँपालिकाको झण्डै ६० प्रतिशत जनसंख्या कृषिमै आश्रित रहेको छ। गाउँपालिकामा आर्थिक वृद्धि, विस्तार र समृद्धि हासिल गर्न सिँचाई क्षेत्रको भूमिका अहम् रहेको छ। यद्यपि गाउँपालिकामा आवश्यकता अनुसार पर्याप्त मात्रामा वर्षैभरि उपलब्ध हुने सिँचाई सुविधाको भने कमी रहेको छ। कुल कृषि भूमिको करिब ११ प्रतिशत क्षेत्रफलमा मात्र वर्षैभरि सिँचाई सुविधा रहेको अनुमान छ। हालसम्म गाउँपालिकामा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन साना ठूला गरी १७० सिँचाई आयोजना निर्माणहरु भई संचालनमा आएका छन् भने २४ वटा फोहोरा सिँचाई, १७ वटा पाईप सिँचाई, ५ वटा कच्ची तथा १३२ वटा पक्की सिँचाई कुलो निर्माण भएका छन्। यस गाउँपालिकामा सिँचाईतर्फका आयोजनाहरूको विवरण तलको तालिकाहरूमा प्रस्तुत गरिएको छ।

**तालिका नं. २ :** गाउँपालिकामा रहेका सिँचाई आयोजनाको विवरण

| क्र.सं. | सिँचाई आयोजनाको नाम | लाभान्वित घरधुरी |
|---|---|---|
| १ | पेदीखेत चिसापानी उम्पाढुङ्गा सिँचाई कुलो | ३५ |
| २ | लामीढ्वाली कोप्टी बुराकाफल साँक्ट सिँचाई कुलो | ५५ |
| ३ | कल्चुरा तिमिलाचौर सिमखोला लपँटा सिँचाई कुलो निर्माण | १०० |
| ४ | सिमखोला टाट्के पल्लाखेत सिँचाई कुलो निर्माण | ६० |
| ५ | न्याउलेरह त्रिवेणी सल्लेरीचौर सेरागार सिँचाईकुलो निर्माण | ५० |
| ६ | पाङ्ग्राखोला, उल्लेरी बछेला तल्ली बछेला सिँचाईकुलो निर्माण | ५० |
| ७ | ठूलाखोला जुरढुङ्गा बादास्वारा सिँचाईकुलो निर्माण | २० |
| ८ | ठूलाखोला लपँटा लिफ्ट सिँचाई योजना | ३० |
| ९ | आलाखोला देखि तिमिलेकटेरा गुहीएडारी ठारखर्क पाइपद्वारा सिंचाई | १२ |
| १० | सोतेराखोला देखि सिमखोलासम्म सिँचाईकुलो | ३५ |
| ११ | तराखोला देखि सिनटाकुरा भालुखोला सिँचाई कुलो | १२ |
| १२ | ताउलेरह देखि गैरङुर पसेला सिँचाई कुलो निर्माण | ६० |

| क्र.सं. | सिँचाई आयोजनाको नाम | लाभान्वित घरधुरी |
|---|---|---|
| १३ | त्रिवेणीखोला तटबन्ध निर्माण | |
| १४ | छरीखोला तटबन्ध | |
| १५ | दौखोला तटबन्ध | |
| १६ | जुगेपानी मुल संरक्षण | |
| १७ | टिकेपातल मुहान संरक्षण | |
| १८ | छराखोला मुहान संरक्षण | |
| १९ | अधेरीखोला मुहान संरक्षण | |
| २० | खालीखोला मुहान संरक्षण | |
| २१ | मालुवेला मुहान संरक्षण | |
| २२ | आलाखोला मुहान संरक्षण | |
| २३ | झ्यानखानी मुहान संरक्षण | |
| २४ | जिम्नेटी मुहान संरक्षण | |
| २५ | राउटेपानी मुहान संरक्षण | |
| २६ | पाखेपानी मुहान संरक्षण | |

## ४.४ वित्तीय क्षेत्र (बैंक तथा वित्तीय संस्थाहरू)

आधुनिक अर्थ व्यवस्थामा आर्थिक कारोबार बैंकबाट हुँदा त्यो व्यवस्थित र सहज हुन जान्छ । बैङ्किङ प्रणालीहरूमा व्यापक विकास भइरहँदा उनीहरूले प्रदान गर्ने सेवाहरू समेत विस्तार हुँदै गईरहेका छन् । हाल विभिन्न बैंकहरूले ए.टी.एम. सेवा, भिसा कार्ड सेवा महशुल भुक्तानी सेवा लगायत बीमाहरूको समेत व्यवस्था गरेका छन् । यसर्थ आधुनिक आर्थिक प्रणालीमा ग्रामीण जनताहरूको समेत बैंकिङ्ग सेवामा पहुँच पु्याउन अपरिहार्य जस्तै भइसकेको छ। यस गाउँपालिकामा रहेको बैंक तथा वित्तीय संस्थाको विवरण तल उल्लेख गरिएको छ :-

| क्र.सं. | बैंक तथा वित्तीय संस्थाको नाम | प्रकार |
|---|---|---|
| १. | नबिल बैंक | बैंक |
| २. | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | लघुवित्त |
| ३. | जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | लघुवित्त |
| ४. | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | लघुवित्त |
| ५. | ढाकाडाम महिला साना किसान कृषि सहकारी संस्था लिमिटेड | सहकारी संस्था |
| ६. | दार्माकोट साना किसान कृषि सहकारी संस्था लिमिटेड | सहकारी संस्था |
| ७. | भलचौर साना किसान कृषि सहकारी संस्था लिमिटेड | सहकारी संस्था |
| ८. | दलीत बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | सहकारी संस्था |
| ९. | दोभान कृषि सहकारी संस्था लिमिटेड | सहकारी संस्था |
| १०. | दर्माली बचत तथा ऋण सहकारी संस्था लिमिटेड | सहकारी संस्था |

*स्रोत: गाउँकार्यपालिकाको कार्यालय २०८१*

## ४.५ लघु घरेलु साना उद्योगको संख्या (प्राइवेट फर्म)

गाउँपालिकामा मझौला उद्योग, ठूला उद्योग, सरकारी उद्योग, समुदायमा आधारित उद्योग, संकलन तथा प्रशोधन सम्बन्धी उद्योगहरू सञ्चालनमा आउन नसके पनि गाउँपालिकामा उपलब्ध स्थानीय स्रोत र साधनको उपयोग गरी विभिन्न साना तथा घरेलु, कृषिजन्य उद्योगहरू रहेका छन् जसले गाउँपालिकाको आर्थिक विकासमा टेवा पुऱ्याएको छ ।

कृषि र उद्योग क्षेत्रको विकाससँग अनोन्याश्रित सम्बन्ध भएको क्षेत्र हो व्यापार । कृषि र उद्योगमार्फत उत्पादित सामाग्रीहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउने माध्यम व्यापार भएकाले व्यापार र बाणिज्यको विकास अत्यन्त महत्वपूर्ण हुन्छ। स्थानीय तहहरू आर्थिक रुपले सबल हुन स्थानीय उत्पादनमा सवल भई निर्यात गर्न सक्ने अवस्थामा पुग्नु पर्दछ। आफ्नो क्षेत्रभन्दा बाहिर उत्पादित सामाग्रीहरूको व्यापार गरेर अर्थतन्त्र माथि उठ्न सक्दैन। यसका लागि कुनै न कुनै प्रकारले स्थानीय उत्पादनमा केन्द्रीत भई यस्ता उत्पादनहरूलाई निर्यात गर्न सक्नुपर्दछ। गाउँपालिकामा संचालित उद्योगको विवरण देहाय बमोजिम रहेको छ :-

**तालिका नं. ३ :** गाउँपालिकामा संचालित उद्योगहरुको विवरण

| क्र.सं. | उद्योगको विवरण | संख्या |
|---|---|---|
| १. | लघु तथा घरेलु उद्योग | ९ |
| २. | मझौला उद्योग | ० |
| ३. | ठूला उद्योग | ० |
| ४. | उत्पादनमूलक उद्योग | ३ |
| ५. | सेवामूलक उद्योग | ६ |

*स्रोत: गाउँकार्यपालिकाको कार्यालय २०८१*

## ४.६ औद्योगिक ग्राम

औद्योगिक ग्राम भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम उद्योग स्थापनाका लागि आवश्यक न्यूनतम सामान्य सुविधा तथा पूर्वाधार उपलब्ध नेपाल सरकारबाट घोषणा भएको क्षेत्र हो। तर यस गाउँपालिकामा कुनै औद्योगिक ग्राम क्षेत्र घोषणा भएको छैन्।

## ४.७ सीप विकास सम्बन्धी विवरण

कृषि तथा पशुपालन प्रविधिसँग सम्बन्धित मध्यम तथा व्यवसायिक सीपयुक्त प्राविधिक जनशक्तिहरु यस गाउँपालिका भित्र मौजुदा रहेको देखिन्छ । प्राविधिक शिक्षा आर्जनका लागि गाउँपालिका भित्र विभिन्न सिपमूलक तालिमहरु संचालन गरिएको पाईन्छ । यहाँबाट उत्पादन भएको तथा अन्य नीजि संस्थाहरुले उत्पादन गरेका यस प्रकारका प्राविधिकहरुले कृषिबाली प्रवर्द्धन र आद्युनिक पशुपालनका लागि नीजि तथा संयुक्त साझेदारीमा यि स्थानीय प्राविधिकहरुले गाउँमा प्राविधिक सेवा उपलब्ध गराउने गरिएको छ । अधिकांश शैक्षिक प्राविधिक जनशक्ति रोजगारीको लागि अन्यत्र र साना व्यवसाय सञ्चालनको लागि शहरी क्षेत्रमा जाने गरेको देखिएको छ। गाउँपालिकामा बाँसको मुढा बनाउने, ऊनको सल बनाउने, साबुन बनाउने, सिलाईकटाई, ब्युटीपार्लर, सैलुन, च्याउ खेती, व्यवसायिक बाख्रापालन, सिस्नो प्रशोधन, होजीयारी, ड्राइभिङ, हाउस वाइरिङ तथा पलम्बर सम्बन्धी सिपयुक्त जनशक्ति रहेका छन् ।

गाउँपालिकाले विभिन्न समयमा सीप विकास सम्बन्धी तालिम सञ्चालन गर्ने गरेको छ । गाउँपालिकाका विभिन्न शाखाहरूबाट प्राप्त विवरण अनुसार देहाय बमोजिमका सीप विकास तालिमहरू प्रदान गरिएको छः

| क्र.सं. | तालिमको किसिम | जम्मा |
|---|---|---|
| १ | बाँसको मुढा बनाउने सीप विकास तालिम | ४२ |
| २ | ऊनको सल बनाउने सीप विकास तालिम | १५ |
| ३ | सिलाईकटाई सम्बन्धी सीप विकास तालिम | ८५ |
| ४ | साबुन बनाउने सीप विकास तालिम | ७ |
| ५ | ब्युटीपार्लर सम्बन्धी तालिम | २५ |
| ६ | सैलुन सम्बन्धी सीप विकास तालिम | ४ |
| ७ | च्याउ खेती सम्बन्धी सीप विकास तालिम | २० |
| ८ | व्यवसायिक बाखापालन सम्बन्धी सीप विकास तालिम | ४९ |
| ९ | सिस्नो प्रशोधन सम्बन्धी सीप विकास तालिम | १८ |
| १० | होजीयारी सम्बन्धी सीप विकास तालिम | ३० |
| ११ | ड्राइभिङ सम्बन्धी सीप विकास तालिम | २० |
| १२ | हाउस वाइरिङ सम्बन्धी सीप विकास तालिम | ३५ |
| १३ | पलम्बर सम्बन्धी सीप विकास तालिम | ३५ |
| | **जम्मा** | ३८५ |




## ४.८ श्रम तथा रोजगारी सम्बन्धी विवरण :

राष्ट्रिय तथ्याङ्क, २०७८ बमोजिम गाउँपालिकामा रहेका जम्मा जनसंख्या मध्ये सबैभन्दा बढी  ८,७०७ जना अर्थात ७५.३६ प्रतिशतको कृषि, वन र मत्स्यपालनसँग सम्बन्धित कार्य नै मूख्य पेशा हो । दोस्रोमा प्राथमिक कामदारहरुको संख्या १५५२ अर्थात १३.४३ प्रतिशत रहेको छ । तेस्रोमा शिल्प र सम्बन्धित ट्रेड कामदारहरु ४७३ अर्थात ४.०९ प्रतिशत रहेका छन् । जसको उमेरअनुसार विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ :-

**तालिका नं. ४ :** पेशा र १० वर्ष र सो भन्दा माथिको आर्थिक रुपमा सक्रिय जनसंख्याको विवरण

| परिवारको मुख्य पेशा | लिङ्ग | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ४०-४४ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | ५०-५४ वर्ष | ५५-५९ वर्ष | ६०-६४ वर्ष | ६५ वर्ष र सोभन्दा माथि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सशस्त्र बल (Armed forces) | पुरुष | ० | ० | ३ | २ | ५ | ३ | ० | २ | ० | ० | ० | ० | १५ | ०.२७ |
| | महिला | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ०.०२ |
| | **जम्मा** | **०** | **०** | **३** | **२** | **६** | **३** | **०** | **२** | **०** | **०** | **०** | **०** | **१६** | **०.१४** |
| व्यवस्थापक (Managers) | पुरुष | ० | १ | ८ | १० | १२ | २८ | १६ | १४ | ९ | ५ | ९ | ३ | ११५ | २.०५ |
| | महिला | ० | २ | १२ | ६ | १७ | ८ | ३ | ५ | ३ | ० | ० | ० | ५६ | ०.९४ |
| | **जम्मा** | **०** | **३** | **२०** | **१६** | **२९** | **३६** | **१९** | **१९** | **१२** | **५** | **९** | **३** | **१७१** | **१.४८** |
| पेशाविद्हरु (Professionals) | पुरुष | ० | ० | ११ | २९ | ४१ | ३५ | २१ | १६ | १७ | ८ | २ | ३ | १८३ | ३.२६ |
| | महिला | ० | २ | १२ | २५ | २३ | २४ | ११ | ४ | २ | ० | ० | ० | १०३ | १.७३ |
| | **जम्मा** | **०** | **२** | **२३** | **५४** | **६४** | **५९** | **३२** | **२०** | **१९** | **८** | **२** | **३** | **२८६** | **२.४८** |
| प्राविधिक तथा सहँय (Technicians and associate professional) | पुरुष | ० | २ | १३ | ११ | १० | २ | ४ | १ | ० | ० | १ | ० | ४४ | ०.७८ |
| | महिला | ० | ० | १२ | ११ | ५ | ३ | २ | १ | ० | २ | १ | ० | ३७ | ०.६२ |
| | **जम्मा** | **०** | **२** | **२५** | **२२** | **१५** | **५** | **६** | **२** | **०** | **२** | **२** | **०** | **८१** | **०.७०** |
| कार्यालय सहायकहरु (Office assistance) | पुरुष | ० | ० | ४ | ३ | ४ | ४ | २ | २ | १ | १ | ० | ० | २१ | ०.३७ |
| | महिला | ० | ० | २ | ७ | ० | १ | ० | ० | ० | ० | ० | ० | १० | ०.१७ |
| | **जम्मा** | **०** | **०** | **६** | **१०** | **४** | **५** | **२** | **२** | **१** | **१** | **०** | **०** | **३१** | **०.२७** |
| सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरु (Service & sale workers) | पुरुष | ० | ३ | १४ | २६ | २२ | १४ | ८ | ७ | ९ | ७ | ७ | १ | ११८ | २.१० |
| | महिला | १ | ३ | १३ | १३ | १८ | ६ | ६ | ६ | ३ | २ | ० | १ | ७२ | १.२१ |
| | **जम्मा** | **१** | **६** | **२७** | **३९** | **४०** | **२०** | **१४** | **१३** | **१२** | **९** | **७** | **२** | **१९०** | **१.६४** |
| | पुरुष | ३०५ | ४३३ | ५१९ | ४२४ | ३२३ | ३१२ | २८६ | २५१ | २४८ | २१० | २०० | २५० | ३७६१ | ६६.९६ |
| | महिला | २७७ | ५४२ | ७६३ | ५७९ | ५१३ | ४९८ | ४४० | ३५८ | ३१३ | २४१ | १६८ | २५४ | ४९४६ | ८३.३१ |

| परिवारको मुख्य पेशा | लिङ्ग | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ४०-४४ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | ५०-५४ वर्ष | ५५-५९ वर्ष | ६०-६४ वर्ष | ६५ वर्ष र सोभन्दा माथि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कृषि, वन र माछापालन कार्यमा दक्ष कामदारहरु **(Skilled agri., forestry & fishery workers)** | **जम्मा** | **५८२** | **९७५** | **१२८२** | **१००३** | **८३६** | **८१०** | **७२६** | **६०९** | **५६१** | **४५१** | **३६८** | **५०४** | **८७०७** | **७५.३६** |
| शिल्पकला तथा कारिगरी र यस सम्बन्धी व्यापार गर्ने कामदारहरु **(Craft and related trades workers)** | पुरुष | ० | ५ | ३७ | ४३ | ४८ | ५४ | ५७ | ५० | ४४ | २५ | २१ | २३ | ४०७ | ७.२५ |
| | महिला | ० | ६ | १७ | १० | १० | ७ | ३ | ७ | ० | १ | १ | ४ | ६६ | १.११ |
| | **जम्मा** | **०** | **११** | **५४** | **५३** | **५८** | **६१** | **६०** | **५७** | **४४** | **२६** | **२२** | **२७** | **४७३** | **४.०९** |
| कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने कामदारहरु **(Plant & machine operators & assemblers)** | पुरुष | ० | ७ | १६ | ४ | ३ | ४ | १ | १ | ० | ० | १ | ० | ३७ | ०.६६ |
| | महिला | ० | ० | ० | १ | ० | १ | ० | ० | २ | ० | ० | ० | ४ | ०.०७ |
| | **जम्मा** | **०** | **७** | **१६** | **५** | **३** | **५** | **१** | **१** | **२** | **०** | **१** | **०** | **४१** | **०.३५** |
| सामान्य वा प्राथमिक पेशाका कामदारहरु **(Elementary workers)** | पुरुष | १७० | १६२ | १७८ | १०८ | ६३ | ६१ | ३२ | ३६ | २९ | १८ | १४ | ४२ | ९१३ | १६.२५ |
| | महिला | १४६ | १२५ | ९५ | ३९ | ३३ | २६ | २७ | २० | १९ | १६ | २३ | ७० | ६३९ | १०.७६ |
| | **जम्मा** | **३१६** | **२८७** | **२७३** | **१४७** | **९६** | **८७** | **५९** | **५६** | **४८** | **३४** | **३७** | **११२** | **१५५२** | **१३.४३** |
| उल्लेख नभएको **(Occupation not stated)** | पुरुष | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ३ | ०.०५ |
| | महिला | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ३ | ०.०५ |
| | **जम्मा** | **२** | **०** | **०** | **२** | **०** | **०** | **०** | **०** | **०** | **०** | **०** | **२** | **६** | **०.०५** |
| **कुल जम्मा** | पुरुष | ४७६ | ६१३ | ८०३ | ६६१ | ५३१ | ५१७ | ४२७ | ३८० | ३५७ | २७४ | २५५ | ३२३ | ५६१७ | १००.०० |
| | महिला | ४२५ | ६८० | ९२६ | ६९२ | ६२० | ५७४ | ४९२ | ४०१ | ३४२ | २६२ | १९३ | ३३० | ५९३७ | १००.०० |
| | **जम्मा** | **९०१** | **१२९३** | **१७२९** | **१३५३** | **११५१** | **१०९१** | **९१९** | **७८१** | **६९९** | **५३६** | **४४८** | **६५३** | **११५५४** | **१००.००** |

*स्रोत: राष्ट्रिय तथ्यांक, २०७८*




## बेरोजगारहरूको सूचीकरण

नेपालको संविधानको धारा ३३ मा रोजगारीको हक मौलिक हकका रूपमा भएको हुँदा रोजगारी प्रत्याभूति प्रयोजनार्थ रोजगार सम्बन्धी प्रचलित कानून अनुसार वर्षमा सयदिन पनि रोजगारी नपाउने व्यक्तिहरूलाई वार्षिक सूचना प्रकाशन गरी आवेदन मार्फत् गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सूचीकृत गरिन्छ। उक्त सूची प्रत्येक वर्ष अद्यावधिक हुने गर्दछ। सूचीकृत बेरोजगारहरूलाई भूमिहीन, सुकुम्बासी, महिला, घरमूली एकल महिला, अपाङ्ग भएको घरपरिवार, कृषि उत्पादनले तीन महिना खाना नपुग्ने, वार्षिक आम्दानी, परिवारका सदस्यले सामाजिक सुरक्षा भत्ता प्राप्तिको अवस्था आदि प्राथमिकताहरूका आधारमा श्रममूलक आयोजनामा रोजगारी प्रदान गरिन्छ। आ.व. २०७९/८० मा गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारको संख्या देहाय बमोजिम रहेको छ :-

| वडा नं. | सूचीकृत बेरोजगारको संख्या | |
|---|---|---|
| | सूचीकृत संख्या | काममा खटाएको संख्या |
| १ | १२६१ | ७७ |
| २ | १२४३ | ७६ |
| ३ | ८९१ | ५८ |
| ४ | १७८६ | १०५ |
| ५ | १६०२ | ९८ |
| ६ | १२८७ | ७८ |
| **कुल जम्मा** | ८०७० | ४९२ |

*स्रोत : गाउँ कार्यपालिकाको कार्यालय, रोजगार सेवा केन्द्र, २०८१*




## ४.९ व्यवसाय दर्ता विवरण

नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दार्मा गाउँपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७९ को व्यवस्था बमोजिम गाउँपालिकाले व्यवसाय कर संकलनको कार्य गर्ने गरेको छ । व्यवसाय कर गाउँपालिकाको प्रमुख करको रूपमा समेत रहेको छ । हाल दार्मा गाउँपालिकामा कुल ६१ वटा व्यवसाय दर्ता भई संचालनमा रहेका छन् भने लघु तथा घरेलु उद्योग ९, उत्पादनमूलक उद्योग ३ र सेवामूलक उद्योग ६ गरी जम्मा १८ उद्योग संचालित छन् ।

## ४.१० वाणिज्य र बजार अनुगमन

स्थानीय बजार क्षेत्रको अनुगमन तथा नियमनको अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकालाई दिएको छ । स्थानीय उपभोक्ताको स्वास्थ्य र उपभोक्ता अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु गाउँपालिकाको कर्तव्य हो । यसैले दार्मा गाउँपालिकाले पालिकाको बजार अनुगमन निर्देशिका, २०७४ को व्यवस्था बमोजिम वाणिज्य र बजार अनुगमन गर्ने गरिएको छ । गत आ.व. २०७९/८० मा र चालु आ.व.को चैत मसान्तसम्म पटक-पटक वाणिज्य तथा बजार अनुगमनको कार्य बजार अनुगमन टोलीबाट भएको छ । यस क्रममा म्याद गुज्रिएका सामानहरू जफत, तोकिए बाहेकका कारोबार गरिएका सामानहरू जफत र गैरव्यवसायिक कार्यको सम्बन्धमा जरिवाना समेत गरिएको छ ।

## ४.११ बजार केन्द्रहरू तथा मूख्य वस्ती क्षेत्रहरु

देशका ठुला शहरहरू बाहेक ग्रामीण इलाकाहरूमा सघन बस्तीहरू भएका क्षेत्रमा मानवीय गतिविधिहरू जस्तैः शिक्षा, स्वास्थ्य, अन्य सेवा, व्यापार तथा वाणिज्य केन्द्रीत भएको पाईन्छ । यस्ता केन्द्रहरूलाई नै बजार केन्द्रहरू भनिन्छ । शहरी विकास र सुविधाका दृष्टिकोणले पूर्णरुपमा विकास हुन नसकेता पनि भविष्यमा विकसित हुन सक्ने क्षेत्रका रुपमा यस्ता केन्द्रहरूमा मानवीय गतिविधिहरू केन्द्रीत र विकसित भईरहेको पाईन्छ । उपयुक्तता हेरी नयाँ क्षेत्रमा बजारको विकास गर्न नसकिने होइन् । तथापि केही मात्रामा विकसित भईसकेका यस्ता क्षेत्रहरूमा थप विकास गर्न सहज भने हुन्छ । मुख्यतया कृषि, पशुपालन पेशामा संलग्न घरपरिवारको संख्या बढी भएको ग्रामीण इलाका भएकोले मध्यम र ठूलो स्तरका उपभोक्ता बजारहरूको यहाँ

उचित विकास भएको छैन् । यहाँका सम्भावित बजार केन्द्र तथा हालका मुख्य वस्ती क्षेत्रहरुको विवरण तलको तालिकामा समावेश गरिएको छ ।

**तालिका नं. ५ :** बजार केन्द्र तथा मूख्य बस्ती क्षेत्रहरु सम्बन्धी विवरण

| वडा नं. | मुख्य बस्तीहरुको नाम |
|---|---|
| १ | मैदान कोगाउँ, स्याल गाउँ, बिस्टगाउँ |
| २ | सिमलचौर, मौलेखाली, साङ्टा |
| ३ | फारुलाचौर झ्यामवारि |
| ४ | चम्पु टाजुरा, भातमारे, बोमखेत |
| ५ | भौलाहाले, भलचौर, रातामाटा, सेतादार, बाघखोर, गलात, पुखात, रागेडाँडा, लामाडाँडा |
| ६ | किमिटाकुरा गोठीवन पाथीहाल्ना |

*स्रोत: गाउँकार्यपालिकाको कार्यालय २०८१*

## ४.१२ पर्यटन सम्बन्धी

### क. पर्यटन आवागमन

प्रकृति, सँस्कृति र साहसिक भ्रमण तथा खेलको अनुपम संगमको रुपमा अवस्थित यस क्षेत्रमा आन्तरिक र बाह्य दुवै पर्यटकलाई उत्तिकै रुपमा आकर्षित गर्न सकिने सम्भावना रहेको छ । द्रुत विकास र ठूलो जनसंख्या भएको छिमेकी मुलुक भारतबाट नजिक हुनु, धार्मिक महत्व बोकेका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको रुपमा लक्ष्मीनारायण मन्दिर सन्तोक बौद्ध गुम्बा, गोरखनाथ मन्दिर शिवालय मन्दिर, कालिका मन्दिर आदि विभिन्न धार्मिक संरचना हुनु, भौगोलिक सुन्दरता र मौसमी अनुकूलता, विविध जातीय समिश्रण र मौलिक पहिचान, कृषि तथा जडिबुटी व्यवसाय प्रवर्द्धन, सबै तहका सरकारबाट पर्यटन क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखिनु, भैरहवा क्षेत्रीय विमानस्थलसँगको सन्नीकटता रहनु, छिमेकी स्थानीय तहहरु आतिथ्य सेवाको विकासमा आक्रामक रुपमा लाग्नु पर्यटन क्षेत्रलाई विकास र विस्तार गर्ने महत्वपूर्ण अवसर हुन् । हाल गाउँपालिकामा रहेका पर्यटकिय क्षेत्र सम्बन्धी विस्तृत विवरण तलको तालिकामा समावेश गरिएको छ ।

**तालिका नं. ६ :** गाउँपालिकामा रहेका मुख्य पर्यटकीय क्षेत्रहरु सम्बन्धी विवरण

| क्र.स. | मन्दिर | वडा नं. | स्वामित्व | विशेषता |
|---|---|---|---|---|
| १ | पुरानिकोट पार्क | १ | सामुदायिक | पर्यटकीय |
| २ | भगवती मन्दिर | १ | सामुदायिक | धार्मिक |
| ३ | टिलोहाल्ने | १ | सामुदायिक | पर्यटकीय |
| ४ | झ्यरिवङ च्यान्टाकुरी | २ | सामुदायिक | पर्यटकीय |
| ५ | ब्रम्हथान मन्दिर | २ | सामुदायिक | धार्मिक |
| ६ | पाँजाकोट संरक्षण क्षेत्र | २ | सामुदायिक | पर्यटकीय |
| ७ | हिरा टाकुरी मन्दिर | २ | सामुदायिक | धार्मिक |
| ८ | ढलसींग | २ | सामुदायिक | पर्यटकीय |

| क्र.स. | मन्दिर | वडा नं. | स्वामित्व | विशेषता |
|---|---|---|---|---|
| ९ | बझावाङ | २ | सामुदायिक | पर्यटकीय |
| १० | मालिका मन्दिर | ३ | सामुदायिक | धार्मिक |
| ११ | राजाको दरवार | ३ | सामुदायिक | ऐतिहासिक |
| १२ | शिव मन्दिर | ४ | सामुदायिक | धार्मिक |
| १३ | चिप्ले गुफा | ४ | सामुदायिक | पर्यटकीय |
| १४ | तकमारा | ४ | सामुदायिक | पर्यटकीय |
| १५ | बोझ्नु | ४ | सामुदायिक | पर्यटकीय |
| १६ | मालिका लेक | ४ | सामुदायिक | पर्यटकीय |
| १७ | अधेरी गुफा | ५ | सामुदायिक | पर्यटकीय |
| १८ | गोरखनाथ | ५ | सामुदायिक | धार्मिक |
| १९ | रत्ननाथ | ५ | सामुदायिक | धार्मिक |
| २० | चन्दननाथ | ५ | सामुदायिक | धार्मिक |
| २१ | मलिवांग | ६ | सामुदायिक | पर्यटकीय |
| २२ | शिब गुफा | ६ | सामुदायिक | पर्यटकीय |
| २३ | सिद्ध गुफा | ६ | सामुदायिक | पर्यटकीय |

*स्रोतः गाउँकार्यपालिकाको कार्यालय, २०८१*

### ख. होटेल, रिसोर्ट, होमस्टे

कुनै पनि क्षेत्रको विकासका लागि सो क्षेत्रसँग सम्बन्धित सम्पूर्ण पूर्वाधारहरूको समुचित विकास गर्नु अनिवार्य हुन्छ । नेपालमा पर्यटनको प्रचुर सम्भावना भएतापनि पर्यटन पूर्वाधारको अभावका कारण पर्यटन क्षेत्रको व्यापक विकासमा वाधा सिर्जना भएको छ । पर्यटन पूर्वाधार अन्तर्गत सहज यातायात सुविधा, होटल, लज तथा रेष्टुरेन्ट, पर्यटन गाईड, सूचना केन्द्रहरू, उद्धार संयन्त्र, सञ्चार, सूरक्षा तथा पर्यटकीय गतिविधिहरू नै हुन् । पर्यटनको सम्भावना हेरी यी पूर्वाधारहरूको आवश्यकताका आधारमा क्रमशः विकास गर्नु पर्यटन विकासका लागि अपरिहार्य छ । यस गाउँपालिका साना खाजा तथा खाना खाने होटल, रेस्टुरेन्टहरु पालिकामा भएतापनि सुबिधा सम्पन्न बस्ने व्यवस्था भएका होटल रिसोर्टहरु भने आजसम्म संचालनमा आएका छैनन् । पालिकाको मुख्य बजारहरुमा बाहेक पालिकाको अन्य वडाहरुमा बास सहितका होटलहरु संचालनमा छैनन् ।

### ग. अन्य विवरण

यस गाउँपालिकाको धार्मिक महत्व बोकेका धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थलको रुपमा लक्ष्मीनारायण मन्दिर, सन्तोक बौद्ध गुम्बा, गोरखनाथ मन्दिर शिवालय मन्दिर, कालिका मन्दिर रन्जिका देवी मन्दिर, हरीकला देवी मन्दिर शिव पार्वती मन्दिर, जनशिवालय मन्दिर, चण्डीमन्दिर शिवालय मन्दिर, बुढा बराजू मन्दिर होली मेलारैनादेवी शिवालय, गरनडाँडा शिवालय मन्दिर, भगवती मन्दिर राम जानकी मन्दिर, सिद्ध गुफा मन्दिर, कालिका मन्दिर, अन्नपूर्णेश्वर (ऋषिकेश्वर) महादेव मन्दिर, शिवासन मन्दिर, सिद्धबाबा मन्दिर, दुर्गा मन्दिर, कालिका विन्दबासिनी र अन्य विभिन्न धार्मिक संरचनाहरू छन् । धार्मिक सम्पदाहरूको जगेर्ना र संरक्षण गर्ने

कार्यमा गाउँपालिकाले पर्याप्त ध्यान दिनुपर्दछ। धार्मिक पर्यटनका हिसाबले उक्त संरचनाहरू महत्वपूर्ण रहेका छन् ।

## ४.१३ ऊर्जा र विद्युतीकरण

केही सिमित दुर्गम क्षेत्रका विपन्न घरहरूमा विद्युतीकरण नभए तापनि त्यसको सङ्ख्या नगन्य रहेकाले विद्युतीकरणमा ठूलो लगानी गर्नुपर्ने अवस्था छैन । तथापि प्रशारण लाइनको सुदृढीकरणका लागि भने प्रशस्त काम गर्नुपर्ने देखिन्छ। विद्युत् प्रशारण लाईन सुधारमा सर्वप्रथम काठका पोलहरू पक्की वा फलामका पोलहरूले विस्थापन गर्नुपर्ने देखिन्छ भने Low Voltage हुने स्थानहरूमा ट्रान्सफर्मर जडान गर्नुपर्ने देखिन्छ ।

विद्युत सेवा बाहेक वैकल्पिक र नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि ठोस कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। पशुपालन हुने क्षेत्रमा गोबर ग्याँस निर्माणमा प्रोत्साहन र अनुदान दिने र अन्य दुर्गम तथा सुगम दुवै क्षेत्रमा सौर्य ऊर्जा जडान गर्न सके त्यसबाट ऊर्जाको नियमित आपूर्ति हुनुको साथै थप विकासका क्रियाकलापहरूलाई ऊर्जाको सदुपयोगमार्फत गति दिन सकिन्छ। सौर्य ऊर्जाबाट लिफ्ट् सिँचाई खानेपानी आयोजना सञ्चालन गर्न गार्हस्थ उपभोगका निम्ति प्रयोग गरी बढी भएको ऊर्जालाई राष्ट्रिय प्रशारण लाइनमा विक्री समेत गर्न सकिन्छ ।

सामान्तया: एउटा सामान्य परिवारले दैनिक २ किलोवाट विद्युत खपत गर्दछ। त्यसमा पनि यो उपभोगको मात्रा ग्रामीण भेगहरूमा त्यो भन्दा न्यून हुन्छ। १७.६ वर्ग फिटको सोलार प्यानलले २५० बाट विद्युत उत्पादन गर्दछ। दिनभर करिब ६.८ घण्टा सुर्यको किरणबाट २५० वाट X ६.८ घण्टा गर्दा १.७ किलोवाट विद्युत निस्कन्छ। १.७ किलोवाट X ३० दिन उत्पादन गर्दा महिनामा ५१ किलोवाट विद्युत उत्पादन हुन सक्दछ ।

यसको अर्थ ६०० वर्ग फिट ओगट्ने घरबाट

$$५१ \text{ कि.वा.} \times \frac{६००}{१७.६} = १७३८ \text{ कि.वा.}$$

**तालिका नं. ७ :** खाना पकाउने मुख्य इन्धनको आधारमा घरपरिवारको विवरण

| वडा | काठ, दाउरा, कोइला | एलपी ग्याँस | गोबर ग्यास/बायो ग्याँस | जम्मा |
|---|---|---|---|---|
| १ | ५२३ | ८ | ० | ५३१ |
| २ | ६१९ | ५ | ० | ६२४ |
| ३ | ६४३ | ७१ | ० | ७१४ |
| ४ | ८४६ | १६ | २ | ८६४ |
| ५ | ८०० | २४ | ० | ८२४ |
| ६ | ६९४ | १३ | ० | ७०७ |
| जम्मा | ४१२५ | १३७ | २ | ४२६४ |
| प्रतिशत | ९६.७४ | ३.२१ | ०.०५ | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*




गाउँपालिकामा खाना पकाउन प्रयोग हुने मुख्य इन्धनको आधारमा घरपरिवारको विवरणलाई हेर्दा कुल ४२६४ घरपरिवारहरुमध्ये ९६.७४ प्रतिशत अर्थात् ४१२५ घरपरिवारले काठ, दाउरा तथा कोइलाको प्रयोग गरेको देखिन्छ भने दोस्रोमा ३.२१ प्रतिशत अर्थात् १३७ घरपरिवारले एलपी ग्याँस र तेस्रोमा ०.०५ प्रतिशत अर्थात् २ वटा घरपरिवारले गोबर ग्याँस तथा बायो ग्याँसलाई खाना पकाउने मुख्य इन्धनको रुपमा प्रयोग गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

यस गाउँपालिकाका सबै वडाहरूमा विद्युत मर्मत सम्भार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा सोलार प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ।

**तालिका नं. ८ :** बत्ती बाल्न प्रयोग गर्ने मुख्य इनधनको स्रोतको आधारमा घरपरिवारको विवरण

| वडा | बिजुली | सोलार | मटितेल | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | २४ | ५०१ | ० | ६ | ५३१ |
| २ | ३७ | ५७४ | ० | १३ | ६२४ |
| ३ | १७४ | ५३३ | २ | ५ | ७१४ |
| ४ | १०७ | ७४८ | ३ | ६ | ८६४ |
| ५ | २१ | ७७८ | २ | २३ | ८२४ |
| ६ | ८९ | ६१२ | २ | ४ | ७०७ |
| जम्मा | ४५२ | ३७४६ | ९ | ५७ | ४२६४ |
| प्रतिशत | १०.६० | ८७.८५ | ०.२१ | १.३४ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*




गाउँपालिकामा घरपरिवारहरूले दैनिक बत्ती बाल्न प्रयोग गर्ने इन्धनको स्रोत विश्लेषण गर्दा गाउँपालिकाका कुल ४२६४ घरपरिवारहरूमध्ये ३७४६ अर्थात ८७.८५ प्रतिशतले सोलार, ४५२ अर्थात १०.६ प्रतिशतले विद्युत, ९ अर्थात ०.२१ प्रतिशतले मट्टितेल र बाँकीले अन्य इन्धनको प्रयोग गरेको पाइयो । यस तथ्याङ्कलाई हेर्दा यस गाउँपालिकामा सौर्य उर्जाको व्यापक उपभोग रहेको देखिन्छ भने विद्युत सेवा नपुगेका क्षेत्रहरूमा त्यसको विस्तार हुनु जरूरी छ ।

## ४.१४ उत्पादनमूलक सहकारी

सहकारी क्षेत्रले गाउँपालिकामा छरिएर रहेको ससानो पूँजीलाई एकीकृत गरी विपन्न र उद्यमी व्यवसायीका लागि पूँजी, प्रविधि र सीप उपलब्ध गराइरहेको अवस्था छ। उत्पादन तथा कृषि सहकारी संस्थाहरूबाट मल, बीउबीजन, बीज वृद्धि, खाद्यान्न, दलहन, तेहलन, फलफूल तथा तरकारी बिक्री वितरणमा सहयोग भइरहेको छ ।

सहकारी संस्थाहरूद्धारा आफ्ना शेयर सदस्यहरूलाई बचत, लगानी, व्यवसायका बारेमा तालिम सञ्चालन गर्दै तरकारी, फलफूल, पशुपालन, मत्स्यपालनजस्ता सीप विकासका तालिमहरू समेत प्रदान भइरहेका छन् ।

गाउँपालिकामा संचालनमा रहेका सहकारी संस्थाहरूमा कुल जम्मा २९१५ शेयर सदस्यहरू आबद्ध रहेका छन् । सबैभन्दा बढी ढाकाडाम महिला साना किसान कृषि सहकारी संस्थामा ९७४ शेयर सदस्यहरू र सबैभन्दा न्यून दर्माली बचत तथा ऋण सहकारी संस्थामा १२५ जना शेयर सदस्यहरू आबद्ध भएको पाइन्छ । जसको विस्तृत विवरण तालिकामा समावेश गरिएको छ ।

**तालिका नं. ९ :** गाउँपालिकामा रहेका सहकारी संस्था सम्बन्धी विवरण

| क्र.सं. | सहकारीको नाम | आबद्ध सदस्य संख्या | प्रकृति |
|---|---|---|---|
| १ | ढाकाडाम महिला साना किसान कृषि सहकारी संस्था लिमिटेड | ९७४ | साना किसान |
| २ | दार्माकोट साना किसान कृषि सहकारी संस्था लिमिटेड | ५०० | साना किसान |

| क्र.सं. | सहकारीको नाम | आबद्ध सदस्य संख्या | प्रकृति |
|---|---|---|---|
| ३ | भलचौर साना किसान कृषि सहकारी संस्था लिमिटेड | ९०२ | साना किसान |
| ४ | दलीत बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | २०० | बहुउद्देश्यीय |
| ५ | दोभान कृषि सहकारी संस्था लिमिटेड | २१४ | कृषि सहकारी |
| ६ | दर्माली बचत तथा ऋण सहकारी संस्था लिमिटेड | १२५ | बचत तथा ऋण |
| | **जम्मा** | **२९१५** | |

*स्रोतः गाउँकार्यपालिकाको कार्यालय २०८१*

गाउँघरमा छरिएर रहेको पूँजी, प्रविधि र सीपलाई सहकारीका माध्यमबाट स्थानीयबासी तथा पालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरण गरी समुन्नत दार्मा, सबल गाउँबासीको बृहत् अभियानलाई अगाडि बढाउन महत्वूर्ण भूमिका हुने गर्दछ । अतः सहकारी संस्थाहरूले सहकारी अभियानलाई सहकारीका मूल्य, मान्यता, सिद्धान्त, सहकारीका प्रचलित कानूनी व्यवस्थाहरू बमोजिम अगाडि बढाउनु पर्दछ । सहकारीको अभियान, सौन्दर्य, गरिमा र योगदानलाई संरक्षण तथा प्रवर्द्धन गर्न सहकारी अभियानकर्मी, सहकारी कर्मचारी, नियमनकारी निकायहरू लाग्नु पर्दछ । सहकारी क्षेत्रमा देखिएको गैरसहकारी क्रियाकलापहरू स्व-नियन्त्रण तथा नियमन गर्न अत्यन्त जरुरी रहेको छ ।

## ४.१५ व्यापार सम्बन्धी

दार्मा गाउँपालिकामा रहेको निजी क्षेत्र सानो रहेको छ । यस गाउँपालिकामा रहेका जैविक, भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक विविधताले पर्यटन विकासमा महत्वपूर्ण योगदान गर्नेछन् । प्रकृति, संस्कृति र साहसिक भ्रमण तथा खेलको अनुपम संगमको रूपमा अवस्थित यस क्षेत्र छिमेकी मुलुक भारतबाट नजिक हुनुले पनि आन्तरिक र बाह्य दुबै पर्यटकलाई उत्तिकै रूपमा आकर्षित गर्न सकिने सम्भावना रहेको छ। तर यस गाउँपालिकाका अधिकांश घरपरिवार कृषि तथा पशुपालन क्षेत्रमा आवद्ध भएको ग्रामीण इलाका भएकोले मध्यम र ठूलो स्तरका उपभोक्ता बजारहरूको यहाँ उचित विकास भएको छैन । तसर्थ उद्योग, व्यापार र वाणिज्य क्षेत्रको आधारभूत तहबाट नै विकास हुन बाँकी छ। यद्यपि कृषिमा आधारित केही साना उद्योग र अन्य घरेलु उद्योगहरू यहाँ संचालनमा भईरहेका छन् ।

देशका ठुला शहरहरू बाहेक ग्रामीण इलाकाहरूमा सघन बस्तीहरू भएका क्षेत्रमा मानवीय गतिविधिहरू जस्तैः शिक्षा, स्वास्थ्य, अन्य सेवा, व्यापार तथा वाणिज्य केन्द्रीत भएको पाईन्छ। यस्ता केन्द्रहरूलाई नै बजार केन्द्रहरू भनिन्छ । शहरी विकास र सुविधाका दृष्टिकोणले पूर्णरुपमा विकास हुन नसकेता पनि भविष्यमा विकसित हुन सक्ने क्षेत्रका रुपमा यस्ता केन्द्रहरूमा मानवीय गतिविधिहरू केन्द्रीत र विकसित भईरहेको पाईन्छ । उपयुक्तता हेरी नयाँ क्षेत्रमा बजारको विकास गर्न नसकिने होइन । तथापि केही मात्रामा विकसित भईसकेका यस्ता क्षेत्रहरूमा थप विकास गर्न सहज भने हुन्छ ।

## ४.१६ आर्थिक क्षेत्रका चुनौतीहरू

गाउँपालिकाको कमजोर पूर्वाधारले औद्योगिक विकास, पर्यटन र कृषि उत्पादकत्वमा बाधा पुऱ्याउँछ । गाउँपालिकाको अर्थतन्त्र कृषिमा धेरै निर्भर छ, जसले अधिकांश जनसंख्यालाई रोजगारी दिन्छ । यद्यपी, परम्परागत, कृषि अभ्यासहरु, आधुनिकीकरणको अभाव र प्राकृतिक प्रकोपहरुको जोखिम तथा वन्यजन्तुको

आक्रमणका कारण कृषि उत्पादकत्व निकै नै कमी रहेको छ। गाउँपालिकाको अर्थतन्त्रका प्रमुख चुनौतीहरुमा यो सबैभन्दा ठूलो चुनौतीको रुपमा रहेको छ। यसैगरी बारम्बार सरकार परिवर्तनले सिर्जना भएको अस्थिर राजनीतिक कारणले लगानीलाई रोकेको छ र नीतिगत निरन्तरता अवरुद्ध भएको छ । गाउँपालिकाको अविकसित औद्योगिक क्षेत्र तथा विविधीकरणको अभावले आयातमा धेरै निर्भर हुनुपर्ने भएको हुँदा व्यापार घाटाको सिर्जना भएको छ । गाउँपालिकाको ब्याङ्किङ क्षेत्र अपेक्षाकृत सानो र रुढीवादी रहेकाले गाउँपालिकाका व्यवसाय र उद्यमीहरुलाई वित्तमा पहुँचका लागि चुनौती बनेको छ। यसले गर्दा व्यवसायहरु, विशेषगरी साना र मध्यम उद्यमहरुलाई ऋण पहुँच गर्न गाह्रो बनाएको छ।

# खण्ड - ५: सामाजिक विकास (गत आ.व. २०७९/८० र चालु आ.व. २०८०/८१ को चैत मसान्तसम्मको विवरण)

## ५.१ चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा सामाजिक विकासका क्षेत्रमा भएको प्रगति

### क) आ.व. २०७९/८० को प्रगति विवरण

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन रू. | खर्च रकम रू. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| **सामाजिक विकास** | | १८१४२३०७४ | १६५५९९९६० | ९१.२८ |
| १. | शिक्षा | १३८९३०६०० | १३१६८०९७० | ९४.७८ |
| २. | स्वास्थ्य | १५६६८००० | १३१८९५०८ | ८४.१८ |
| ३. | खानेपानी तथा सरसफाई | १७४६२४७४ | १२८८५५७५ | ७३.७९ |
| ४. | भाषा तथा संस्कृति | ९५०००० | ५३८४८२ | ५६.६८ |
| ५. | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ८००००० | ४५२५० | ५.६६ |
| ६. | युवा तथा खेलकुद | ७१००००० | ६८६३३३९ | ९६.६७ |
| ७. | सामाजिक सुरक्षा तथा संरक्षण | ५१२००० | ३९६८३७ | ७७.५१ |

***स्रोत :** आर्थिक प्रशासन शाखा, २०८१*



### ख) आ.व. २०८०/८१ को चैत मसान्तसम्म

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन रू. | खर्च रकम रू. | खर्च प्रतिशत | मौज्दात |
|---|---|---|---|---|---|
| **सामाजिक विकास** | | २८,८१,४१,३८७.०० | १३,१८,६४,१७६.४४ | ४५.७६ | १५,६२,७७,२१०.५६ |
| १. | शिक्षा | १८,१५,८५,०००.०० | १०,१४,५४,८४२.०० | ५५.८७ | ८,०१,३०,१५८.०० |
| २. | स्वास्थ्य | ३,७०,७१,५००.०० | १,२७,४९,४४६.८४ | ३४.३९ | २,४३,२२,०५३.१६ |
| ३. | खानेपानी तथा सरसफाई | ५,५८,१४,८८७.०० | १,४४,५३,३००.६० | २५.९ | ४,१३,६१,५८६.४० |
| ४. | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ७,४०,०००.०० | ३,११,२२२.०० | ४२.०६ | ४,२८,७७८.०० |
| ५. | युवा तथा खेलकुद | ४३,५०,०००.०० | १५,६४,६३५.०० | ३५.९७ | २७,८५,३६५.०० |
| ८ | सामाजिक सुरक्षा तथा संरक्षण | ८५,८०,०००.०० | १३,३०,७३०.०० | १५.५१ | ७२,४९,२७०.०० |

*स्रोत: आर्थिक प्रशासन शाखा, २०८१*




## ५.२ स्वास्थ्य

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । उपधारा १ मा प्रत्येक "नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन" भनी उल्लेख गरिएको छ । यसै हकको कार्यान्वयन गराउने दायित्व स्थानीय सरकारको भएकाले गाउँपालिकामा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरूको प्रबन्ध हुन अपरिहार्य छ ।

यस गाउँपालिकामा हाल सामान्य स्तरको स्वास्थ्य सेवाहरू गाउँपालिकामा रहेको सामुदायिक स्वास्थ्य इकाई र विभिन्न स्वास्थ्य चौकीहरू मार्फत प्रदान भइरहेको पाउन सकिन्छ भने स्वास्थ्य सेवाका लागि आवश्यक सुविधा सम्पन्न हस्पिटल र विशेषज्ञ सेवाको अभाव रहेको छ। वडा नं. ४ रातामाटामा पालिकास्तरीय १५ शैयाको आधारभूत अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ भने यहाँ दार्माकोट स्वास्थ्य चौकी (वडा नं. १), ढाकादाम स्वास्थ्यचौकी (वडा नं. ५) र भालाचौर स्वास्थ्य चौकी (वडा नं. ४) गरी जम्मा ३ वटा स्वास्थ्य चौकीहरु संचालनमा रहेका छन् यी स्वास्थ्य संस्थामा बर्थिङ सेवा पनि उपलब्ध रहेको छ। वडा नं. १ दार्माकोटमा बर्थिङ सेन्टर निर्माणको काम अन्तिम चरणमा रहेको छ भने १ वटा आईसोलेसन भवन पनि निर्माण भएको छ। यहाँबाट गर्भवती महिलाहरुलाई प्रत्येक महिनामा एक पटक निःशुल्क भिडियो एक्सरे सेवा र निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिएको छ। गाउँपालिकाबाट आ.व. २०७९/०८० मा संचालन भएको समुदायस्तरीय कार्यक्रमको विस्तृत विवरण तलको तालिकामा समावेश गरिएको छ।

**तालिका नं. १० :** समुदायस्तरीय कार्यक्रम

| क्र.सं. | सूचकहरु | आ.व. २०७९/८० | आ.व. २०८०/०८१ को चैत्र मसान्तसम्ममा |
|---|---|---|---|
| १ | जम्मा महिला स्वास्थ्य स्वयंसेविका संख्या | २७ | २७ |
| २ | आमा समूहको बैठक संचालन प्रतिशत | ९१ | ८०.७ |
| ३ | महिला स्वास्थ्य स्वयंसेविकाले प्रति महिना प्रदान गरेको सेवाग्राहीको औसत संख्या (प्रति स्वयंसेविका) | २१.४ | २०.३ |
| ४ | जम्मा गाउँघर क्लिनिक संख्या | ८७ | ४८ |
| ५ | गाउँघर क्लिनिकबाट सेवा लिएका सेवाग्राहीको औसत संख्या | २०.८ | २३.४ |
| ६ | जम्मा खोप क्लिनिक संख्या | १४४ | ७० |
| ७ | खोप क्लिनिक संचालन प्रतिशत | १०० | ९४.६ |
| ८ | प्रत्येक खोप क्लिनिकबाट सेवा लिएका सेवाग्राहीको औसत संख्या | २२.६ | २३.८ |
| ९ | सरसफाई सेसन संचालन पटक | १३३ | ६९ |
| १० | सरसफाई सेसनमा सहभागीको संख्या | २३६३ | १५४० |

*स्रोत : आ.व. २०७९/८० को वार्षिक प्रगति विवरण*

## क. स्वास्थ्य सम्बन्धी आधारभूत सूचक

१) यस गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरूले प्रवाह गरेको सेवाहरु देहाय बमोजिम रहेका छन् :-

| Name of Facility | Ward No | Birthing CenterBEONC/CEONC | FCHV Number | SBA Number | FP Service **Service | Sanctioned Position | Filled Position | Contract Staff |
|---|---|---|---|---|---|---|---|---|
| **Darmakot HP** | 1 | Birthing Center | 9 | 1 | 4 Methods | 5 | 5 | 7 |
| **Dhakadam HP** | 5 | Birthing center | 9 | 1 | 3 Methods | 5 | 5 | 4 |

| Name of Facility | Ward No | Birthing CenterBEONC/CEONC | FCHV Number | SBA Number | FP Service * *Service | Sanctioned Position | Filled Position | Contract Staff |
|---|---|---|---|---|---|---|---|---|
| **Bhalchaur HP** | 4 | Birthing center | 9 | 1 | 4 Methods | 5 | 4 | 4 |
| **Jheribang BHCC** | 2 | - | - | 0 | 3 Methods | - | - | 4 |
| **Junkharka BHCC** | 3 | - | - | 0 | 3 Methods | - | - | 2 |
| **Jyamirechaur BHCC** | 6 | - | - | 1 | 3 Methods | - | - | 5 |
| **Kagunohalne CHU** | 5 | - | - | 0 | 3 Methods | - | - | 2 |
| **Basic Health and Birthing Center Thumkesalli** | 3 | Birthing Center | - | 1 | 3 Methods | - | - | 7 |
| **Covid Hospital** | 0 | - | - | - | - | - | - | - |
| **Total Numbers** | | | **27** | **5** | | **15** | **14** | **35** |

*स्रोत : http://103.233.56.101:5003/profiling/main/darma/profiling/main/darma*

## २) खोप कार्यक्रम

बालबालिका भविष्यका निर्माता हुन् । यसको लागि यिनीहरू स्वस्थ र निरोगी हुनु आवश्यक छ । बाल्य अवस्थामा उनीहरूलाई बी.सी.जी. एकपटक, रोटा दुईपटक, डी.पी.टी.हिब, हेप. तीन पटक, दादुरा दुई पटक, पोलियो मुखबाट तीनपटक र सुईबाट दुईपटक, न्युमोनिया दुईपटक, जापानिज इन्सेफलाइटिस एकपटक, टाइफाइड एकपटक र गर्भवतीलाई तीनपटक टिटानस तथा भ्यागुतेको तीनपटक खोप दिनै पर्दछ । बालबालिकाहरूको लागि उल्लिखित खोपहरू नियमित र पुरा मात्रामा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याइएको छ। जसले गर्दा दिगो विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.डी.जी.-४) प्राप्त गर्न सहयोग पुगेको छ। गाउँपालिकाको खोप सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :-

| क्र.सं. | खोपको किसिम र मात्रा | आ.व. २०७९/८० मा खोप पाउने (प्रतिशतमा) | आ.व. २०८०/०८१ को पौष मसान्तसम्ममा खोप पाउने |
|---|---|---|---|
| १ | बि.सि.जी. कभरेज | ९१.७ | ९०.९ |
| २ | डि.पि.टी.हेप.बि.हिब १ कभरेज | ९९.१ | ९५.५ |
| ३ | ओ.पि.भि. ३ कभरेज | ८३.३ | ८५.३ |
| ४ | पि.सि.भि. ३ कभरेज | ८५ | ८०.९ |
| ५ | रोटा २ कभरेज | ९४ | ८७.३ |
| ६ | एफ. आई.पी.भि. १ कभरेज | ८३ | ८५ |
| ७ | जे.ई. कभरेज | ७९.३ | ९९.१ |

| क्र.सं. | खोपको किसिम र मात्रा | आ.व. २०७९/८० मा खोप पाउने (प्रतिशतमा) | आ.व. २०८०/०८१ को पौष मसान्तसम्ममा खोप पाउने |
|---|---|---|---|
| ८ | दादुरा रुबेला २ कभरेज | ८७ | ९०.८ |
| ९ | टि.डि. २ र २ + कभरेज | ६३.४ | २८.१ |
| १० | २३ महिनाभित्र पूर्णखोप प्राप्त गरेका बालबालिका कभरेज | ८७ | ९०.८ |
| ११ | २४-५९ महिनामा खोप सुरु गरेका बच्चा संख्या | १२ जना | ० |
| १२ | डि.पी.टी-हेप बि १ - दादुरा रुवेला दोस्रो बिचको ड्रपआउट दर | १२.७ | ५.७ |

*स्रोत : २०७९/८० को वार्षिक प्रगति विवरण*




## ३. पोषण कार्यक्रम

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सूचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्षमुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालवृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धी महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचेक्राइ, दरुव्यवहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ। यस गाउँपालिकामा पनि गाउँपालिकाभित्र रहेका ५ वर्षसम्मका सिघ्र कुपोषित बालबालिकाको व्यवस्थापनको लागि OTC केन्द्रको स्थापना, किशोरीहरुलाई नियमित आइरन चक्की खुवाउने व्यवस्था भएको छ । यस सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :-

**तालिका नं. ११ :** आ.व. २०७९/८० को पोषण कार्यक्रमको विवरण

| क्र.सं. | सूचकहरु | आ.व. २०७९/८० (प्रतिशतमा) | आ.व. २०८०/०८१ को पौष मसान्तसम्ममा |
|---|---|---|---|
| १ | कम जन्म तौल (२.५ भन्दा कम) भएका नवजात शिशुको प्रतिशत | ४ | १६.९ |
| २ | वृद्धि अनुगमनको लागि दर्ता गरिएका १३ महिना पुरा गरेका बालबालिकाको औसत भेट | ७.२ | ६.२ |
| ३ | जन्मेको १ घण्टा भित्र स्तनपान गराएको शिशुको प्रतिशत | १०० | १०० |
| ४ | जन्मेको ६ महिनासम्म स्तनपान गराएको बच्चाहरुको प्रतिशत | ७५.५ | ८७.५ |
| ५ | गर्भवती अवस्थामा १८० दिन आइरन चक्की प्राप्त गरेका गर्भवती महिलाहरुको प्रतिशत | ५७.६ | ५७ |
| ६ | सुत्केरी अवस्थामा भिटामिन ए प्राप्त गरेका महिलाहरुको प्रतिशत | ६१.३ | ५९.२ |
| ७ | शिघ्र कुपोषण भएका नयाँ बच्चाहरुको प्रतिशत (% of MAM Cases, new) | १.६ | ३.४ |
| ८ | शिघ्र कुपोषण भएका बच्चाहरुमध्ये निको भएकाको प्रतिशत | ९३ | १०० |
| ९ | ३ साइकल (१८० पिस) बालभिटा पाउने ६ देखि २३ महिनाको बालबालिकाको प्रतिशत) | ८ | १.७ |
| १० | पहिलो चरणमा भिटामिन ए को आम वितरणको प्रतिशत | ९६ | ९० |
| ११ | दोस्रो चरणमा भिटामिन ए को आम वितरणको प्रतिशत | ९६ | - |
| १२ | क्याल्सियम चक्की पाएका महिलाहरुको प्रतिशत | ५५.४ | २५.८ |

*स्रोत : आ.व. २०७९/८० को वार्षिक प्रगति विवरण*

**तालिका नं. १२ :** समुदायमा आधारित नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन (IMNCI) कार्यक्रम

| क्र.सं. | सूचकहरु | आ.व. २०७९/८० | आ.व. २०८०/०८१ को पौष मसान्तसम्ममा |
|---|---|---|---|
| १. | श्वासप्रश्वास बिरामी दर (प्रति हजार २-५९ महिनाका बालबालिकाहरुमा) | ४९२ | ४३५ |
| २. | निमोनिया बिरामीको दर (प्रति हजार २-५९ महिनाका बालबालिकाहरुमा) | ६८ | ७०.३ |
| ३. | निमोनिया तथा कडा निमोनिया भएका बच्चा मध्ये एमोक्सिसिलिनद्वारा उपचार गर्नेको प्रतिशत | १०० | १०० |
| ४. | झाडापखालाका बिरामी दर (प्रति हजार २-५९ महिनाका बालबालिकाहरुमा) | २२८ | १६७.७ |

| क्र.सं. | सूचकहरु | आ.व. २०७९/८० | आ.व. २०८०/०८१ को पौष मसान्तसम्ममा |
|---|---|---|---|
| ५. | २-५९ महिनाका झाडापखालाका बिरामी मध्ये जिंक र पुनर्जलीय झोलबाट उपचार पाएकाको प्रतिशत | ९९.३ | ९८.६ |
| ६. | दिघ्र झाडापखाला लागेका बालबालिका संख्या | १ | ० |
| ७. | मध्यम र कडा कुपोषण भएका बालबालिकाको संख्या | ११ | २ |
| ८. | २ महिना मुनिको शिशुको जम्मा मृत्यु | ० | ० |
| ९. | २-५९ महिना बालबालिकाको जम्मा मृत्यु | ० | ० |

### आ. व. २०७९/८०

### क) वृद्धि अनुगमन

| वृद्धि अनुगमनका लागि दर्ता भएका बच्चा | वृद्धि अनुगमन गरिएका बालबालिकाहरूको पोषण स्थिति | | | | | | वृद्धि अनुगमनका लागि दर्ता गरिएका २३ महिना पूरा गरेका जम्मा बालबालिकाको संख्या | वृद्धि अनुगमनका लागि दर्ता गरिएका २३ महिना पूरा गरेका बालबालिकाका तौल लिएको जम्मा पटक |
|---|---|---|---|---|---|---|---|---|
| | ०-११ महिना | | | १२-२३ महिना | | | | |
| | सामान्य | जोखिम/मध्यम कुपोषण | अति जोखिम/कडा कुपोषण | सामान्य | जोखिम/मध्यम कुपोषण | अति जोखिम/कडा कुपोषण | | |
| पहिलो पटक भेट | ४६० | ७ | ३ | १२३ | ३ | २ | | |
| दोहोरिई आएका | २१३३ | ५१ | ५ | १६६२ | ५८ | ८ | ३५८ | ४३१६ |

### ख) गर्भवती र सुत्केरी महिलामा पोषण

| आइरन जुकाको औषधी पाएका गर्भवती महिलाको संख्या | | | क्याल्सियम चक्की पाएका गर्भवती महिला | आइरन भिटामिन ए पाएका सुत्केरी महिला | |
|---|---|---|---|---|---|
| पहिलोपटक आइरन चक्की | १८० आइरन चक्की | जुकाको औषधी | | ४५ आइरन चक्की | भिटामिन ए |
| ३१३ | २३६ | ३१३ | २४३ | २५२ | २४७ |

### आ.व. २०८०/८१ पौष मसान्तसम्म

### क) वृद्धि अनुगमन

| वृद्धि अनुगमनका लागि दर्ता भएका बच्चा | वृद्धि अनुगमन गरिएका बालबालिकाहरूको पोषण स्थिति | | | | | | वृद्धि अनुगमनका लागि दर्ता गरिएका २३ महिना पूरा गरेका जम्मा बालबालिकाको संख्या | वृद्धि अनुगमनका लागि दर्ता गरिएका २३ महिना पूरा गरेका बालबालिकाका तौल लिएको जम्मा पटक |
|---|---|---|---|---|---|---|---|---|
| | ०-११ महिना | | | १२-२३ महिना | | | | |
| | सामान्य | जोखिम/मध्यम कुपोषण | अति जोखिम/कडा कुपोषण | सामान्य | जोखिम/मध्यम कुपोषण | अति जोखिम/कडा कुपोषण | | |
| पहिलो पटक भेट | २०४ | ४ | ० | २९ | १ | ० | | |
| दोहोरिई आएका | ९९२ | २९ | ० | ६५७ | ३३ | ० | ११५ | १४१७ |

## ख) मातृ स्वास्थ्य

| आइरन जुकाको औषधी पाएका गर्भवती महिलाको संख्या | | | क्याल्सियम चक्की पाएका गर्भवती महिला | आइरन भिटामिन ए पाएका सुत्केरी महिला | |
|---|---|---|---|---|---|
| पहिलोपटक आइरन चक्की | १८० आइरन चक्की | जुकाको औषधी | | ४५ आइरन चक्की | भिटामिन ए |
| १२९ | १२६ | १२९ | ५७ | १३१ | १३१ |

**मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रम सम्बन्धी विवरण**

| क्र.सं. | सूचकहरु | आ.व. २०७९/८० | आ.व. २०८०/०८१ को पौष सान्तसम्ममा |
|---|---|---|---|
| १ | पहिलो पटक गर्भवती जाँच गराएका (जुनसुकै समयमा) गर्भवती महिलाको प्रतिशत | ८०.६ | ८२.८ |
| २ | प्रोटोकल अनुसार पहिलो पटक गर्भवती जाँच गराएका गर्भवती महिलाहरुको प्रतिशत (आ.व. २०७९/८० - १२ हप्ता सम्मको) | ५१ | २९.३ |
| ३ | ४ पटक गर्भवती जाँच गराउने महिलाहरुको प्रतिशत ( ४/६/८/९ महिना वा १६, २०-२४ , ३२ र ३६ हप्ता) | ४९ | ५७ |
| ४ | प्रोटोकल अनुसार (८ पटक) गर्भवती जाँच गराउने महिलाहरु | २६.४ | ४४.८ |
| ५ | घरमा जिवित जन्म भएको नवजात शिशुको जम्मा संख्या | २४ | ११ |
| ६ | जन्मने वित्तिकै नाभी मलम लगाएका नवजात शिशुहरुको प्रतिशत | १०० | १०० |
| ७ | घरमा मृत्यु भएका नवजात शिशुको जम्मा संख्या | | १ |
| ८ | संस्थागत प्रसुति दर | ५१.५ | ५३.९ |
| ९ | दक्ष प्रसुतिकर्मी/स्वास्थ्यकर्मीद्वारा प्रसुति भएको दर | ४५.८ | ४८ |
| १० | अवधि नपुगी जन्मिएका नवजात शिशुहरुको प्रतिशत | १.३ | ०.८ |
| ११ | प्रोटोकल अनुसार सुत्केरी जाँच गराउने आमाहरुको प्रतिशत ( ४ पटक) | ५२.६ | ७८.३ |
| १२ | आकस्मिक जटिलता युक्त अवस्थाको व्यवस्थापन भएको प्रतिशत | १.५ | १.६ |
| १३ | संस्थागत सुत्केरी मध्ये आमा सुरक्षा प्रोत्साहन भत्ता लिनेको प्रतिशत | १०० | १०० |
| १४ | संस्थागत सुत्केरी मध्ये चारपटक गर्भ जाँच गराए वापतको प्रोत्साहन लिनेको प्रतिशत | १०० | १०० |
| १५ | सुरक्षित गर्भपतन गराउने महिलाहरुको प्रतिशत | १.६ | ७.७ |
| १६ | गर्भपतन पश्चात् परिवार नियोजनका साधन प्रयोग गर्ने महिलाहरुको प्रतिशत | ० | १०० |
| १७ | जम्मा मातृ मृत्यु संख्या | ० | ० |
| १८ | जम्मा नवजात मृत्यु संख्या | ४ | १ |
| १९ | जम्मा मृत जन्म संख्या | ३ | १ |

**मातृ तथा नवजात शिशु स्वास्थ्य कार्यक्रम**

| गर्भजाँच (पटक) | आ.व. २०७९/८० को संख्या | | जम्मा | आ.व. २०८०/०८१ को पौष मसान्तसम्मको संख्या | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २० वर्षमुनी | २० वर्षमाथि | | २० वर्षमुनी | २० वर्षमाथि | |
| जुनसुकै समयमा पहिलो जाँच | ११६ | ३३२ | ४४८ | ४१ | १४२ | १८३ |
| १२ हप्तासम्म पहिलो जाँच | ७६ | २०६ | २८२ | ३५ | ९५ | १३० |
| ४ पटक (१६, २०-२४, ३२ र ३६ हप्ता) | ४४ | १७४ | २१८ | २७ | ९९ | १२६ |
| ८ पटक (प्रोटोकल अनुसार) | २९ | ८९ | ११८ | १२६ | ४१२ | ५३८ |
| **जम्मा** | **२६५** | **८०१** | **१०६६** | **२२९** | **७४८** | **९७७** |

**परिवार नियोजन सेवा**

गाउँपालिकामा रहेका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक तथा महिला स्वास्थ्य स्वयम् सेविकाले परिवार नियोजनको अस्थायी सेवा दिने गर्दछन् । उपलब्ध तथ्यांकका अनुसार परिवार नियोजन सेवाको नयाँ सेवाग्राही दर १०.४० प्रतिशत रहेको छ भने हाल अस्थायी साधन प्रयोगकर्ता ११४० जना रहेका छन् । त्यसैगरी, परिवार नियोजनका हाल स्थायी साधन प्रयोगकर्ता नभएको पाइन्छ । पालिकामा परिवार नियोजन तर्फ विशेष ध्यान दिई कार्यक्रम सञ्चालन हुनुपर्दछ। स्थायी परिवार नियोजन सेवा शिविरका माध्यमबाट तथा संस्थागत रूपमा नियमित सञ्चालन हुने व्यवस्था मिलाउनु पर्दछ। परिवार नियोजन सेवा सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :-

**क) अस्थायी परिवार नियोजन**

**अस्थायी परिवार नियोजनका साधन प्रयोगकर्ता सम्बन्धी विवरण**

| सुचकहरू | आ.व. २०७९/८० | आ.व. पौष मसान्त २०८०/८१ |
|---|---|---|
| परिवार नियोजन सेवाको नयाँ सेवाग्राही दर (प्रजनन उमेरका महिलाहरु मध्ये) | १०.४० (प्रतिशत) | ४.९ |
| कण्डम (CYP) | ११९.३० ( प्रतिशत) | ५७ |
| हाल प्रयोगकर्ता संख्या | | |
| पिल्स | ११७ | १०७ |
| डिपो | ३९७ | ४२९ |
| आई.यु.सी.डी. | ११३ | ११३ |
| इम्प्लान्ट | ५१३ | ५३९ |
| जम्मा हाल प्रयोगकर्ता (अस्थायी साधन) | ११४० | ११८८ |
| जम्मा हाल प्रयोगकर्ता (स्थायी साधन) | ० | ० |

| सुचकहरू | आ.व. २०७९/८० | आ.व. पौष मसान्त २०८०/८१ |
|---|---|---|
| परिवार नियोजन प्रयोगकर्ता दर (अस्थायी र स्थायी) (प्रजनन उमेरका महिलाहरु मध्ये) | २७ | ३५ |

## ख) स्थायी परिवार नियोजन (बन्ध्याकरण)

| आ.व. / बन्ध्याकरण | | नयाँ प्रयोगकर्ता | | | | | हाल अपनाईरहेका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वास्थ्य संस्था | | शिविर | | जम्मा | | | जम्मा |
| | | महिला | पुरुष | महिला | पुरुष | | महिला | पुरुष | |
| आ.व. २०७९/८० | सरकारी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | गैरसरकारी | | | | | | | | |
| आ.व. २०८०/८१ चैत समान्त | सरकारी | | | | | | | | |
| | गैरसरकारी | | | | | | | | |

*स्रोतः स्वास्थ्य शाखा, २०८१*

## (ख) स्वास्थ्य संस्थाहरू सम्बन्धी विवरण

गाउँपालिकाबाट प्राप्त पछिल्लो तथ्याङ्क अनुसार हाल यहाँ ३ वटा स्वास्थ्य चौकी, ४ वटा आधारभुत स्वास्थ्य केन्द्र, १ वटा सामुदायिक स्वास्थ्य इकाइ, १ वटा आयुर्वेद औषधालय, ३ वटा क्षयरोग डट्स सेन्टर, ४ वटा बर्थिङ सेन्टर र १ वटा मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा प्रवाह भइरहेको छ । यसका अलावा यहाँ ८ वटा गाउँघर क्लिनिक, १२ वटा खोप क्लिनिक संचालनमा रहेका छन् । गाउँपालिकाभर २१ जना स्वास्थ्यकर्मी सहित २७ जना महिला स्वास्थ्य स्वयम सेविकाहरु स्वास्थ्य सेवा प्रवाहमा सकृय रहेका छन् ।

यहाँ पालिकास्तरीय १५ शैयाको आधारभूत अस्पताल निर्माणाधीन अवस्थामा रहेको छ । पालिकास्तरीय १ एम्बुलेन्स सेवा संचालनमा रहेको छ भने गर्भवती महिलाहरुलाई प्रत्येक महिनामा एक पटक निःशुल्क भिडियो एक्सरे सेवा, नेपाल नेत्रज्योति संघसँग समन्वय र व्यवस्थापनमा अप्रेशन सहितको आँखा शिविर संचालन, नेपाल रेडक्रस सोसाईटीसँगको सहकार्यमा बृहत स्वास्थ्य शिविर संचालन लगायतका कार्यक्रमहरु भइरहेका छन् । गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण देहाय बमोजिम रहेको छ ।

### गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण

| क्र.सं. | स्वास्थ्य संस्थाको विवरण | संख्या |
|---|---|---|
| १ | स्वास्थ्य चौकी | ३ |
| २ | सामुदायिक स्वास्थ्य इकाइ संख्या | १ |
| ३ | आधारभूत स्वास्थ्य सेवा केन्द्र संख्या | ४ |
| ४ | आयुर्वेद औषधालय | १ |
| ५ | बर्थिङ सेन्टर | ४ |
| ६ | खोप क्लिनिक संख्या | १२ |

| क्र.सं. | स्वास्थ्य संस्थाको विवरण | संख्या |
|---|---|---|
| ७ | गाउँघर क्लिनिक संख्या | ८ |
| ८ | महिला स्वास्थ्य स्वयंसेविका संख्या | २७ |
| ९ | प्रयोगशाला भएका स्वास्थ्य संस्था संख्या | १ |
| १० | मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था संख्या | १ |
| ११ | क्षयरोग डट्स सेन्टर संख्या | ३ |
| १२ | माइक्रोस्कोपी केन्द्र संख्या | १ |
| १३ | SBA तालिम प्राप्त स्वास्थ्यकर्मी संख्या | ५ |
| १४ | सुरक्षित गर्भपतन सेवा केन्द्र संख्या | १ |
| १५ | आइयूसिडी सेवा प्रदायक स्वास्थ्य संस्था संख्या | १ |
| १६ | इम्प्लान्ट सेवा प्रदायक स्वास्थ्य संस्था संख्या | १ |
| १७ | ५ वटै अस्थाई परिवार नियोजन सेवा प्रदान गर्ने स्वास्थ्य संस्था | ३ |
| १८ | किशोर किशोरी मैत्री स्वास्थ्य संस्था संख्या | १ |
| १९ | OTC Center संख्या | २ |
| २० | सुरक्षित गर्भपतन सेवा दिने स्वास्थ्य संस्था | १ |
| २१ | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति नियमित बैठक बसेको समिति संख्या | ९६ |
| २२ | एम्बुलेन्स (चालु अवस्थामा रहेका) संख्या | १ |
| २३ | पोलिक्लिनिक | १ |
| २४ | क्लिनिक | ३ |
| २५ | फार्मेसी | १ |

*स्रोत : गाउँकार्यपालिकाको कार्यालय २०८१*

### (ग) स्वास्थ्य बीमा

स्वास्थ्य बीमा कार्यक्रम स्वास्थ्य सेवा उपयोगको क्रममा हुने अनियोजित खर्चको जोखिमलाई अग्रीम व्यवस्थापन गर्दै बित्तीय संरक्षण प्रदान गर्ने अवधारणा अन्तर्गत सरकारले ल्याएको सामाजिक सुरक्षाको एक महत्वपूर्ण कार्यक्रम हो । गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकारको संरक्षण गर्न, स्वास्थ्य बीमाद्वारा पूर्व भुक्तानीको माध्यमबाट बीमितको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा स्वास्थ्य सेवा प्रदायकको दक्षता र जवाफदेहिता अभिवृद्धि गरी स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्न स्वास्थ्य बीमा ऐन २०७४ जारी भएको छ। यस कार्यलाई थप व्यवस्थित गर्न स्वास्थ्य बीमा नियमावली २०७५ समेत पारित गरिएको छ। गाउँबासीहरूले स्वास्थ्य सेवा सुविधामा पहुँच पुऱ्याउने गरी नेपाल सरकारले सञ्चालन गरेको स्वास्थ्य बीमा कार्यक्रममा ६ वटा वडामा बीमा अभिकर्ता रहेका छन् । आ.व. २०७९/८० मा सञ्चालित स्वास्थ्य बीमा कार्यक्रमको विवरण तल तालिकामा दिइएको छ ।

**तालिका नं. १३ :** स्वास्थ्य बीमा कार्यक्रम (कार्यक्रम लागु भएको जिल्लामा मात्र)

| क.सं. | विवरण | उपलब्धी |
|---|---|---|
| १ | जम्मा विमित परिवार | ८५० (४.२% population) |
| २ | जेष्ठ नागरिक | २५० |
| ३ | क वर्ग अपाङ्गता | ८९ |
| ४ | सा.म.स्वा.स्व. सेबिका | २० |
| ५ | जम्मा प्रिमियम संकलन | रु. ६०००००/– |

## (घ) प्रमुख स्वास्थ्य समस्या सम्बन्धी विवरण

यस गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरूमा उपचार गर्न आउने बिरामीमा प्रमुख देखिएका स्वास्थ्य समस्याहरू देहाय बमोजिम रहेका छन् :-

**तालिका नं. १४ :** प्रमुख दश रोगहरुको नाम (बहिरंग बिरामी)

| क.सं. | रोगको नाम | आ.व. २०७९/८० बिरामी संख्या | रोगको नाम | आ.व. २०८० पौष मसान्तसम्म |
|---|---|---|---|---|
| १ | APD (Gastritis) | २१५५ | APD (Gastritis) | ७७५ |
| २ | URTI | २०१४ | Headache | ६९६ |
| ३ | Headache | १३३५ | URTI | ५६९ |
| ४ | Enteric Fever | १०१३ | Enteric Fever | ४९० |
| ५ | Backache | ९०१ | Backache | ४४८ |
| ६ | Tonsilitis | ६२३ | Tonsilitis | २५० |
| ७ | Amoebic dysentery/ Amoebiasis | ५५८ | Fungal Infection | २०६ |
| ८ | Fungal Infection | ५१५ | Hypertension | |
| ९ | Rhinitis | ४७९ | Dental caries | १८७ |
| १० | UTI | ४३२ | **Boils** | **१८५** |

*स्रोत : गाउँकार्यपालिकाको कार्यालय, २०८१*

**तालिका नं. १५ :** आ.व. २०७९/८० को Malaria, TB, Leprosy and HIV सम्बन्धी विवरण

| क.सं. | Malaria, TB, Leprosy and HIV | आ.व. २०७९।८० |
|---|---|---|
| 1 | Malaria Slide Positivity Rate | ० |
| 2 | Total number of Dengue cases | ० |

| क्र.सं. | Malaria, TB, Leprosy and HIV | आ.व. २०७९।८० |
|---|---|---|
| 3 | % of imported malaria | ० |
| 4 | Proportion of Plasmodium Falciparum Malaria | ० |
| 5 | TB case Notification rate(all form of TB) | ५९ |
| 6 | TB Treatment Success Rate | १०० |
| 7 | Leprosy Prevalence Rate /10000 population | ० |
| 8 | Number of HIV +ve patients on ART | ० |

*स्रोत : http://103.233.56.101:5003/profiling/main/darma*

**तालिका नं. १६ :** नसर्ने तथा मानसिक रोगहरुको विवरण

| Disease | Number of new case | Gender | |
|---|---|---|---|
| | | Male | Female |
| Hypertension | ३२ | १८ | १४ |
| Diabetes | ६ | ४ | २ |
| COPD | ६ | ३ | ३ |
| Asthma | ७९ | ३६ | ४३ |

*स्रोत : आ.व. २०७९/८० को वार्षिक प्रगति विवरण*

## ५.३ खानेपानी र सरसफाई

सफा सुन्दर र स्वच्छ क्षेत्र सभ्यताको प्रमुख परिचायक हो । त्यसैगरी स्वस्थ जीवन जिउन हाम्रो वरपरको जनजीवन र सेरोफेरो सफा हुनु जरुरी छ । तथापि स्वच्छ पानी तथा सरसफाई मानवीय स्वास्थ्यलाई प्रभाव पार्ने प्रमुख तत्वहरू भएको र दिगो विकास लक्ष्यको लक्ष्य नं ६ ले खानेपानी तथा सरसफाईलाई सुनिश्चितता गर्नुका साथै नेपालको संविधानले पनि खानेपानी तथा सरसफाई सुविधालाई नागरिकको मौलिक हकको रुपमा व्याख्या गरेको हुनाले स्वस्थ नागरिक उत्पादनमा योगदान पुऱ्याउन गुणस्तरीय खानेपानी र सरसफाईको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी थप खानेपानी आयोजनाहरू निर्माण गर्नुपर्ने साथै वैज्ञानिक विधिहरूको प्रयोग गरी फोहोरमैला व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ ।

### क) खानेपानी

गाउँपालिकामा हाल चिसापानी, मुहान देखि गोठिवन खानेपानी आयोजना, सागिने किमुटाकुरा सुनार गाउँ खानेपानी आयोजना, कैलासीखोला, सिगारीकोट खानेपानी आयोजना, रतुवामारे, किमुटाकुरा चिप्ले लिफ्ट खानेपानी आयोजना तथा सुनधारा, सुर्योदय मा.वि. लिफ्ट खानेपानी आयोजना खानेपानी योजना संचालनमा रहेका छन् भने केही नयाँ आयोजना निर्माण भएका छन् । पालिकामा खानेपानीको मुख्य श्रोतको रुपमा पाइप धारा, मूल धारा, ईनार तथा कुवा रहेका छन् ।

**तालिका नं. १७ :** खानेपानीको मुख्य श्रोतको आधारमा घरपरिवारको विवरण

| वडा | पाइप धारा (घरपरिसर बाहिर) | मूल धारा | पाइप धारा (घरपरिसर भित्र) | ढाकिएको ईनार | खुला ईनार/कुवा | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १४० | ४७ | ३०५ | १७ | २२ | ५३१ |
| २ | १८६ | २६ | ४०० | ६ | ६ | ६२४ |
| ३ | ६०६ | ० | ८० | १ | २७ | ७१४ |
| ४ | २९९ | १३४ | ४२४ | १ | ६ | ८६४ |
| ५ | ४७२ | १८ | ३२३ | १ | ८ | ८२४ |
| ६ | १२८ | ६७ | ५०३ | ० | ९ | ७०७ |
| जम्मा | १८३१ | २९२ | २०३५ | २६ | ७८ | ४२६४ |
| प्रतिशत | ४२.९४ | ६.८५ | ४७.७३ | ०.६१ | १.८३ | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*




यस गाउँपालिकामा रहेका ४२६४ घरपरिवारहरू मध्ये पाइप/धारा (घरपरिसर भित्र) बाट पिउनेको संख्या २०३५ अर्थात ४७.७३ प्रतिशत, धारा/पाइप (घरपरिसर बाहिर) बाट पिउनेको संख्या १८३१ अर्थात ४२.९४ प्रतिशत रहेको छ। सामान्यतया धेरैजसो घरपरिवारले पाइप वा धारा बाट खानेपानी प्रयोग गर्ने गरेको पाइयो भने अन्यले मूल धारा, ईनार तथा कुवाको पानी पिउने गरेको तथ्यांकले देखाएको छ। मूल धाराको पानी पिउने परिवारको संख्या २९२ अर्थात ६.८५ प्रतिशत रहेका छन्। त्यसैगरी खुला ईनार/कुवा प्रयोग गर्नेको संख्या ७८ अर्थात १.८३ प्रतिशत रहेको छ भने ढाकिएको ईनार प्रयोग गर्नेको संख्या २६ रहेको छ।

यस गाउँपालिकामा रहेका खानेपानी आयोजनाहरू देहाय बमोजिम रहेका छन् :-

**तालिका नं. १८ :** गाउँपालिकामा रहेका सिँचाई आयोजनाहरु सम्बन्धी विवरण

| क्र.सं. | आयोजनाको नाम | आयोजना स्थल | आयोजनाको किसिम नयाँ पुरानो निर्माणाधिन | लाभान्वित घरधुरी |
|---|---|---|---|---|
| १. | तिमिलाचौर रातामाटा खानेपानी निर्माण | तिमिलाचौर रातामाटा | नयाँ | २८ |
| २. | चिन्नेगर्हरा एक्ला सल्ला गौर्राफाल्ने खानेपानी निर्माण | चिन्नेगर्हरा देखि गौरीफाल्ने सम्म | नयाँ | ३५ |

| क्र.सं. | आयोजनाको नाम | आयोजना स्थल | आयोजनाको किसिम नयाँ पुरानो निर्माणाधिन | लाभान्वित घरधुरी |
|---|---|---|---|---|
| ३. | दार्मा गा.पा. ५ नं.वडा भित्रका सबै ADB का योजनाहरु मर्मत | दार्मा ५ | | |
| ४. | छराखोला वडा कार्यालय सिमलनेटा रोगागाउँ साँक्ट लिफ्ट खा.पा. निर्माण योजना | छराखोला देखि सिमलनेटा रोगागाउँ साक्ट सम्म | | १५० |
| ५. | भालुखोला बाहुन पोखरा लिफ्ट खा.पा. निर्माण योजना | बाहुन पोखरा | | २०० |
| ६. | जुगेपानी बादने लिफ्ट खानेपानी निर्माण योजना | बाद्ने | | ८० |
| ७. | सिस्नेखोला लामाडाँडा दमाई गाउँ खानेपानी निर्माण योजना | सिस्ने खोला देखि दार्मागाउँ सम्म | नयाँ | १५० |
| ८. | भालुबेला काउलाबोट खानेपानी निर्माण योजना | भालुबेला देखि काउलाबोट | नयाँ | ५० |
| ९. | लुगाधुने बादरपोले चिन्तेर्ह पोखरी लिफ्ट खानेपानी निर्माण योजना | | नयाँ | ११० |
| १०. | खालीखोला भोल्टेखा तिम्लाकटेरा भालुखोला ढारखर्कसम्म खानेपानी निर्माण योजना | | नयाँ | ३० |
| ११. | बाग्दुलासिम देखि सिमखोला डुराटाकुरा खानेपानी निर्माण | | | १५ |
| १२. | सत्ययुगबाट थारमारे हुँदै गौरहाल्ने सम्म खा.पा. निर्माण | | | १५ |
| १३. | जनजागरण आ.वि. किमुटाकुरा | किमुटाकुरा | नयाँ | |
| १४. | चिसापानी, मुहान देखि गोठिवन | गोठिवन | पुरानो | ५२ |
| १५. | खालीखोला देखि अङगेरनेटा | अङगेरनेटा | नयाँ | ५५ |
| १६. | माथिल्लो चिसापानी ट्याङ्की निर्माण | गोठिवन | पुरानो | ८२ |
| १७. | सागिने किमुटाकुरा सुनारगाउँ | ADB द्वारा संचालित | पुरानो | २०० |
| १८. | कैलासीखोला, सिगारीकोट खानेपानी | | पुरानो | १५० |
| १९. | रतुवामारे, किमुटाकुरा चिप्ले लिफ्ट खानेपानी | चिप्ले | पुरानो | ५० |
| २०. | सुनधारा, सुर्योदय मा.वि. लिफ्ट खानेपानी | गोठिवन | पुरानो | ३६ |
| २१. | गौराखोला, सिद्ध टाकुरा खानेपानी | बडाचौर | नयाँ | |
| २२. | सोवितेखानी, पाखापानी, लिफ्ट खानेपानी | भूर्तिवाङ्ग | नयाँ | |
| २३. | उजेलीगैरा नवारा खानेपानी निर्माण | नवारा | नयाँ | |
| २४. | स्वाराखेत लिफ्ट खानेपानी | स्वारा | नयाँ | |
| २५. | साङटा, ढोरचौर सिँचाई कुलो तटबन्धन | साङटा | नयाँ | २५ |

| क्र.सं. | आयोजनाको नाम | आयोजना स्थल | आयोजनाको किसिम नयाँ पुरानो निर्माणाधिन | लाभान्वित घरधुरी |
|---|---|---|---|---|
| २६. | मकुन्ते खोली पानी मुहान संरक्षण | | नयाँ | |
| २७. | खरीगैरा पानी मुहान संरक्षण | | नयाँ | |
| २८. | हरिखोला पानीको मुहान संरक्षण | | नयाँ | |

## ख) सरसफाई

### शौचालयको प्रयोगको अवस्था

खुला क्षेत्रमा गरिने मलमुत्र विर्सजनले मानिसको शरीरमा खाना, पानी र श्वासप्रश्वास मार्फत किटाणुको प्रवेश हुन्छ । त्यसकारण प्रत्येक घरमा शौचालय निर्माण अनिवार्य आवश्यकता हो । सरकार तथा विभिन्न गैरसरकारी संस्थाहरूले हाल आएर शौचालय निर्माणलाई प्राथमिकता दिएको पाईन्छ । निजी घर तथा सार्वजनिक स्थलहरूमा हातधुने पानी सहित शौचालय हुनुपर्दछ । विपन्न समुदायका परिवारहरूले आफै शौचालय निर्माण गर्न नसकेको अवस्थामा सरकार विशेष गरी स्थानीय सरकारले शौचालय निर्माणमा अनुदान दिनुपर्ने हुन्छ । गाउँपालिकामा शौचालयको अवस्था सम्बन्धी विवरण तलको तालिकामा समावेश गरिएको छ ।

**तालिका नं. १९ :** परिवारले प्रयोग गर्ने चर्पीको प्रकारका आधारमा परिवारको विवरण

| वडा | फ्लस भएको (सेप्टिक ट्याङ्) | फ्लस भएको (सार्वजनिक ढल) | साधारण चर्पी | सामुदायिक चर्पी | चर्पी नभएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ३२५ | १ | १९१ | २ | १२ | ५३१ |
| २ | २४२ | १ | ३७० | ० | ११ | ६२४ |
| ३ | ३९८ | ९ | २९९ | ० | ८ | ७१४ |
| ४ | ५१९ | १७ | ३१६ | १ | ११ | ८६४ |
| ५ | २३ | ५ | ७८४ | ० | १२ | ८२४ |
| ६ | ३९८ | २ | २८५ | १ | २१ | ७०७ |
| जम्मा | १९०५ | ३५ | २२४५ | ४ | ७५ | ४२६४ |
| प्रतिशत | ४४.७ | ०.८२ | ५२.७ | ०.०९ | १.७६ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*



राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार गाउँपालिकामा रहेका कुल घरपरिवारहरूमध्ये ४४.७ प्रतिशतले फ्लस भएको (सेप्टि ट्याङ्क), ०.८२ प्रतिशतले फ्लस भएको (सार्वजनिक ढल), ५२.७ प्रतिशतले साधारण चर्पी, ०.०९ प्रतिशतले सामुदायिक चर्पी र १.७६ प्रतिशतले भने चर्पीको प्रयोग/नगरी खुल्ला स्थानहरुमा दिसा पिसाब गर्ने गरेका छन् ।

### ग) फोहोरमैला व्यवस्थापन

विशेषगरी शहरी क्षेत्र र बजार केन्द्रहरूमा जनघनत्व बढी हुने भएका कारण मानव उत्सिर्जित तथा उद्योगधन्दा र कलकारखानाबाट निस्कने फोहोरले बस्तीको सौन्दर्यलाई विरुप पार्नुको साथै सार्वजनिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्दछ । यस्तो अवस्थामा सरकार तथा समुदाय दुवैको तर्फबाट फोहर व्यवस्थापन प्रणालीलाई दीर्घकालीन रुपमा सम्बोधन गर्नुपर्दछ। फोहरले स्वास्थ्य र सौन्दर्य दुवैलाई हानी गर्दछ भन्ने कुरा हृदयंगम गर्दै फोहरको समुचित व्यवस्थापन गर्नु आवश्यक छ। कतिपय कुहिने प्रकृतिको फोहरबाट प्राङ्गारिक मल पनि बनाउन सकिन्छ ।

दार्मा गाउँपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरी यसको दिगोपनको लागि काम गर्दै आएको छ भने निकट भविष्यमा दार्मा गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाउनका लागि योजना बनाई अगाडि बढेको छ। गाउँपालिकामा उत्सर्जन भएका फोहोरमैलालाई व्यवस्थापनका लागि यहाँ घरपरिवारहरुले विभिन्न उपायहरु जस्तैः कम्पाउण्ड भित्र (बाल्ने), आफ्नै घर कम्पाउण्डभित्र (गाड्ने/थुपार्ने), नदी वा खोल्सामा फाल्ने, फोहर थुपार्ने ठाउँ/क्यानमा राख्ने, कम्पोष्ट मल बनाउने गरेको पाइयो । ग्रामीण इलाका तथा कृषि मुख्य पेशाको रुपमा रहेकोले यहाँका घरपरिवारले फोहरलाई कम्पोष्ट मलको रुपमा प्रयोग गर्नु सर्वोत्तम हुने भएकोले यो फोहर व्यवस्थापनको उत्तम उपाय रहेता पनि फोहरको प्रकृति अनुसार प्लाष्टिक जन्य तथा अन्य नसड्ने फोहरहरू खेतीयोग्य जमिनमा पर्न जाँदा क्रमशः भू-प्रदुषण बृद्धि भई उत्पादकत्वमा ह्रास आउन सक्ने देखिन्छ । अर्कोतर्फ जलाउने, खोल्सामा फाल्ने साथै सार्वजनिक स्थलमा समेत फाल्ने कार्यहरूले प्रदुषण वृद्धि गराई जनस्वास्थ्यमा प्रत्यक्ष असर गर्दछ । तसर्थ फोहोरको उचित व्यवस्थापनमा सजग बनाई गाउँपालिकामा अव्यवस्थित फोहर व्यवस्थापनलाई समयमै सम्बोधन गर्नुपर्ने देखिन्छ ।

## ५.४ युवा तथा खेलकुद

सामान्यत: १६ देखि ४० वर्ष उमेर समुहको जनसंख्यालाई युवा समूहमा राखिएको छ, जसलाई राष्ट्रिय युवा नीति, २०७२ ले परिभाषित गरेको छ । राष्ट्रिय जनसंख्या २०७८ को तथ्याङ्क अनुसार दार्मा गाउँपालिका भित्र १५ देखि ५९ वर्ष सम्मका सकृय यूवाको संख्या ११७०९ अर्थात ५८.१४ प्रतिशत रहेको छ । देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरू हुन् । युवाको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन् । काम गर्न सक्ने उच्च सक्रिय उमेरको जनसंख्या नै जनसांख्यिक लाभांश हो । यस सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :-

**तालिका नं. २० :** १५-५९ वर्ष उमेर समूहको जनसंख्या

| वडा नं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ६९४ | ७९३ | १४८७ |
| २ | ७७७ | ८९२ | १६६९ |
| ३ | ८५९ | ९२१ | १७८० |

| वडा नं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ४ | ११६२ | १२८३ | २४४५ |
| ५ | १०८१ | १२२४ | २३०५ |
| ६ | ९१७ | ११०६ | २०२३ |
| **जम्मा** | ५४९० | ६२१९ | ११७०९ |
| **प्रतिशत** | ४६.८९ | ५३.११ | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*




### खेलकुद

व्यक्तिको सर्वाङ्गिण विकासमा खेलकुदको महत्वपूर्ण भूमिका हुन्छ। अनुशासन, राष्ट्रिय भाईचारा प्रदर्शन गरी शारीरिक तन्दुरुस्ती कायम गर्न खेलकुद विकासको अहम् महत्व रहेको हुन्छ। यहाँ विद्यालय हाता भित्रका खेलमैदान बाहेक वडा नं. ६ मा शहिदस्मृति रंगशाला र पालिका विभिन्न स्थानमा ४ वटा खेलकुद मैदान रहेका छन् भने पालिकास्तरीय खेलग्राम स्थापनाका लागि विस्तृत अध्ययन प्रतिवेदन (DPR) तयार भएको छ ।

## ५.५ महिला, बालबालिका र जेष्ठ नागरिक

### बालबालिकाको जनसंख्या र बालविवाह

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यहाँका विवाहित जनसंख्या मध्ये पहिलो विवाह गर्दाको उमेरको विवरण अध्ययन गर्दा पहिलो विवाह गर्दाको उमेर १५ वर्षभन्दा कम भएका पुरुष २२१ जना र महिला ७१८ जना रहेका छन्। यसैगरी पहिलो विवाह गर्दाको उमेर १५ देखि १७ हुने पुरुषको संख्या १,१२९ र महिलाको संख्या २,४५३ रहेको छ । यसर्थ कुल विवाहित महिलाहरूमध्ये लगभग ५३.६६ प्रतिशत महिलाहरूको १७ वर्ष नपुग्दै वा पुग्दा पुग्दै विवाह भैसकेको देखिन्छ। कानूनी रूपमा हेर्दा समेत मुलूकी देवानी (संहिता) ऐन, २०७४ को प्रावधान अनुसार २० वर्षभन्दा कम उमेरमा विवाह गर्न बन्देज रहेतापनि

त्यसको कार्यान्वयनको अवस्था नाजुक देखिन्छ। छिटो विवाह गर्नाले अध्ययन तथा रोजगारीमा पर्ने नकारात्मक प्रभावका साथै शारीरिक तथा मानसिक विकास समेत पूर्णरूपमा नभैसकेको अवस्थामा विवाह गर्दा त्यसले शारीरिक, पारिवारिक र सामाजिक रूपमा जटिलता थप्ने निश्चित छ। तसर्थ उपयुक्त समयमा विवाह गर्न अनिवार्य गर्नुपर्ने र छिटो विवाह गर्ने कार्यलाई पूर्ण रूपले निरुत्साहित गर्नुपर्ने देखिन्छ। २० बर्ष भन्दा मुनीको उमेरमा विवाह गर्नेहरुको विस्तृत विवरण तलको तालिकामा समावेश गरिएको छ।

**तालिका नं. २१ :** २० वर्ष भन्दा कम उमेरमा पहिलो विवाह गर्ने जनसंख्या सम्बन्धी विवरण

| लिङ्ग | १४ वर्ष भन्दा कम | १५-१७ वर्ष | १८-२० वर्ष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| पुरुष | २२१ | ११२९ | १९८६ | **३३३६** | ३९.२५६ |
| महिला | ७१८ | २४५३ | १९९१ | **५१६२** | ६०.७४४ |
| **जम्मा** | **९३९** | **३५८२** | **३९७७** | **८४९८** | १०० |
| प्रतिशत | ११.०४९७ | ४२.१५११ | ४६.७९९२५ | १०० | |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*




## जेष्ठ नागरिक तथा एकल महिला

राष्ट्रिय जनगणना २०७८को तथ्याङ्क अनुसार यस गाउँपालिकाको जम्मा जनसंख्या मध्ये ७२० जना ज्येष्ठ नागरिक रहेका छन्। जसमध्ये ४०१ अर्थात ५५.६९ प्रतिशत महिला छन् भने ३१९ अर्थात ४४.३१ प्रतिशत पुरुष रहेका छन्। यसैगरी गाउँपालिकामा २२ जना एकल महिलाहरु रहेका छन्। जसको वडागत विस्तृत विवरण तालिकामा समावेश गरिएको छ।

**तालिका नं. २२ :** ज्येष्ठ नागरिक तथा एकल महिला सम्बन्धी विवरण

| वडा | ज्येष्ठ नागरिक (पुरुष) | ज्येष्ठ नागरिक (महिला) | जम्मा |
|---|---|---|---|
| १ | ४६ | ६२ | १०८ |
| २ | ५३ | ५९ | ११२ |
| ३ | ४५ | ६५ | ११० |
| ४ | ५१ | ५६ | १०७ |

| वडा | ज्येष्ठ नागरिक (पुरुष) | ज्येष्ठ नागरिक (महिला) | जम्मा |
|---|---|---|---|
| ५ | ६० | ७७ | १३७ |
| ६ | ६४ | ८२ | १४६ |
| **जम्मा** | ३१९ | ४०१ | ७२० |
| **प्रतिशत** | ४४.३१ | ५५.६९ | १००.०० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

गाउँपालिकामा जेष्ठ नागरिकका लागि सञ्चालित कार्यक्रममा १३७ जनालाई न्यानो कपडा वितरण तथा १००३ जना जेष्ठ नागरिकको सुगर प्रेसर चेकजाँच, बालविवाह महिला हिंसा तथा विभिन्न कुरीति र कुप्रथाको अन्त्य गर्न दार्मा गाउँपालिकाको माध्यमिक विद्यालयहरुमा भिडियो डकुमेन्ट्री प्रदर्शन गरिएको छ । आ.व. २०८०/८१ मा सञ्चालित बैंक खाता छोरीको कार्यक्रम मार्फत ७०० छोरीहरु लाभान्वित भएका छन् ।



**अपाङ्ग र जेष्ठ नागरिक परिचयपत्र वितरण :**

अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाई सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण विहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग (पहेलो रङको परिचयपत्र) र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार अपाङ्गता भएकाको जनसंख्या ५०० रहेको छ। आ.व. २०८०/८१ मा २५४ जनालाई अपाङ्ग परिचय पत्र वितरण गरिएको छ भने अपाङ्गलाई सहायता सामग्री वितरण कार्यक्रमहरु सञ्चालन गरेका छन्। यस गाउँपालिकाको अपाङ्गताको किसिम अनुसार अपाङ्गता भएका व्यक्तीहरुको विवरण देहाय बमोजिम रहेको छ :-

**तालिका नं. २३ :** अपाङ्गताको किसिम अनुसार अपाङ्गता भएका जनसंख्याको विवरण

| उमेर समूह | लिङ्ग | शारिरीक अपाङ्गता | न्यून दृष्टियुक्त | दृष्टिविहिन | बहिरोपना भएका | न्यून श्रवणशक्ति भएको | बहिरोपन र आँखा देख्न नसक्ने दुवै | बोल्न नसक्ने | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | अनुवंशिय रक्तश्राव | अटिजम | बहुअपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **० - ४ वर्ष** | पुरुष | ५ | १ | १ | ० | ० | ० | १ | ० | ० | ० | २ | १ | ११ |
| | महिला | ३ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ५ |
| | **जम्मा** | **८** | **१** | **२** | **०** | **०** | **०** | **१** | **०** | **०** | **०** | **३** | **१** | **१६** |
| **५ - ९ वर्ष** | पुरुष | ३ | ० | २ | ० | ० | ० | २ | ० | ० | १ | ० | १ | ९ |
| | महिला | ७ | १ | ० | १ | १ | ० | ४ | ० | ० | ० | ० | ० | १४ |
| | **जम्मा** | **१०** | **१** | **२** | **१** | **१** | **०** | **६** | **०** | **०** | **१** | **०** | **१** | **२३** |
| **१० - १४ वर्ष** | पुरुष | १० | ३ | २ | २ | २ | १ | ६ | १ | ० | ० | ० | २ | २९ |
| | महिला | ११ | ० | ० | ० | १ | ० | १ | ० | १ | ० | ० | २ | १६ |
| | **जम्मा** | **२१** | **३** | **२** | **२** | **३** | **१** | **७** | **१** | **१** | **०** | **०** | **४** | **४५** |
दार्मा गाउँपालिकाको कूल क्षेत्रफल मध्ये ४३.१६ प्रतिशत भू-भाग वन जंगलले ओगटेको छ। यस गाउँपालिकामा यथेष्ट मात्रामा सामुदायिक वन, धार्मिक वन र सिमित मात्रमा निजी वन रहेका छन् । वनजंगलले प्रशस्त क्षेत्र ओगटेको तथा मध्यवर्ती क्षेत्र हुनाले विभिन्न जनावर जस्तैः भालु, स्याल, चितुवा, खरायो, बँदेल, बाँदर, मृग, कस्तुरी साथै चराचुरुङ्गी कालिज, तित्रा, डाँफे, मुनाल, सुँगा, चिल आदि पाइन्छ ।

वनस्पतिमा गुराँस, साल, सल्ला, उत्तिस, सिरिस, चिलाउने, तथा गैरकाष्ठजन्य सुनगाभा, सिरु, कुटमिरो, कास, खर, बाँस र जडिबुटीमा चिरौतो, लोत्ता, अर्गेली, मजेटो, बोझो, पाखनवेद, धुपी आदि पाइन्छ। जलचर प्राणी माछा, आदि रहेका छन् । यो गाउँपालिका वन्यजन्तु तथा पशुपंक्षी अनुसन्धानकर्ताहरुका लागि पनि आर्कषक थलोको रुपमा रहेको छ ।

दिगो विकास लक्ष्यको लक्ष्य नं. १५ मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने, भू-क्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने कुरा उल्लेख गरिएको छ । तसर्थ पर्यावरणीय सन्तुलन, वायुमण्डलको स्वच्छता तथा जीवजन्तुको वासस्थान कायम राख्न वनजंगलको संरक्षण प्राथमिकतामा राख्नु जरुरी छ । अर्कोतर्फ यस गाउँपालिकामा वन क्षेत्रबाहेक झाडी बुट्यान क्षेत्र र खेर गइरहेका जमिन पनि केही मात्रामा रहेकाले उक्त जमिनमा व्यापक जनपरिचालन गरी बृक्षारोपण गर्नुपर्ने देखिन्छ जसले गर्दा गाउँपालिकालाई एक प्रकारको हरित बगैंचाको रुपमा विकास गरी वनलाई आयआर्जनसँग जोड्न सकिन्छ। त्यसैगरी गाउँपालिकाको अधिकांश क्षेत्र तराईको समथर क्षेत्र भएकाले अधिकांश क्षेत्रमा वर्षातको समयमा निरन्तर नदी कटान हुने र विभिन्न वडाहरू डुबानमा परी सडक अवरुद्ध हुनुका साथै धनजनको क्षति हुने हुनाले भू-संरक्षणका हिसाबले अति संवेदनशील क्षेत्रहरूमा बृक्षारोपण, बाँध निर्माण, तारजाली, तटबन्ध तथा परम्परागत बाढी नियन्त्रण र भू-संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। साथै भू-संरक्षणको प्रभावकारी उपाय बृक्षारोपण भएकाले सो कार्यलाई प्राथमिकतामा राख्नु अति आवश्यक छ ।

## वातावरण तथा फोहोरमैला

हाम्रो वरपर रहेका प्राकृतिक अवयवहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, वनस्पती, जीवजन्तु र प्राकृतिक जीवनचक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सिर्जना गरेका भौतिक अवस्थालाई वातावरण भनिन्छ। वातावरण संरक्षण भनेको सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको पाटो हो । यसमा समग्रमा जल, जमिन, जंगल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ। वातावरण प्रदुषणले मानिसमा विभिन्न किसिमका रोगहरू निम्त्याउँछ । नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनी मौलिक हकको रुपमा उल्लेख गरिएको छ । गाउँपालिकाले फोहोरलाई स्रोतमै वर्गीकरण गरी सकेसम्म कम फोहोर उत्पादन गर्ने, वातावरणमैत्री सामाग्रीहरुको मात्र प्रयोग गर्ने र उत्सर्जित फोहोरलाई मोहर बनाई आय आर्जन, सभ्यता र स्वास्थ्यसँग जोड्ने अभियानको थालनी गर्नुपर्दछ। गाउँपालिकालाई क्रमशः प्लाष्टिक र शिशामुक्त गाउँपालिका बनाउने अभियानमा प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्दै फाईबर झोलाको प्रयोगलाई प्रोत्साहन, आयातित डिस्पोजल थाली, प्लेटलाई विस्थापन गर्ने गरी स्थानीय सालको पातको दुना टपरी उद्योग सञ्चाल गर्ने लगायतका लक्ष्य तथा उद्देश्यीय गाउँपालिकाले लिएको छ ।

## जलाधार संरक्षण

नेपाल जलस्रोतको धनी राष्ट्रका रुपमा संसारमा परिचित छ । तथापि यस्ता जलाधार क्षेत्रहरूको ठोस योजना नहुँदा यसको पूर्ण सदुपयोग नभई जलस्रोत खेर गइरहेको अवस्था छ । समृद्धिका आधारहरू मध्ये जलस्रोत पनि एक हो । यस गाउँपालिकाका महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्बर्द्धन गरी पारिस्थितिक सन्तुलन कायम राख्न र गाउँपालिकालाई आर्थिक समृद्धितर्फ लैजान जरुरी छ। धुवा खोला, बादले खोला, मुलपानी खोला, चैतेखोला, सिस्नेतरी रती खोला, कोबङ खोला लगायतका जलश्रोतको सदुपयोग गर्न, संरक्षण

तथा सम्बर्द्धन गर्न जरुरी रहेको छ । वातावरण तथा हरियाली प्रवर्द्धन गरी वातावरणको सन्तुलन कायम राखी जलाधार संरक्षण गर्नका लागि गाउँपालिकाले सडकपेटी, नदी किनार तथा सार्वजनिक जग्गाहरुमा बृक्षारोपण गर्ने कार्य सञ्चालन तथा बच्चाको जन्म भए सँगै नयाँ विरुवा रोप्ने अभियान संचालन गर्नुपर्दछ ।

**गाउँपालिकाका प्रयासहरू**

गाउँपालिकाले वातावरण संरक्षणका लागि वातावरण तथा प्राकृतिक स्रोत संरक्षण, जैविक विविधता, फोहोरमैला व्यवस्थापन, खानेपानी तथा स्वच्छता, जलवायु उत्थानशील, विपद् व्यवस्थापन, वातावरणीय अध्ययनका विषयमा आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिरहेको छ । यस विषयमा अझै प्रयासहरूलाई घनीभूत बनाउन आवश्यक छ ।

## ७.६ अग्नि नियन्त्रण

आगलागी कुनैपनि स्थान र समयमा हुन सक्छ । प्राकृतिक तथा अन्य मानव सिर्जित जुनसुकै कारणबाट आगलागी हुन सक्छ। नेपालमा वर्षेनी डढेलोले वनजंगल सखाप पारेको, वन्यजन्तु, किराकाटी, सूक्ष्म जीवहरू, पन्छी, घस्रने जीवजन्तु, मानिस, घर, बस्ती आदि सखाप पारेको समाचार आइरहन्छ। खासगरी गर्मी मौसममा यस खालका घटनाहरू बढेका हुन्छन्। गाउँपालिका समेत चारैतिर वनक्षेत्रले घेरेको र आगलागीका घट्नाहरू बारम्बार भइरहेका हुन्छन् । गाउँपालिकाले विपद् व्यवस्थापनको योजना र क्रियाकलापहरूमा अग्नि नियन्त्रणलाई समेत महत्वका साथ समेट्नु पर्दछ। गाउँपालिका आफैले वा अन्य स्थानीय तहसँग साझेदारीमा दमकल व्यवस्थापन गर्नु आवश्यक छ । आगलागीबाट ठूलो जनधनको क्षति हुन सक्ने भएकाले समयमै रोकथामका उपायबारे जानी राख्नुपर्दछ । आगलागी नियन्त्रणका लागि निम्न उपाय वा प्रविधि प्रयोग गर्न सकिने हुन्छ :-

**वाटर हाइडेन्ट**

खानेपानीको जुनसुकै मुख्य पाइप लाइनमा यसलाई जडान गर्न सकिन्छ। मानव बस्ती बाक्लो भएको स्थानमा ५० मिटरको दूरीमा र आवश्यकता हेरी यसको जडान गर्न सकिन्छ । आगलागी भएको अवस्थामा वाटर हाइडेन्टबाट पानी निकाली स्थानीयस्तरबाट पनि अग्नि नियन्त्रण गर्न सकिन्छ ।

**फायर एक्स्टिङ्गिवयर**

आगलागीको सुरुवातमै यसको प्रयोग तत्काल गरी आगलागी नियन्त्रण गर्न सकिन्छ । यसमा प्रयोग हुने पाउडरलाई २-१० केजीसम्मको विभिन्न आकारमा राता सिलिन्डरमा भरेर तयार गरिन्छ । यसका लागि एबीसी पाउडर भएको सिलिन्डर प्रयोग गरिन्छ । यसलाई ग्यास उद्योग, पेट्रोल पम्प, एअरपोर्ट बैंक तथा वित्तीय कारोबार हुने क्षेत्र, ठूला भवन, कारखाना, सिनेमा हल, होटल रेस्टुरेन्ट, अस्पताल, कार्यालय भवन आदिमा तयारी अवस्थामा राखिन्छ ।

**फायर सुट**

अग्नि नियन्त्रकले आगोबाट शरीर बचाउन यसलाई पोसाकका रुपमा प्रयोगमा ल्याउँछन् । यस्तो पोसाक स्थानीयस्तरमा समेत उपलब्ध गराउन सके स्थानीय बासिन्दाले सुरक्षित भई अग्नि नियन्त्रण गर्न सक्छन् ।

**वनक्षेत्रमा आगलागी**

कतिपयले नयाँ घाँस पलाउने गलत विचारले वनक्षेत्रमा जानीजानी आगो लगाउँछन् । कहिलेकाहीँ लापरबाहीबाट वनक्षेत्रमा आगलागी समेत हुन्छ । यसका लागि वन उपभोक्ता समिति, सरोकारवाला सबै सचेत हुन र दोषीलाई कानूनी कारबाहीमा ल्याउनु पर्दछ ।

**पानीका स्रोतको संरक्षण**

स्थानीयस्तरमा उपलब्ध कुलो, नहर, नदी, खोला आदिको समय समयमा सरसफाई र मर्मतसम्भार गरी आगलागी नियन्त्रणमा प्रयोग गर्न सकिन्छ ।

**अग्लो भवन निर्माणमा कडाई**

अग्ला भवन निर्माण गर्दा सो क्षेत्रमा आगलागी, भूकम्प लगायत प्रकोपको बढी जोखिम हुन्छ । त्यसैले धेरै अग्ला भवन निर्माण गर्नमा कडाई गर्नुपर्दछ ।

**आवश्यक सामग्रीको व्यवस्थापन**

आगलागी नियन्त्रणका लागि चाहिने पिक, साबेल, कोदालो, बाल्टिन, सिँढी, डोरी, हेल्मेट, पानी तान्ने मोटर, पाइप, ड्रम लगायतका आधुनिक उपकरण सजिलै भेट्न सकिने गरी राख्नु पर्दछ ।

# खण्ड - ८: सुशासन तथा संस्थागत विकास

## ८.१ चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा भएको प्रगति

### क) आ.व. २०७९/८० को प्रगति विवरण

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन रू. | खर्च रकम रू. | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|
| **सुशासन तथा अन्तर सम्बन्धित** | | ३,४९,९४,०००.०० | ३,०१,४६,१४८.०० | ८६.१५ | ४८,४७,८५२.०० |
| १. | मानव संशाधन विकास | ७,००,०००.०० | ६,७०,२२०.०० | ९५.७५ | २९,७८०.०० |
| २. | कानून तथा न्याय | ५,००,०००.०० | २,८०,०००.०० | ५६ | २,२००००.०० |
| ३. | शासन प्रणाली | ५,००,०००.०० | ५,००,०००.०० | १०० | ०.०० |
| ४. | श्रम तथा रोजगारी | ३,०५,८८,०००.०० | २,६६,७१,६६८.०० | ८७.२ | ३९,१६,३३२.०० |
| ५. | योजना तर्जुमा र कार्यान्वयन | ०.०० | ०.०० | ० | ०.०० |
| ६. | वित्तीय सुशासन | ४,०६,०००.०० | १,०८,०००.०० | २६.६ | २,९८,०००.०० |

***स्रोत:*** *आर्थिक प्रशासन शाखा, २०८१*




गाउँपालिकाले सेवा प्रवाह लाई चुस्त र दुरुस्त पार्नका लागि आवश्यक दस्तावेजहरु जस्तै: आवधिक योजना, मध्यमकालिन खर्च संरचना, कर्मचारी संगठन तथा व्यवस्थापन सर्वेक्षण, प्रथम पञ्चवर्षीय योजना, स्वास्थ्य तथा सरसफाई नीति २०७६, दार्मा गाउँपालिका जस्ता दस्तावेजहरु तयार गर्नुका साथै स्थानीय कानूनको रुपमा ५२ वटा कार्यविधि, १७ वटा ऐन, ५ वटा निर्देशिका, ४ वटा मापदण्ड, २ वटा नीति, २ वटा विधेयक, १ वटा नियमावली, १ वटा कार्ययोजना र १ वटा आचारसंहिता तयार गरी जारी गरेको छ ।

गत आ.व. को अन्त्यसम्ममा पालिकाको न्यायिक समितिमा जम्मा ३२ वटा उजुरीहरू परेकामा निर्णय तथा मेलमिलाप गरी जम्मा २७ मुद्दाहरू फछ्र्यौट भएका छन्, ५ ओटा मुद्दा न्यायिक समितिमा विचाराधीन रहेका छन् ।

गाउँपालिकामा न्यायीक समितिका कामलाई थप व्यवस्थित र प्रभावकारी बनाई न्यायमा सबैको सरल र सहज पहुँचको लागि आवश्यक प्रबन्ध गर्नुका साथै न्यायको पहुँचमा आउन नसक्ने गरिब, विपन्न तथा असहाय वर्गका मानिसलाई न्यायको पहुँचमा ल्याउन आवश्यक आर्थिक तथा सशक्तिकरणका कार्यक्रम संचालन गरिएको छ। कर्मचारीलाई आफ्नो जिम्मेवारीप्रतिप पूर्ण उत्तरदायी बनाउँदै तटस्थ, निश्पक्ष र प्रतिवद्ध भई कार्यसम्पादन गर्न क्षमता विकासका विभिन्न कार्यक्रमहरु संचालन गरिएको छ । आन्तरिक नियन्त्रण प्रणालीको पूर्ण कार्यान्वयन गरी प्रशासनिक खर्च घटाउँदै लगिएको छ । गाउँपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्युटर सफ्टवेयर प्रणालीहरू स्थापना गरी गाउँपालिका र वडामा समेत प्रयोगमा ल्याइएको छ । गाउँपालिका कार्यालयमा तथा सम्पूर्ण वडा कार्यालयहरूमा सूचना तथा सञ्चार सहितका न्युनतम सेवा सुविधाहरू उपलब्ध छन् भने सेवा प्रवाहको क्षेत्रमा सेवा प्रवाहमा प्रयोगमा आधुनिक सफ्टवेयरहरू घटना दर्ता, विद्युतीय हाजिरी, सामाजिक सञ्जाल, वेवसाइट, फ्रि वाइफाइ, सूचना पाटी समेत उपयोग गर्ने गरिएको छ । सङ्गठनात्मक तथा क्षमता विकासका कार्यहरूमा पनि गाउँपालिकाले अन्तर सरकारी समन्वय र अन्य विभिन्न संघसंस्थाहरूसँग सहकार्य गरी तदनुरुपका कार्यहरू गरिरहेको छ ।

**ख) आ.व. २०८०/८१ को चैत मसान्तसम्म**

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन रू. | खर्च रकम रू. | खर्च प्रतिशत | मौज्दात |
|---|---|---|---|---|---|
| **सुशासन तथा अन्तरसम्बन्धित** | | ६९,५९,०००.०० | ३०,६४,२५७.०० | ४४.०३ | ३८,९४,७४३.०० |
| १. | मानव संशाधन विकास | ६,४०,०००.०० | १,५७,८६०.०० | २४.६७ | ४,८२,१४०.०० |
| २. | कानून तथा न्याय | ३,००,०००.०० | २,९५,०००.०० | ९८.३३ | ५,०००.०० |
| ३. | शासन प्रणाली | १८,००,०००.०० | ०.०० | ० | १८,००,०००.०० |
| ४. | तथ्याङ्क प्रणाली | ६,००,०००.०० | ४,२५,७९२.०० | ७०.९७ | १,७४,२०८.०० |
| ५. | श्रम तथा रोजगारी | ३,६९,०००.०० | ०.०० | ० | ३,६९,०००.०० |
| ६. | योजना तर्जुमा र कार्यान्वयन | ७,५०,०००.०० | ०.०० | ० | ७,५०,०००.०० |

***स्रोत :*** *आर्थिक प्रशासन शाखा, २०८१*




## ८.२ चालु आर्थिक वर्षको चैत मसान्तसम्म र गत आर्थिक वर्षमा कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा भएको प्रगति

### क) आ.व. २०७९/८० को प्रगति विवरण

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन रू. | खर्च रकम रू. | खर्च प्रतिशत | मौज्दात |
|---|---|---|---|---|---|
| **कार्यालय सञ्चालन तथा प्रशासनिक** | | १0,३५,६८,९९४.00 | ९,६९,0२,४१२.८८ | ९३.५६ | ६६,६६,५८१.१२ |
| १. | कार्यालय सञ्चालन तथा प्रशासनिक | १0,३५,६८,९९४.00 | ९,६९,0२,४१२.८८ | ९३.५६ | ६६,६६,५८१.१२ |

***स्रोत :*** *आर्थिक प्रशासन शाखा, २०८१*

### ख) आ.व. २०८०/८१ को चैत मसान्तसम्म

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन रू. | खर्च रकम रू. | खर्च प्रतिशत | मौज्दात |
|---|---|---|---|---|---|
| | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | ८,२३,२0,५२७.00 | ४,५६,0५,७९६.२१ | ५५.४ | ३,६७,१४,७३0.७९ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,२३,२0,५२७.00 | ४,५६,0५,७९६.२१ | ५५.४ | ३,६७,१४,७३0.७९ |

***स्रोत :*** *आर्थिक प्रशासन शाखा, २०८१*




## ८.३ वडा कार्यालय

यस गाउँपालिकामा जम्मा ६ वटा वडा रहेका छन् । यस गाउँपालिकाका प्रशासनिक भवन निर्माणको काम अन्तिम चरणमा रहेका छन् भने ३ वटा वडा कार्याल्यको आफ्नै भवनबाट र अन्य ३ वटा वडा कार्यालयले भाडामा कार्यालय सञ्चालन गरी सेवा प्रवाह गरिरहेका छन् । स्वीकृत संगठन संरचना अनुसार गाउँपालिकामा १२ वटा विभिन्न शाखाहरु रहेका छन् जसमा ४० जना स्थायी, ६२ जना करार कर्मचारी तथा २१ जना स्वयंसेवक कर्मचारी गरी जम्मा १२४ जना कर्मचारीहरु छन् । गाउँपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्यूटर सफ्ट्वेयर प्रणालीहरु स्थापना गरी गाउँपालिका र वडामा समेत प्रयोगमा ल्याइएको छ । गाउँपालिका कार्यालयमा तथा सम्पूर्ण वडा कार्यालयहरुमा सूचना तथा सञ्चार सहितका न्यूनतम सेवा सुविधाहरु उपलब्ध छन् भने सेवा प्रवाहको क्षेत्रमा आधुनिक सफ्ट्वेयरहरु घटना दर्ता, विद्युतीय हाजिरी, सामाजिक सञ्जाल, वेवसाइट, फ्रि वाइफाइ, सुचना पाटी समेत उपयोग गर्ने गरिएको छ ।

## ८.४ गाउँपालिकाका पदाधिकारी र कर्मचारीको विवरण

### क) गाउँसभा तथा गाउँ कार्यपालिकाका पदाधिकारीको विवरण :

स्थानीय तहको दोस्रो निर्वाचन, २०७९ बाट निर्वाचित यस गाउँपालिकाका गाउँसभा तथा गाउँ कार्यपालिकाका पदाधिकारीको विवरण देहाय बमोजिम रहेको छ :-

| जनप्रतिनिधिको नाम | पद | सर्म्पक नम्बर | कैफियत |
|---|---|---|---|
| निम बहादुर के.सी. | अध्यक्ष | ९८५७८२२५९९, ९८४१७४६०४९ | दार्मा गाउँपालिका |
| जुना मल्ल चन्द | उपाध्यक्ष | ९८४७९८४१०९ | दार्मा गाउँपालिका |
| टंक बहादुर ओली | वडा अध्यक्ष | ९८०९५२०८९१ | वडा नं. १ |
| रत्न बहादुर विष्ट | वडा सदस्य | ९८१०८०४९४१ | वडा नं. १ |
| संकरे बुढा | वडा सदस्य | | वडा नं. १ |

| जनप्रतिनिधिको नाम | पद | सर्म्पक नम्बर | कैफियत |
|---|---|---|---|
| हिरा ओली | वडा सदस्य | | वडा नं. १ |
| रमा सुनार | वडा सदस्य | | वडा नं. १ |
| सार्की खत्री | वडा अध्यक्ष | ९८६२८५३९० | वडा नं. २ |
| तेजे कामी | वडा सदस्य | | वडा नं. २ |
| लाल बहादुर सुनार | कार्यपालिका सदस्य | | वडा नं. २ |
| कलीभान वली | वडा सदस्य | | वडा नं. २ |
| भद्रे कामी | वडा सदस्य | | वडा नं. २ |
| पुस्पाञ्जली मगर | कार्यपालिका सदस्य | | वडा नं. २ |
| पोखर बहादुर खत्री | वडा अध्यक्ष | ९७४९२६६९५४ | वडा नं. ३ |
| उषा शर्मा के.सी. | वडा सदस्य | ९८१०८३१०५९ | वडा नं. ३ |
| सुनिता कामी | वडा सदस्य | ९८२५६१००८२ | वडा नं. ३ |
| देव बहादुर रोकाय | वडा सदस्य | ९८१०८१०९९५ | वडा नं. ३ |
| नेत्र रोकाहा | वडा सदस्य | ९८२९५१७७२९ | वडा नं. ३ |
| चन्द्र बहादुर रावत | वडा अध्यक्ष | ९८२२४९९६७६ | वडा नं. ४ |
| कुश्मा चन्द | वडा सदस्य | ९८४४९८०७६८ | वडा नं. ४ |
| रेवती कुमारी कामी | कार्यपालिका सदस्य | ९८०९७६७५७७ | वडा नं. ४ |
| लोक बहादुर कामी | वडा सदस्य | ९८६६६०८४१३ | वडा नं. ४ |
| सुदिप के.सी. | वडा अध्यक्ष | ९८२२८३७१६९ | वडा नं. ५ |
| निम बहादुर खड्का | वडा सदस्य | ९८६६६०७४४६ | वडा नं. ५ |
| विमला कामी | वडा सदस्य | | वडा नं. ५ |
| जय बहादुर खड्का | वडा सदस्य | ९८१०९२२६०३ | वडा नं. ५ |
| देवी खत्री | वडा अध्यक्ष | ९८६८६०६१४८ | वडा नं. ६ |
| इन्द्र बहादुर थापा कामी | वडा सदस्य | ९८१०८०८०१० | वडा नं. ६ |
| रुपा चन्द मल्ल | कार्यपालिका सदस्य | ९८६४३३६७१८ | वडा नं. ६ |
| शसिला बि.क. | वडा सदस्य | ९८०९७०१३०६ | वडा नं. ६ |
| तुल बहादुर बस्नेत | वडा सदस्य | ९८२९८७५५२४ | वडा नं. ६ |

## ख) कर्मचारी विवरण

गाउँपालिकामा आ.व. २०८०/८१ को चैत मसान्तसम्म रहेका कर्मचारीको विवरण देहाय बमोजिम रहेको छ :

**कर्मचारीको विवरण**

| कर्मचारीको नाम | पद | शाखा | कैफियत |
|---|---|---|---|
| रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत | | reshamoli90@gmail.com |
| अमृत खड्का | अधिकृत छैटौ (कृषि) | कृषि विकास शाखा | khadkaamrit635@gmail.com |
| प्रेम बहादुर वली | सूचना प्रविधि अधिकृत | सूचना प्रविधि शाखा | oliprem62919@gmail.com |
| यज्ञ बहादुर बस्नेत | अधिकृतस्तर छैठौ | स्वा.शाखा | yb2015basnet@gmail.com |
| दिपक चन्द | अधिकृतस्तर छैठौ | | |
| राज कुमार ओली | रोजगार संयोजक | रोजगार सेवा केन्द्र | olirajkumar8@gmail.com |
| रोम प्रसाद पाण्डेय | शिक्षा अधिकृत | शिक्षा युवा तथा खेलकुद शाखा | rppghorahi@gmail.com |
| आरजु चन्द | इन्जिनियर | योजना शाखा | arjunthakuri123@gmail.com |
| दिपक कवर | सहायकस्तर पाँचौ | आर्थिक प्रशासन शाखा | darma6salyan@gmail.com |
| माधव के.सी. | सहायकस्तर पाँचौ | आर्थिक प्रशासन शाखा | kmadhab1201@gmail.com |
| भुपेन्द्र पुन मगर | सव इन्जिनियर | प्राबिधिक शाखा | pmvupen@gmail.com |
| सुनिल बि.सी. | सहायकस्तर पाँचौ | प्रशासन शाखा | sunilbc9001@gmail.com |
| नेत्रलाल घर्ति | सहायकस्तर पाँचौ | कृषि विकास शाखा | |
| तिलक के.सी. | सहायकस्तर पाँचौ | शिक्षा युवा तथा खेलकुद शाखा | |
| आकाश चन्द | हेल्थ असिस्टेन्ट | स्वास्थ्य शाखा | akashchandprince@gmail.com |
| टेक बहादुर के.सी. | सहायकस्तर पाँचौ | योजना शाखा | devkotatek11@gmail.com |
| लिला शर्मा | सि.अ.न.सी. | | |
| महेश सुनार | रोजगार सहायक | रोजगार सेवा केन्द्र | snmaheshor2885@gmail.com |
| लोकेन्द्र प्रकाश पुन | प्राविधिक सहायक | रोजगार सेवा केन्द्र | lokendrapun3434@gmail.com |
| विर्ख बहादुर खड्का | सहायकस्तर चौंथो | ४ नम्बर वडा | |
| केशव के.सी. | सहायकस्तर चौंथो | ५ नम्बर वडा | |
| घमण्ड ओलि | सहायकस्तर चौंथौ | १ नम्बर वडा | |
| सुनिता चन्द | अ.न.मी. | भल्चौर स्वास्थ्य चौकी वडा नं. ४ | sunita.789c@gmail.com |
| मोहन बुढाथोकी | सहायकस्तर चौंथो | ६ नम्बर वडा | |
| सुसिला चन्द | सहायकस्तर चौंथो | ३ नम्बर वडा सचिव | shilachanda72@gmail.com |
| प्रकाश खड्का | सव ओभरसियर | प्राबिधिक शाखा | khadkaprakash1010@gmail.com |
| गोपाल बहादुर खड्का | खा.पा.स.टे. | भौतिक पूर्वाधार | gbkhadka734@gmail.com |
| कर्ण बहादुर बुढाथोकी | भेटेनरी ना.प्रा.स | पशु सेवा शाखा | budhathokikarna30@gmail.com |

| कर्मचारीको नाम | पद | शाखा | कैफियत |
|---|---|---|---|
| दुर्गा बोहरा | भेटेनरी ना.प्रा.स | पशु सेवा शाखा | |
| ठगेन्द्र नेपाली | सहायकस्तर चौंथो | | |
| जिता ओली | सहायकस्तर चौंथो | | |
| यज्ञ बहादुर खड्का | अ.हे.व. | स्वा. शाखा | khadkayagya981@gmail.com |
| बल बहादुर बस्नेत | खा.पा.स.टे | प्राविधिक शाखा | balbasnet105@gmail.com |
| प्रमिला कुमारी ओली | सहायकस्तर चौंथो | | |
| डिल्ली बहादुर वली | भेटेनरी ना.प्रा.स | | |
| यमुना खड्का | सहायकस्तर चौंथो | महिला तथा बालबालिका स.म.वि.नि. | khadkayamuna4@gmail.com |
| यज्ञ बहादुर बुढाथोकी | सिनियर अ हे व | स्वास्थ्य सेवा केन्द्र, भल्चौर | |
| हेमराज घर्ति | कृषि ना.प्रा.स. | | |
| पुष्पा के.सी. | वास सहजकर्ता | खानेपानी सरसफाई तथा स्वच्छता इकाई | |
| लिला बिश्वकर्मा | अ.हे.व. | स्वास्थ्य सेवा केन्द्र, भल्चौर | |
| प्रेमा देवकोटा | सहायकस्तर चौंथो | | |
| केशवराज के.सी. | अ.हे.व. | स्वास्थ्य सेवा केन्द्र, भल्चौर | |
| तारा के.सी. | सामाजिक परिचालक | दर्ता चलानी | taradarma1@gmail.com |
| लोकेन्द्र रावत | ल्याब असिस्टेन्ट | स्वास्थ्य सेवा केन्द्र, भल्चौर | |
| जय प्रकाश वि.क | कार्यालय सहयोगी | | tjaya594@gmail.com |
| सुर्य बहादुर बुढाथोकी | कार्यालय सहयोगी | | |
| अमर चन्द | कार्यालय सहयोगी | स्वास्थ्य सेवा केन्द्र, भल्चौर | |
| कमला शाह | कार्यालय सहयोगी | स्वास्थ्य सेवा केन्द्र, भल्चौर | |
| हेमन्त बहादुर थापा | कार्यालय सहयोगी | | |
| माया शाहि | कार्यालय सहयोगी | | |
| सिता वली | कार्यालय सहयोगी | | |
| प्रकाश खत्री | कार्यालय सहयोगी | | |
| लोकेन्द्र विश्वकर्मा | कार्यालय सहयोगी | | |

| कर्मचारीको नाम | पद | शाखा | कैफियत |
|---|---|---|---|
| श्री यज्ञ बहादुर नेपाली | कार्यालय सहयोगी | ९८१२८५६९८२ | वडा नं. २ |
| बसन्त दाहाल | कार्यालय सहयोगी | ९८२३२७३१०४ | वडा नं. ३ |
| श्री राजेश बोहरा | अ.स.ई. स्वयंसेवक | ९८२२८०३२२९ | वडा नं. ३ |
| श्री हेमन्त चन्द | कार्यालय सहयोगी | ९८२९५४९१०० | वडा नं. ४ |
| भगवती मल्ल सिंह | कार्यालय सहयोगी | ९८२२९६०८०४ | वडा नं. ५ |
| प्रेम प्रकाश के.सी. | कार्यालय सहयोगी | ९८०९५७९४८७ | वडा नं. ६ |
| श्री लोक बहादुर के.सी. | अ.स.ई. स्वयंसेवक | ९८१३४७५३०५ | वडा नं. ६ |

*दार्मा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, २०८१*

## ८.५ गाउँपालिकाको संस्थागत स्वमूल्याङ्कन

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ मा तोकिएका १० वटा क्षेत्रका १०० वटा सूचकहरूको आधारमा यस गाउँपालिकाको स्वमूल्याङ्कनको अवस्था देहाय बमोजिम रहेको छ :

**क) आ.व. २०७९/८० को नतीजा :**

| क्र.सं. | विषय क्षेत्र | विभिन्न मूल्याङ्कन तहका आधारमा पूर्णाङ्क/प्राप्ताङ्क | | | | | | कुल पूर्णाङ्क | कुल प्राप्ताङ्क | प्राप्ताङ्क प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | समग्र स्थिति | | प्रक्रियागत स्थिति | | परिमाणात्मक स्थिति | | | | |
| | | पूर्णाङ्क | प्राप्ताङ्क | पूर्णाङ्क | प्राप्ताङ्क | पूर्णाङ्क | प्राप्ताङ्क | | | |
| १ | शासकीय प्रबन्ध | ३ | ३ | ४ | ४ | २ | २ | ९ | ९ | १०० |
| २ | संगठन तथा प्रशासन | २ | २ | ३ | ३ | ३ | ३ | ८ | ८ | १०० |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | २ | २ | ४ | ३ | ५ | ४.५ | ११ | ९.५ | ८६ |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | २ | १.८ | ४ | २.५ | ५ | ३.५ | ११ | ७.८ | ७० |
| ५ | सार्वजनिक सेवा प्रवाह | ३ | ३ | ४ | ४ | ९ | ९ | १६ | १६ | १०० |
| ६ | न्यायिक कार्य सम्पादन | १ | १ | ३ | ३ | ३ | ३ | ७ | ७ | १०० |
| ७ | भौतिक पूर्वाधार | ३ | १.५ | ४ | ३ | ६ | ५.५ | १३ | १० | ७७ |
| ८ | सामाजिक समावेशीकरण | २ | २ | ४ | ३.५ | ४ | ४ | १० | ९.५ | ९५ |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | १ | १ | ३ | १.५ | ५ | ४ | ९ | ६.५ | ७२ |
| १० | सहकार्य र समन्वय | २ | १ | १ | ० | ३ | २ | ६ | ३ | ५० |

*स्रोत : lisa.mofaga.gov.np*

**ख) आर्थिक वर्ष २०७८/७९ को नतीजा**

| क्र.सं. | विषय क्षेत्र | कुल पूर्णाङ्क | कुल प्राप्ताङ्क | प्राप्ताङ्क प्रतिशत |
|---|---|---|---|---|
| १. | शासकीय प्रबन्ध | ९ | ८.५ | ९४.४४ |
| २. | संगठन तथा प्रशासन | ८ | ८ | १००.०० |
| ३. | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | १०.५ | ९५.४५ |
| ४. | वित्तीय एवं आर्थिक व्यवस्थापन | ११ | ९.७५ | ८८.६४ |
| ५. | सार्वजनिक सेवा प्रवाह | १६ | १५.५ | ९६.८८ |
| ६. | न्यायिक कार्य सम्पादन | ७ | ७ | १००.०० |
| ७. | भौतिक पूर्वाधार | १३ | ६.५ | ५०.०० |
| ८. | सामाजिक समावेशीकरण | १० | ९.५ | ९५.०० |
| ९. | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ५ | ५५.५६ |
| १०. | सहकार्य र समन्वय | ६ | १.५ | २५.०० |

*स्रोत: lisa.mofaga.gov.np*

**गाउँपालिकाको आर्थिक विकास शाखाको संस्थागत क्षमता**

| क्र.सं. | शाखाको नाम | कर्मचारीको संख्या | कैफियत |
|---|---|---|---|
| १. | कृषि विकास शाखा | ४ | १ जना OVOT/१ जना कृषि स्नातक प्राविधिक करार |
| २. | पशुपन्छी विकास शाखा | ५ | २ जना OVOT करार |

## ८.६ वित्तीय सुशासन

### क. आन्तरिक नियन्त्रण

संगठनको लक्ष्य प्राप्त गर्न कार्य सञ्चालनगत पक्षमा अन्तरनिहीत जोखिमको पहिचान र सोको समुचित सम्बोधन गर्न स्थापित कार्य प्रणालीलाई आन्तरिक नियन्त्रण प्रणाली भनिन्छ। आन्तरिक नियन्त्रण प्रणालीले आन्तरिक र बाह्य दुवै अनिश्चितताको वातावरणमा संगठनको लक्ष्य हासिल गर्न कार्य सञ्चालनगत पक्षलाई निर्देशित गर्दछ। कार्यसम्पादनका क्रममा हुन सक्ने जालसाजी, साधनस्रोतको नोक्सानी, दुरुपयोग र त्रुटिपूर्ण व्यवहार पत्ता लगाउने, संगठनलाई अनुपयुक्त क्रियाकलापबाट बचाउने र नियम कानूनहरूको परिपालना सुनिश्चित गर्ने कुरा आन्तरिक नियन्त्रण प्रणालीका आधारभूत क्रियाकलाप हुन्।

आन्तरिक नियन्त्रण प्रणालीको ढाँचामा संगठनको कार्य प्रकृति अनुसार सम्भावित जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, नियन्त्रणका क्रियाकलाप, सूचना तथा सञ्चार, अनुगमन तथा मूल्याङ्कन गरी मुख्य पाँच तत्वहरू समावेश हुन्छन्। आन्तरिक नियन्त्रण प्रणालीको मूलभूत उद्देश्य भनेको सार्वजनिक हित प्रवर्द्धनका लागि संगठनले लिएको लक्ष्य प्राप्तिमा सहयोग पुगाउनु हो।

### ख. बेरुजु

उपलब्ध स्रोत साधनलाई नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताका आधारमा प्रयोग गर्दै आर्थिक प्रशासनलाई जवाफदेही र पारदर्शीताको माध्यमबाट आर्थिक प्रशासनमा सुशासन कायम गर्न

लेखापरीक्षणको क्रममा देखिएको त्रुटि वा अनियमितता नै बेरुजु हो । सामान्यतया बेरुजु भनेको रुजु हुन नसकेको आर्थिक कारोबारलाई बुझिन्छ । आन्तरिक वा अन्तिम लेखापरीक्षणबाट देखिएको वा ठहरिएको कुनै सरकारी आर्थिक कारोबारको अनियमित रकमलाई बेरुजु भनिन्छ ।

बेरुजुलाई देहाय बमोजिम बगीकरण गर्न सकिन्छ :-

१. असुल गर्नुपर्ने बेरुजु,

२. नियमित गर्नुपर्ने बेरुजु : अनियमित भएको, प्रमाण कागजात पेश नभएको, राजस्व लगत जिम्मेवारी नसारेको, शोधभर्ना नलिएको,

३. पेश्की बाँकी ।

आर्थिक वर्ष २०७८/०७९ सम्म गाउँपालिकाको कुल बेरुजु रकम रू. १३,४८,१४,५२७।- रहेको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख भएको पाइन्छ । यसैगरी आर्थिक वर्ष २०७९/८० को महालेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन अनुसार विगतको बेरुजु रकम रू. १,१७,५२,८८२।- फर्छ्यौट भई रू. १३,१८,४८,२३५।- कायम भएको अवस्था छ । बेरुजु रकमलाई प्रचलित कानून बमोजिम आवश्यक विधि, प्रक्रिया अपनाई फर्छ्यौट गरी न्यूनीकरण गर्न आवश्यक छ । यससम्बन्धमा गाउँसभा, अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका, लेखा समिति, सुशासन समिति, प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुख लगायत सम्बद्ध सबै जिम्मेवार हुनुपर्दछ । संघीय सरकार तथा माथिल्लो निकायहरुबाट हुने मूल्याङ्कनहरु जस्तै LISA र FRA मा उत्कृष्ट प्रदर्शन गर्न सफल भएको परिणामस्वरुप यस गाउँपालिकामा प्रत्येक वर्ष बेरुजुको आकार घट्दै गईरहेको छ ।

**वित्तीय अनुशासन र वित्तीय सुशासनः**

सार्वजनिक वित्तीय व्यवस्थापन आय तथा खर्चलाई अनुशासित, कार्यकुशल र प्रभावकारी बनाउन अवलम्बन गरिने ऐन, कानून, कार्यविधि र प्रणालीको समष्टिगत रुप हो । यो वित्तीय कारोबारलाई जवाफदेही बनाउने विधि हो । यसले राजस्व परिचालन, कोषको विनियोजन, खर्च, लेखाविधि, प्रतिवेदन र लेखापरीक्षणका कार्य समेट्दछ ।

गरिबी, बेरोजगारी, असमानता जस्ता आर्थिक सामाजिक पछौटेपनको अन्त गर्न आर्थिक वृद्धि गर्नुपर्दछ भने सेवा प्रवाह जनमुखी, पारदर्शी र जवाफदेही बनाउनु उत्तिकै जरुरी हुन्छ । वित्तीय नीति तर्जुमा, बजेट निर्माण, स्वीकृति, कार्यान्वयन, लेखांकन र अनुगमन तथा परीक्षण सिलसिलेवार रुपमा चरणबद्ध सञ्चालनमा रहने गर्दछन् । यी चरणको लागत, प्रक्रिया, उत्पादन, नतीजा, गुणस्तर, उत्पादकत्व, प्रभाव, पहुँच र सन्तुष्टि सूचकका आधारमा मापन गरिन्छ ।

नेपालको संविधानमा स्थानीय आर्थिक कार्यविधि र सञ्चालनका सम्बन्धमा उल्लेख भएको पाइन्छ । त्यसैगरी आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७, अन्तर सरकारी वित्तीय हस्तान्तरण ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, स्थानीय सञ्चित कोष सञ्चालन विद्युतीय प्रणाली (SuTRA) लगायतका कानूनले तोकेका प्रक्रिया अपनाई आर्थिक कारोबार गर्नुपदछ । यसका लागि गाउँसभा, अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका, लेखा समिति, सुशासन समिति, प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुख लगायत सम्बद्ध सबै जिम्मेवार हुनुपर्दछ ।

## ८.७ सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, जाँचपास तथा फरफारक

यी विषय सार्वजनिक जवाफदेहिता प्रवर्द्धनका माध्यम हुन् । गाउँपालिकाले यस प्रयोजनका लागि दार्मा गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७८ जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

### क) सामाजिक परीक्षण

दार्मा गाउँपालिकाले वार्षिक रुपमा नीति तथा कार्यक्रम र बजेट मार्फत् योजना तथा कार्यक्रम सञ्चालन गरिरहेको छ । यसरी कार्यान्वयन भएका योजना तथा कार्यक्रमले गाउँवासीको समग्र आर्थिक तथा सामाजिक रुपमा पारेको असर तथा प्रभावका सम्बन्धमा आर्थिक वर्ष २०७९/८० मा आर्थिक वर्ष २०७८/०७९ को र आर्थिक वर्ष २०७९/८० को आर्थिक वर्ष २०८०/०८१ मा सामाजिक परीक्षण भएको छ । प्रतिवेदनहरूले शिक्षा, स्वास्थ्य, आर्थिक सूचकहरूको विश्लेषण गरी सुझावहरू दिएको पाइन्छ । ती सुझावहरूलाई कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

### ख) सार्वजनिक परीक्षण

गाउँपालिकाका हरेक विकास निर्माणका योजना कार्यान्वयन गर्दा निर्माण पक्षले सरोकारवाला सबैको उपस्थितिमा रकम, खर्च र उपलब्धीका बारेमा सु-सूचित गर्दछन् । सार्वजनिक परीक्षण नगरिएका योजनाको भुक्तानी गर्ने गरिएको छैन ।

### ग) सार्वजनिक सुनुवाई

गाउँपालिकाले प्रवाह गरेका सेवा, विकास निर्माण र अन्य विविध गतिविधिका बारेमा सेवाग्राही र सरोकारवाला पक्षसँग खुला रूपमा छलफल तथा सवाल जवाफ दिने गरेको छ । उठेका विषयवस्तुका बारेमा सम्बोधन गरी कार्यान्वयन समेत हुँदै आएको छ । गाउँपालिकाले सार्वजनिक सुनुवाई गर्दा बहिर्गमन अभिमत संकलन गरि विस्तृत भेला आयोजना गरी सार्वजनिक सुनुवाई को आयोजना नगरेता पनि सार्वजननिक सरोकारको विषयहरुलाई उठान गरी कार्यक्रम गर्ने गरेको छ । आ.व. २०८०/०८१ मा आ.व. २०७९/८० को समग्र वर्ष र पहिलो त्रैमासिक र अर्धवार्षिक सार्वजनिक सुनुवाई सम्पन्न भएको छ ।

### घ) जाँचपास तथा फरफारक

कुनैपनि आयोजना निर्माण सम्पन्न भए पश्चात् जाँचपास तथा फरफारक गर्नुपर्दछ । प्राविधिक बिल तथा कागजातहरू, अनुगमन प्रतिवेदन लगायतका आधारमा गाउँपालिका प्रमुखको संयोजकत्वमा रहेको जाँचपास तथा फरफारक समितिले कागजातको निरीक्षण गर्ने, लागत बमोजिमको प्रतिफलको जाँच गर्ने, गुणस्तर मापन गर्ने, हेर्ने र कार्यतालिका बमोजिम भए नभएको हेरी जाँची उक्त समितिले सिफारिस गरेपश्चात् भुक्तानीको प्रक्रिया अगाडि बढाउनु पर्दछ । कैफियत वा सुधार गर्नुपर्ने कुराका सम्बन्धमा समितिले दिएको निर्देशन सम्बद्ध पक्षले पालना गर्नुपर्दछ । जाँचपास तथा फरफारक भएका आयोजनालाई गाउँसभाबाट अनुमोदन गर्नुपर्दछ ।

यस गाउँपालिकामा यस सम्बन्धी कानूनी व्यवस्था भएको नहुँदा कानून बनाई कार्यान्वयन गर्नुपर्दछ । हाल प्राविधिक बिल, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदनका आधारमा भुक्तानी दिने गरेको र गाउँसभाबाट अनुमोदन गर्ने गरेको पाइन्छ ।

## ८.८ न्यायिक समिति

नेपालको संविधानको धारा २१७ मा आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरुपण गर्न उपाध्यक्षको संयोजकत्वमा ३ सदस्यीय न्यायिक समिति रहने व्यवस्था उल्लेख छ । सोही बमोजिम यस गाउँपालिकामा उपाध्यक्ष जुना मल्ला चन्दको संयोजकत्वमा न्यायिक समिति गठन भएको छ। यसैगरी मेलमिलाप प्रयोजनार्थ मेलमिलापकर्ताहरु पनि सूचीकृत रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ मा विवाद निरुपण र दफा ४८ मा मेलमिलापका माध्यमबाट विवाद निरुपण गर्ने अधिकार क्षेत्र तोकिएको छ । यसै बमोजिम यस गाउँपालिकाको न्यायिक समितिले कार्यसम्पादन गरिरहेको छ । सोसम्बन्धी विवरण यस प्रकार रहेको छ :-

**तालिका नं. ३० :** आर्थिक वर्ष : २०७९/०८०

| क्र.सं. | विवादको प्रकार | दर्ता संख्या | सहमति | असहमति | प्रक्रियामा रहेको | सुझाव दिएर पठाएको | जिल्ला अदालतमा पठाएको |
|---|---|---|---|---|---|---|---|
| १. | गाली बेइजती | ८ | ५ | १ | | ३ | |
| २. | पारिश्रमीक ठगी | ७ | ७ | १ | | | |
| ३. | जग्गा सम्बन्धी विवाद | ६ | ५ | १ | | | |
| ४. | खान लगाउन नदिएको | ३ | २ | | | | १ |
| ५. | अशंवण्डा सम्बन्धी | १ | | | | | १ |
| ६. | आर्थिक लेनदेन | ६ | ६ | | | | |
| ७. | पानी घट्टमा क्षती | १ | १ | | | | |
| ८. | कुटपिट | १ | १ | | | | |
| ९. | खानेपानीबाट बञ्चित | ३ | ३ | | | | |
| | **जम्मा** | ३६ | ३० | ३ | | ३ | २ |

**तालिका नं. ३१ :** आर्थिक वर्ष : २०८०/०८१ वैशाख मसान्त

| क्र.सं. | विवादको प्रकार | दर्ता संख्या | सहमति | असहमति | प्रक्रियामा रहेको | सुझाव दिएर पठाएको | जिल्ला अदालतमा पठाएको |
|---|---|---|---|---|---|---|---|
| १. | गाली बेइजती | १ | १ | | | | |
| २. | पारिश्रमीक ठगी | ६ | ६ | | | | |
| ३. | जग्गा सम्बन्धी विवाद | ८ | ६ | २ | | | |
| ४. | खान लगाउन नदिएको | २ | २ | | | | १ |
| ५. | अशंवण्डा सम्बन्धी | | | | | | १ |
| ६. | आर्थिक लेनदेन | ३ | २ | | १ | | |
| ७. | पानी घट्टमा क्षती | १ | | १ | | | |
| ८. | कुटपिट | | | | | | |
| ९. | खानेपानीबाट बञ्चित | १ | १ | | | | |
| | **जम्मा** | २२ | १८ | ३ | १ | | २ |

## ८.९ संस्था दर्ता तथा सूचीकरण

स्थानीय सरकार सञ्चालन ऐन, ०२७४ को दफा ११ को उपदफा ४ मा साझा अधिकारको सर्वमान्यता रहने गरी बुँदा (ठ) मा संघ, संस्था दर्ता तथा नवीकरण सम्बन्धी देहायको व्यवस्था गरेको छ :-

१) संघ, संस्था, परिचालन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

२) स्थानीय स्तरका संघ, संस्थाको दर्ता तथा नवीकरण ।

यसैगरी दफा १६ को उपदफा ४ को खण्ड (ख) उपाध्यक्ष वा उपप्रमुखको काम, कर्तव्य र अधिकारको बुँदा (३) मा गैरसरकारी संघ संस्थाको क्रियाकलापको समन्वय गर्ने व्यवस्था रहेको छ ।

गाउँपालिकाले यसका लागि दार्मा गाउँपालिकाको गैरसरकारी संघ संस्था दर्ता, समन्वय, परिचालन तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७९ लागू गरेको छ ।

## ८.१० स्थानीय ऐन तथा कानूनहरूको विवरण

नेपालको वर्तमान संविधानले स्थानीय सरकारको रुपमा स्थानीय तहलाई स्थापना गरेको छ । यहाँ व्यवस्थापिकाको रुपमा गाउँसभा, कार्यपालिकाको रुपमा गाउँ कार्यपालिका र न्यायिक संरचनाका रुपमा न्यायिक समिति रहेको छ । वार्षिक नीति तथा कार्यक्रम र ऐन गाउँसभाबाट र अन्य नीति, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, योजना, परियोजना, कार्यक्रम आदि कार्यपालिकाले पारित गर्ने गरेको छ । नेपालको संविधानले स्थानीय तहलाई अनुसूची- ८ का २२ वटा एकल अधिकार र अनुसूची- ९ का १५ वटा साझा अधिकारका सम्बन्धमा कानून बनाउने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार र दफा १२ मा वडा समितिको काम, कर्तव्य र अधिकार उल्लेख गरेको छ । यिनै परिधीभित्र रही दार्मा गाउँपालिकाले कानून निर्माण गरिरहेको छ ।

# खण्ड - ९: अनुसूचीहरू

## अनुसूची - १: गाउँपालिकाको आन्तरिक आय र खर्च विवरण

१. आर्थिक वर्ष २०७६/०७७ देखि २०८०/०८१ को चैत मसान्तसम्मको गाउँपालिकाको आन्तरिक आय र खर्चको विवरण :

| क्र.सं. | आर्थिक वर्ष | आन्तरिक आय रू. | आन्तरिक खर्च रू. | कैफियत |
|---|---|---|---|---|
| १. | २०७६/०७७ | ८९१३०८३ | ८९०५००० | |
| २. | २०७७/०७८ | ४३७९१२०४ | ४१९१०९२५ | |
| ३. | २०७८/०७९ | ३४९९२०७१ | ३४८९४७८० | |
| ४. | २०७९/०८० | २६९६९७६५ | २६६६८३१९ | |
| ५. | २०८०/०८१ | ७६८८६६० | ५०८४०४६ | |
| | **जम्मा** | १२२३५४७८३ | ११७४६३०७० | |

*स्रोत: आर्थिक प्रशासन शाखा, २०८१*

## अनुसूची - २: गाउँपालिकाको वित्तीय हस्तान्तरण विवरण

२. आर्थिक वर्ष २०७६/०७७ देखि २०८०/०८१ को चैत मसान्तसम्मको गाउँपालिकाको वित्तीय हस्तान्तरणको विवरण

| वित्तीय हस्तान्तरणको किसिम | आ.व. २०७६/०७७ | | आ.व.२०७७/०७८ | | आ.व. २०७८/०७९ | | आ.व. २०७९/०८० | | आ.व. २०८०/०८१ चैतसम्म | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संघ | प्रदेश | संघ | प्रदेश | संघ | प्रदेश | संघ | प्रदेश | संघ | प्रदेश |
| वित्तीय समानीकरण अनुदान | ८,३१,००,००० | १००९७,००० | ८,७१,००,००० | १,००,१६,००० | ९००००००० | ९२३१००० | ८७६९०००० | ९२३१००० | ६३१५०००० | ४६१५५०० |
| शसर्त अनुदान (चालु) | १३४८९१००० | ३५००४२० | २०८०२५३५० | ९५९५९५५ | २००२०३००० | २७३३००० | १६३६८७५०० | १३४५२६४९ | ११६५६५००० | ४००००० |
| शसर्त अनुदान (पूँजीगत) | ० | ० | ० | ० | २१७०००००० | ९४३०७५० | २११५०००० | ० | १४९२५५०० | ० |
| समपूरक अनुदान (चालु) | १५०९२७७ | ६९९४१७४ | ० | ७५१३७०७ | ० | ० | ० | ५८१४०४८ | ० | ० |
| समपूरक अनुदान (पूँजीगत) | ० | ० | ० | ० | २०६४३६ | ४५१६७३१ | ११६७६३१० | ० | ० | १५४२५०० |
| विशेष अनुदान (चालु) | १९७५४३७७ | ३८७१९६९ | २५४०४०३१ | ३७०९२९५ | ० | ० | ० | ३८८२०६२ | ० | १८००००० |
| विशेष अनुदान (पूँजीगत) | ० | ८९१००० | ० | ० | १०६३८९४४ | ३७६५७१० | १७९५७११३ | ० | ० | ० |
| **जम्मा** | २३९२५४६५४ | ३३७३५६३ | ३२०५२९३८१ | ३०८३४९५७ | ३२२७४८३८० | २९६७७०९१ | ३०२१६०९२३ | ३२३७९७५९ | १९४६४०५०० | १२८९११३४ |

***स्रोत :*** *आर्थिक प्रशासन शाखा, २०८१*

## अनुसूची - ३: व्यक्तिगत घटना दर्ताको विवरण विवरण

### १. व्यक्तिगत घटना दर्ताको अलग अलग विवरण

**तालिका नं. ३२ :** आ. व. २०७७/७८ को विवरण

| विवरण शीर्षक | | वडा नं. | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | १. | २. | ३. | ४. | ५. | ६. | |
| जन्म | पुरूष | ३९ | ३८ | ५ | - | ७५ | ७० | २२७ |
| | महिला | ४२ | २४ | १० | १ | ७९ | ५६ | २१२ |
| | तेश्रो लिङ्ग | | | | | | | |
| | जम्मा | | | | | | | ४३९ |
| मृत्यु | पुरूष | २ | ४ | ३ | - | २ | ५ | १६ |
| | महिला | १ | २ | २ | - | १ | २ | ८ |
| | तेश्रो लिङ्ग | | | | | | | |
| | जम्मा | | | | | | | २४ |
| सम्बन्ध विच्छेद | | - | - | - | - | २ | - | २ |
| विवाह | | १० | १५ | २ | - | ४१ | १८ | ८६ |
| बसाई सरी आएको | दर्ता संख्या | - | २ | - | - | - | १ | ३ |
| | सदस्यको संख्या | | २ | | | | ४ | ६ |
| बसाई सरी जाने | दर्ता संख्या | ४ | १ | १ | - | १३ | ७ | २६ |
| | सदस्यको संख्या | ८ | ४ | २ | - | २९ | २९ | ७२ |
| बेवारिसे | जम्मा | | | | | | | |
| जम्मा | | | | | | | | |

**तालिका नं. ३३ :** आ.व. २०७८/७९ को विवरण

| विवरण शीर्षक | | वडा नं. | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | |
| जन्म | पुरूष | ५३ | १०० | ७८ | ६ | ११६ | ९८ | ४५१ |
| | महिला | ६९ | ८६ | ६६ | ८ | ८६ | ६९ | ३८४ |
| | तेश्रो लिङ्ग | | | | | | | |
| | जम्मा | | | | | | | ८३५ |
| मृत्यु | पुरूष | १६ | १२ | १२ | ६ | १९ | १५ | ८० |
| | महिला | ७ | ७ | ६ | २ | १४ | १२ | ४८ |
| | तेश्रो लिङ्ग | | | | | | | |
| | जम्मा | | | | | | | १२८ |
| सम्बन्ध विच्छेद | | १ | - | - | - | - | - | १ |
| विवाह | | ३८ | ६१ | ४१ | ७ | ६१ | ५७ | २६५ |

| विवरण शिर्षक | | वडा नं. | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | |
| बसाई सरी आएको | दर्ता संख्या | १ | १ | २ | ३ | ५ | | १२ |
| | सदस्यको संख्या | ५ | ८ | ६ | ३ | २१ | | ४३ |
| बसाई सरी जाने | दर्ता संख्या | १८ | २५ | २२ | २३ | ३६ | २२ | १४६ |
| | सदस्यको संख्या | | | | | | | |
| बेवारिसे | जम्मा | | | | | | | |
| जम्मा | | | | | | | | |

**तालिका नं. ३४ :** आ. व. २०७९/०८० को विवरण

| विवरण शिर्षक | | वडा नं. | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | |
| जन्म | पुरूष | ५६ | ७२ | ६१ | ५६ | ९९ | ८२ | ४२६ |
| | महिला | ३८ | ६८ | ४४ | ३९ | ८१ | ५३ | ३२३ |
| | तेश्रो लिङ्ग | | | | | | | |
| | जम्मा | | | | | | | |
| मृत्यु | पुरूष | ७ | १३ | ८ | १२ | १५ | ७ | ६२ |
| | महिला | ४ | ६ | ६ | ६ | १४ | ११ | ४७ |
| | तेश्रो लिङ्ग | | | | | | | |
| | जम्मा | | | | | | | |
| सम्बन्ध विच्छेद | | - | - | २ | १ | १ | १ | ५ |
| विवाह | | २४ | २९ | ३५ | ५५ | ४७ | ५४ | २४४ |
| बसाई सरी आएको | दर्ता संख्या | १ | २ | १ | १ | | | ५ |
| | सदस्यको संख्या | ४ | ५ | ४ | १ | | | १४ |
| बसाई सरी जाने | दर्ता संख्या | ४ | ९ | ६ | ८ | १० | १० | ४७ |
| | सदस्यको संख्या | १५ | ३३ | २३ | ३० | ४५ | ३० | १७६ |
| बेवारिसे | जम्मा | | | | | | | |
| जम्मा | | | | | | | | |

**तालिका नं. ३५ :** आ. व. २०८०/८१ को चैत मसान्तसम्मको विवरण

| विवरण शिर्षक | | वडा न. | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | |
| **जन्म** | **पुरूष** | ४८ | ५५ | ४९ | ७२ | ६७ | ७८ | ३६९ |
| | **महिला** | ३२ | ३९ | ४४ | ४३ | ५४ | ६९ | २८१ |
| | **तेश्रो लिङ्ग** | | | | | | | |
| | **जम्मा** | ८० | ९४ | ९३ | ११५ | १२१ | १४७ | ६५० |
| | **पुरूष** | १२ | १० | १२ | २२ | १० | १२ | ७८ |
| | **महिला** | ८ | ११ | १० | १५ | ११ | ८ | ६३ |

| विवरण शिर्षक | | वडा न. | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | |
| मृत्यु | तेश्रो लिङ्ग | | | | | | | |
| | जम्मा | २० | २१ | २२ | ३७ | २१ | २० | १४१ |
| सम्बन्ध विच्छेद | | २ | – | – | ४ | २ | २ | १० |
| विवाह | | २५ | ४० | ३० | ३७ | ३७ | ४० | २०१ |
| बसाई सरी आएको | दर्ता संख्या | | | १ | | १ | २ | ४ |
| | सदस्यको संख्या | – | – | १ | – | ४ | ७ | |
| बसाई सरी जाने | दर्ता संख्या | ६ | ९ | ४ | ५ | ६ | ६ | ३६ |
| | सदस्यको संख्या | १९ | २५ | १८ | १८ | १३ | १६ | १०९ |
| बेवारिसे | जम्मा | | | | | | | |
| जम्मा | | | | | | | | |

***स्रोत :*** *राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण इकाइ, २०८१ (माथिका सबै घटना दर्ता विवरण)*

## अनुसूची - ४: कर्मचारी तलब सेवा सुविधा खर्च विवरण

**तालिका नं. ३६ :** आर्थिक वर्ष २०७६/०७७ देखि २०८०/०८१ को चैत मसान्तसम्मको कर्मचारीको तलब, भत्ता तथा सुविधा खर्च :

| क्र.सं. | आर्थिक वर्ष | तलब रू. | भत्ता रू. |
|---|---|---|---|
| १. | २०७६/०७७ | ८११७६२१२ | १०७७७७५ |
| २. | २०७७/०७८ | ९२१६११५४ | १३२६५६० |
| ३. | २०७८/०७९ | ९७७८४६५५ | २०३१७५७ |
| ४. | २०७९/०८० | ९२४६६८०७ | ७०२५०० |
| ५. | २०८०/०८१ | ८८४५९९१६ | ३७४७०० |
| | **जम्मा** | | |

***स्रोत :** आर्थिक प्रशासन शाखा, २०८१*

## अनुसूची - ५: जनप्रतिनिधि सेवा सुविधा खर्च विवरण

**तालिका नं. ३७ :** आर्थिक वर्ष २०७६/०७७ देखि २०८०/०८१ को चैत मसान्तसम्मको जनप्रतिनिधिको तलब, भत्ता तथा सुविधा खर्च :

| क्र.सं. | आर्थिक वर्ष | सेवा सुविधा रू. |
|---|---|---|
| १. | २०७६/०७७ | ७४३११०० |
| २. | २०७७/०७८ | ४५९६००० |
| ३. | २०७८/०७९ | ४०३६००० |
| ४. | २०७९/०८० | ३२८३०२३ |
| ५. | २०८०/०८१ | ७४३११०० |
| | **जम्मा** | |

***स्रोत :** आर्थिक प्रशासन शाखा, २०८१*

## अनुसूची - ६: आ.व. २०८०/८१ को चैत मसान्तसम्म गाउँपालिकाले जारी गरेका ऐन तथा कानूनहरू

| क्र.स. | गाउँपालिकाबाट स्वीकृत ऐन, नीति नियम, निर्देशिका तथा मापदण्डहरु |
|---|---|
| १. | दलित सशक्तिकरण ऐन २०८० |
| २. | खानेपानी सरसफाई तथा स्वच्छता ऐन, २०८० |
| ३. | खानेपानी सरसफाई तथा स्वच्छता कार्यविधि, २०८० |
| ४. | दार्मा गाउँपालिकाको मुहान दर्ता कार्यविधि, २०७९ |
| ५. | भुकम्पबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० |
| ६. | गुनासो तथा सुझाव व्यवस्थापन कार्यविधि, २०८० |
| ७. | सेवा करारमा कर्मचारी व्यवस्थापन गर्न बनेको कार्यविधि, २०७९ (प्रथम संशोधन) |

| क्र.स. | गाउँपालिकाबाट स्वीकृत ऐन, नीति नियम, निर्देशिका तथा मापदण्डहरु |
|---|---|
| ८. | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन समेत) |
| ९. | आर्थिक ऐन, २०८० |
| १०. | आमा समूह गठन तथा परिचालन कार्यविधि, २०७९ |
| ११. | व्यवसाय दर्ता सम्बन्धी कार्यविधि, २०७९ |
| १२. | सार्वजनिक सुनुवाई कार्यक्रम संचालन कार्यविधि, २०७९ |
| १३. | खेलकुद विकास कार्यविधि, २०७९ |
| १४. | उपभोक्ता समितिलाई निर्माणपूर्व र निर्माणपश्चात अभिमुखीकरण निर्देशिका, २०७९ |
| १५. | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७९ |
| १६. | अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७६ |
| १७. | स्थानीय पूर्वाधार विकास आयोजना संचालन कार्यविधि, २०७९ |
| १८. | अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७९ |
| १९. | गैर सरकारी संस्था संचालन तथा व्यवस्थापन निर्देशिका, २०७९ |
| २०. | वातावरणीय तथा सामाजिक जोखिम प्रभाव मूल्याङ्कन दिग्दर्शन, २०७९ |
| २१. | दुधमा अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ |
| २२. | भैसीपालन सुत्केरी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७९ |
| २३. | पढ्दै कमाउँदै कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७९ |
| २४. | खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७९ |
| २५. | पशु स्वास्थ्य तथा सेवा मापदण्ड, २०७८ |
| २६. | सामाजिक विभेद निवारण सम्बन्धी कार्ययोजना |
| २७. | सार्वजनिक सेवा प्रवाह मापदण्ड, २०७८ |
| २८. | सामाजिक समावेशिकरण नीति, २०७८ |
| २९. | दार्मा गाउँपालिका कार्य संचालन निर्देशिका, २०७७ (पहिलो संसोधन समेत) |
| ३०. | सार्वजनिक खरिद नियमावली, २०७७ (पहिलो संसोधन समेत) |
| ३१. | स्वयंसेवक प्राविधिक छनोट कार्यविधि, २०७८ |
| ३२. | सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धि कार्यविधि, २०७८ |
| ३३. | सञ्चितकोषको आन्तरिक लेखापरीक्षण कार्यविधि, २०७८ |
| ३४. | वन ऐन, २०७८ |
| ३५. | वडा मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि, २०७८ |
| ३६. | दार्मा गाउँपालिकामा राजश्व परामर्श समितिको कार्यसंचालन कार्यविधि, २०७८ |

| क्र.स. | गाउँपालिकाबाट स्वीकृत ऐन, नीति नियम, निर्देशिका तथा मापदण्डहरु |
|---|---|
| ३७. | दार्मा गाउँपालिकामा टोलविकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ |
| ३८. | दार्मा गाउँपालिकाको योजना प्रक्रियामा युवा सहभागिता कार्यविधि, २०७८ |
| ३९. | खेलकुद विकास ऐन, २०७८ |
| ४०. | कन्टेन्जेन्सी खर्च सम्बन्धी कार्यविधि, २०७८ |
| ४१. | संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९ |
| ४२. | स्थानीय पूर्वाधार मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ |
| ४३. | स्वयंसेवक शिक्षक परिचालन कार्यविधि, २०७७ (पहिलो संसोधन समेत) |
| ४४. | विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७८ |
| ४५. | दार्मा गाउँपालिकाको आर्थिक ऐन, २०७९ |
| ४६. | दार्मा गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन मापदण्ड, २०७७ |
| ४७. | दार्मा गाउँपालिका भवन तथा योजना मापदण्ड, २०७७ |
| ४८. | दार्मा गाउँपालिकाको विद्यालय लेखापरिक्षण कार्यविधि, २०७७ |
| ४९. | मदिरा बिक्री वितरण, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७७ |
| ५०. | दार्मा गाउँपालिका कार्यसञ्चालन कार्यविधि, २०७७ |
| ५१. | उद्यमीसँग उपाध्यक्ष कार्यक्रम कार्यविधि, २०७७ |
| ५२. | गाउँपालिका अध्यक्षबाट प्रदान गरिने आर्थिक सहायता कार्य सञ्चालन कार्यविधि, २०७७ |
| ५३. | स्वयंसेवक शिक्षक परिचालन कार्यविधि, २०७७ |
| ५४. | स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ |
| ५५. | दार्मा गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ |
| ५६. | दार्मा गाउँपालिकाको आर्थिक कार्यविधि नियमित र व्यवस्थित गर्न बनेको ऐन, २०७७ |
| ५७. | स्वयंसेवक शिक्षक कार्यविधि |
| ५८. | स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन |
| ५९. | दार्मा गाउँपालिका प्रहरी ऐन |
| ६०. | दार्मा गाउँपालिका शिक्षा ऐन |
| ६१. | स्वास्थ्य तथा सरसफाई ऐन २०७६, दार्मा गाउँपालिका सल्यान |
| ६२. | विद्यार्थी मूल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७८ |
| ६३. | सूचना प्रविधि अधिकृतको कार्यविवरण पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी संक्षिप्त कार्यविधि २०७७ |
| ६४. | कर्मचारी फिल्ड भत्ता कार्यविधि २०७७ |
| ६५. | सेवा करारमा कर्मचारी व्यवस्थापन गर्न बनेको कार्यविधि, २०७७ |

| क्र.स. | गाउँपालिकाबाट स्वीकृत ऐन, नीति नियम, निर्देशिका तथा मापदण्डहरु |
|---|---|
| ६६. | विद्यालय लेखापरीक्षण कार्यविधि, २०७७ |
| ६७. | अर्थ विधेक |
| ६८. | आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ |
| ६९. | उपभोक्ता समिती कार्यविधि २०७४ |
| ७०. | एफ एम रेडियो संचालन कार्यविधी २०७४ |
| ७१. | स्थानीय शिक्षा कार्यविधि २०७५ |
| ७२. | बैठक भत्ता सम्बन्धी कार्यविधि २०७४ |
| ७३. | बाल संरक्षण नीति |
| ७४. | विपद् व्यवस्थापन कार्यविधि २०७४ |
| ७५. | बजार अनुगमण निर्देशिका २०७४ |
| ७६. | प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि २०७४ |
| ७७. | पशुपंक्षी सेवा प्रशार तथा व्यवसाय सञ्चालन कार्यविधि २०७४ |
| ७८. | न्यायिक समिती विधेयक २०७४ |
| ७९. | दार्मा गाउँपालिकामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरलाई व्यवस्थापन गर्ने कार्यविधि २०७६ |
| ८०. | दार्मा गाउँपालिकामा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७५ |
| ८१. | दार्मा गाउँपालिकाको विनियोजन ऐन २०७५ |
| ८२. | दार्मा गाउँपालिका पदाधिकारीको आचारसंहिता २०७४ |
| ८३. | दार्मा गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली २०७४ |
| ८४. | छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७६ |
| ८५. | घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ |
| ८६. | गाउँ सभा सञ्चालन कार्यविधि, २०७४ |
| ८७. | कृषि ऐन २०७४ |
| ८८. | दार्मा गाउँपालिकाको शिक्षा ऐन |